# पञ्चवर्षीय आवधिक गाउँ शिक्षा योजना

## २०८१/०८२-०८५/०८६

मालिका गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# पञ्चवर्षीय आवधिक गाउँ शिक्षा योजना

## २०८१/०८२-०८५/०८६

**गाउँकार्यपालिकाबाट पारित मिति: २०८२/०३/०१**

## मालिका गाउँपालिका,

## गाउँकार्यपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मी

## लुम्बिनी प्रदेश, नेपाल

## हाम्रो भनाइ

नेपालको संविधानको धारा ३१ मा व्यवस्था गरिएको नागरिकको शिक्षासम्बन्धी मौलिक हकको सुनिश्चितता गर्न संविधानको अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय सरकारको एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको जिम्मेबारी व्यवस्थित र योजनाबद्ध ढंगले बहन गर्न मालिका गाउँपालिकाले पञ्चवर्षीय आवधिक योजना २०८१/०८२-२०८५/०८६ तर्जुमा गरी लागु गरेको छ।

यस गाउँपालिकामा बसोबास गर्ने भावी कर्णधारहरूलाई २१औं सताब्दी सुहाउँदो प्रतिस्पर्धी, वैज्ञानिक, व्यवहारिक तथा रोजगारमूलक शिक्षाको आधार सिर्जना गर्न गाउँपालिकाका शैक्षिक प्रयासहरूलाई नतिजामुखी तथा योजनाबद्ध ढङ्गले अगाडि बढाउने प्रयासहरूलाई मूर्त रूप दिन यो योजना सहायक हुने अपेक्षा गरेको छु।

राष्ट्रिय हिसाबमा, विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८ हाल लागु भएको परिप्रेक्ष्यमा उक्त योजना अनुरूप यस गाउँपालिकामा हुने शैक्षिक योजना तथा कार्यक्रमहरूलाई तादाम्यता मिलाउन यो योजना सहायकसिद्ध हुनेछ। राष्ट्रिय शिक्षा नीति, २०७६, १६औं पञ्चवर्षीय योजना, २०८१/०८२-२०८५/०८६ तथा दिगो विकासका लक्ष्य नं. ४ मा व्यवस्था गरिएको सबै नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने मर्मबाट यस योजना मार्गदर्शित छ।

आ.व. २०५६/५७ देखि १२ जिल्लामा परीक्षणको रूपमा लागु गरिएको र वि.सं. २०५८/५९ देखि देशभर विस्तार गरिएको आवधिक शिक्षा योजना शिक्षा ऐन, २०२८ (सातौं संसोधन, २०५८) तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) मा समेत व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवधिक योजनाको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरे अनुरूप गाउँ शिक्षा योजना र विद्यालयस्तरमा विद्यालय सुधार योजनाको निर्माण तथा सोही योजना अनुरूप शैक्षिक कार्यक्रमहरूको तर्जुमा गरी गाउँपालिकाको स्रोत तथा साधनको उच्चतम प्रयोग गरी गाउँपालिकाको शिक्षालाई अन्य शैक्षिक रूपमा सबल तथा सक्षम देखिएका पालिकाहरूको शैक्षिक स्तरसँग तुलनायोग्य शिक्षा प्रदान गर्नु यस गाउँ शिक्षा योजना तर्जुमा गर्नुको मुख्य ध्येय हो।

यस योजना शिक्षा तथा मानवस्रोत विकास केन्द्रले स्वीकृत गरेको स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९ ले सुझाएको ढाँचा तथा प्रक्रियाहरूलाई पूर्णतः पालना गरी निर्माण गरिएको छ।

नेपालको संविधानले परिकल्पना गरेको समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने संविधानको मर्म तथा धारा ३१ मा रहेको नागरिकको शिक्षा सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्न स्थानीय स्तरमा बन्ने गाउँ शिक्षा योजनाहरू सहायकसिद्ध हुने अपेक्षा गरिएको छ। "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने दिगो विकास उद्देश्य र यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) यस गाउँपालिकाको तहमा हासिल गर्न यो योजना सहायकसिद्ध हुनेछ।

दीर्घकलीन सोंच, २१०० को नारा "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय आकाङ्क्षालाई स्थानीय स्तरमा हासिल गर्न शिक्षा क्षेत्रमा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, नियमावली २०७७, बालबालिकासम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएका व्यवस्था अनुसार शिक्षा क्षेत्रको विकास तथा विस्तार गर्नुपर्ने वर्तमान आवश्यकता भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षा सम्बन्धी २३ ओटा कार्यहरू सम्पादन गर्ने अधिकार स्थानीय तहलाई तोकेको छ।

यस गाउँपालिकाले शिक्षाको समग्र उन्नयनका लागि शिक्षासम्बन्धी राष्ट्रिय स्तरका विभिन्न नीति तथा योजनाहरूका दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरूसँग तादाम्यता हुने गरी गाउँपालिकास्तरीय शिक्षा क्षेत्रको योजना निर्माण गर्न जमर्को गरेको छ। गाउँपालिकाका नागरिकहरूले अपेक्षा गरेको समतामूलक, सान्दर्भिक, गुणस्तरीय शिक्षा प्रदान गर्न यो योजना सहायक हुनेछ। विभिन्न प्राकृतिक विपद् र माहामारीबाट शिक्षा क्षेत्रमा पर्न सक्ने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न सक्षम, उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्न यो योजना साधन र साध्यको रूपमा कार्यन्वयनमा रहने छ।

योजना निर्माणको क्रममा गाउँ शिक्षा योजना निर्माण समिति र मस्यौदा कार्यदलमा रही महत्त्वपूर्ण जिम्मेबारी बहन गरी यस गाउँ शिक्षा योजनालाई पूर्णता प्रदान गर्ने सबैमा हार्दिक कृतज्ञता जाहेर गर्दै यस योजनाको कार्यान्वयन चरणमा पनि उचित योगदान रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु। त्यसैगरी यस आवधिक योजना निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने ब्रिटिस काउन्सिलका प्रशिक्षक तथा समग्र संस्थाप्रति मालिका गाउँपालिकाको तर्फबाट उच्च सम्मान प्रकट गर्दछु।

देवीराम अर्याल
अध्यक्ष

# विषयसूची


| क.सं. | विषयसूची | पेज नं. |
|---|---|---|
| | परिच्छेद १ परिचय | १ |
| १ | शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | १ |
| २ | गाउँ शिक्षा योजना, २०८१/८२-२०८५/०८६ निर्माणका आधार | १ |
| ३ | शिक्षा योजना निर्माण प्रक्रिया | २ |
| ४ | मालिका गाउँपालिकाको परिचय | २ |
| ५ | गाउँपालिकाको शैक्षिक अवस्था | १४ |
| ६ | संस्थागत विद्यालयहरूको शिक्षा विकासमा योगदान | २२ |
| ७ | प्राविधिक धारका विद्यार्थीको सङ्ख्या र प्रवृत्ति | २३ |
| ८ | अनौपचारिक सिकाइ केन्द्र | २३ |
| ९ | गाउँपालिकाभित्र कार्यरत शिक्षकहरूको विवरण | २३ |
| १० | विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरूको अवस्था र प्रवृत्ति विश्लेषण | २३ |
| ११ | मालिका गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका सबल पक्षहरू | २४ |
| १२ | मालिका गाउँपालिकाको शिक्षा क्षेत्रका दुर्वल पक्षहरू | २४ |
| १३ | मालिका गाउँपालिकाका शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू | २५ |
| १४ | मालिका गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका अवसरहरू | २६ |
| १५ | परिच्छेद २ः दीर्घकालीन सोँच, ध्येय, उद्देश्य तथा रणनीतिहरू | |
| १६ | दीर्घकालीन सोच (**Vision**) | २७ |
| १७ | ध्येय (**Mission**) | २७ |
| १८ | उद्देश्यहरू | २७ |
| १९ | रणनीतिहरू | २८ |
| २० | परिच्छेद ३ विद्यालय शिक्षाका उपक्षेत्र | ३३ |
| २१ | प्रारम्भिक बालविकास र शिक्षा | ३३ |
| २२ | आधारभूत शिक्षा | ३६ |
| २३ | माध्यमिक शिक्षा | ३९ |
| २४ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ४५ |
| २५ | प्राविधिक शिक्षा | ४८ |

| | | |
|---|---|---|
| २६ | परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू | ५० |
| २७ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ४९ |
| २८ | शिक्षक व्यवस्थापन र विकास | ५३ |
| २९ | शैक्षिक समता तथा क्षमता विकास | ५७ |
| ३० | दिवा खाजा र पोषण | ६० |
| ३१ | आपतकालीन र सङ्कटकालीन समयमा शिक्षा | ६२ |
| ३२ | विद्यालय भौतिक पूर्वाधार र विकास | ६६ |
| ४३ | सूचना तथा प्रविधि | ७० |
| ३४ | परिच्छेद ५ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ७७ |
| ३५ | परिच्छेद ६  लगानी र स्रोत व्यवस्थापन | ८१ |
| ३६ | परिच्छेद ७ अनुगमन तथा मूल्याङ्कन | ९५ |
| ३७ | परिच्छेद ८ योजनाको लेखाजोखा | ९७ |
| ३८ | अनुसूची | ९९ |

# परिच्छेद १ परिचय

## १ शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरूलाई कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघ, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तन अनुरूप सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि सक्षम नागरिक तयार गर्न विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधानको अनूसुची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन् गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्नको लागि सबै स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ। विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (**School Education Sector Plan**) तयार गरेको छ। प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यही आवश्यकतालाई पूरा गर्न मालिका गाउँपालिकाले यो पञ्ववर्षीयगाउँ शिक्षा योजना निर्माण गरेको छ। संक्षेपमा यस पञ्ववर्षीय योजनाको आवश्यकता तथा औचित्यता देहायका बुँदाहरूमा प्रस्तुत गरिएको छ।

१. संघ, प्रदेश तथा स्थानीय तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्धन स्थापित गर्न,
२. संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता, आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न,
४. शिक्षा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।
५. बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन,
६. गुणस्तर तथा सान्दर्भिकता, सहभागिता, समावेशिता, संस्थागत विकास गर्न,
७. स्थानीय आवश्यकता सहितको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको शिक्षा प्रदान गर्न।

## १.२ गाउँ शिक्षा योजना, २०८१/८२-२०८५/०८६ निर्माणका आधार

यस गाउँ शिक्षा योजना निर्माण गर्दा निम्नलिखित संविधान, ऐन, नियम तथा कार्यविधिहरूको आधार लिईएको छ।
१. नेपालको संविधान
२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,
३. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)
४. शिक्षा नीतिहरू मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोहौं योजना लगायत आवधिक योजना,
५. दिगो विकास लक्ष्य राष्ट्रिय प्रारूप
६. स्थानीय विकास योजना
७. स्थानीय तहको मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट
८. Recovery and Accelerated Learning (ReAL) Plan
९. विद्यालय शिक्षामा समता रणनीति
१०. राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८
११. विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)
१२. अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि ।

स्थानीय शिक्षा योजना निर्माण गर्दा पालिकाले अन्य क्षेत्रमा निर्माण गरेएका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाहरूलाई पनि मध्यनजर गरी यस्ता विभिन्न योजनाहरूबिचको अन्तर्सम्बन्धमा जोड दिइएको छ।

## १.३ शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा विकास तथा मानवस्रोत विकास केन्द्रको यस आ.व.मा देशभरका स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नुपर्ने निर्देशन अनुसार यस गाउँपालिकाको शिक्षा क्षेत्रको सर्वपक्षीय विकासको लागि गाउँ शिक्षा योजनाको निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरी विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८ सँग तादाम्यता हुने गरी ब्रिटिस काउन्सिलको प्राविधिक सहयोगमा यो गाउँ शिक्षा आवधिक योजना निर्माण गरिएको हो। ब्रिटिस काउन्सिलले सामाजिक विकास समिति तथा शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरूलाई गाउँ शिक्षा योजना निर्माण गर्न प्रवोधीकरण गरेको हो। त्यसको अलावा यस गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा नै शिक्षाको रणनैतिक तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा गरी यो आवधिक योजना निर्माण गर्न अग्रसर भएको छ। समग्रमा यस गाउँपालिकाले शिक्षा योजना निर्माण गर्न चालेका प्रक्रियाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

१. गाउँ कार्यपालिकाको निर्णयबाट गाउँ शिक्षा योजना तर्जुमा गर्न गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा गाउँ शिक्षा योजना तर्जुमा मुल समितिको गठन
२. गाउँ शिक्षा योजना मस्यौदा समितिको गठन
३. वडागत रूपमा गाउँ शिक्षा योजनामा समावेस गर्नुपर्ने बजेट तथा कार्यक्रमहरूको राय सूझाव संकलन
४, विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स., पि.टि.ए.का पदाधिकारीहरूसँग छलफल तथा अन्तर्क्रिया
५. मस्यौदा निर्माण कार्यदलबाट मस्यौदा निर्माण
६. मस्यौदामाथि विज्ञ तथा सरोकारवालाहरूको राय सूझावसहितको शैक्षिक सम्मेलन
७. आवश्यक संशोधन
८. योजनाको मूल्याङ्कन
९. योजनाको स्वीकृति र कार्यान्वयन

## १.४ मालिका गाउँपालिकाको परिचय

लुम्बिनी प्रदेश, गुल्मी जिल्लाका १२ ओटा गाउँपालिका अन्तर्गत पर्ने मालिका गाउँपालिका गुल्मी जिल्लाको पश्चिम उत्तर भेगमा अवस्थित ९२.४९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिका हो। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा २००७५ जनसङ्ख्या बसोबास गर्छन्। पूर्व मुसिकोट नगरपालिका र ईस्मा गाउँपालिका, उत्तरतर्फ बाग्लुङ्ग जिल्लाको बडिगाड गाउँपालिका, पश्चिमतर्फ प्युठान जिल्लाको गौमुखी गाउँपालिका र मदाने गाउँपालिका तथा दक्षिणतर्फ धुर्कोट गाउँपालिका रहेको यस गाउँपालिका विकासोन्मुख गाउँपालिका हो। यस गाउँपालिकामा दश थरिका जातजाति, प्रायः हिन्दु धर्म मान्ने, बहुसंस्कृतियुक्त मानिसहरूको बसोबास छ। प्रायः सबै क्षेत्रमा विकासको क्रम अगाडि बढाएको यस गाउँपालिका चुनौतिपूर्ण शैक्षिक विकासको क्रममा रहेको छ।

वर्तमानमा ४८ ओटा सामुदायिक विद्यालय र ५ ओटा संस्थागत विद्यालयबाट गाउँपालिकाका ५८३० विद्यार्थीहरूले शिक्षा हासिल गरिराखेका छन्। यहाँ कुनै पनि उच्च शिक्षा प्रदान गर्ने क्याम्पस छैनन्। गाउँपालिकामा विज्ञान विषयमा कक्षा ११ र १२ अध्ययन गर्ने कुनै सुविधा समेत उपलब्ध छैन। मालिका मा.वि., मालिका-८ मा सञ्चालित कृषि विषय बाहेक अन्य प्राविधिक शिक्षा प्रदायक शिक्षालयहरू स्थापना गरिएका छैनन्।

तथापि उपलब्ध प्राकृतिक, मानवीय तथा अन्य स्रोत र साधनको परिचालन गरी समग्र क्षेत्रको विकास गर्न यस गाउँपालिका प्रतिवद्ध रहेको छ। शिक्षा क्षेत्रको विकासमा उपलब्ध प्राकृतिक, सास्कृतिक तथा मानवीय संशाधन प्रयोग गरी समावेशी, गुणस्तरीय, पहुँचयोग्य, सान्दर्भिक, वैज्ञानिक, रोजगारमूलक शिक्षा प्रदान गर्न गाउँपालिका सदैव अग्रसर रहेको छ। यसबाट उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापन, विवेकपूर्ण परिचालन र सक्षम कार्यशैलीकासाथ प्रणालीगत सुधार गर्ने दृढ सङ्कल्प लिइएको छ। आधारभूत तथा माध्यमिक तहको साधारण धारमा गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिका भरमग्दुर प्रयासरत छ।

### १.४.१ भौगोलिक अवस्थिति

मालिका गाउँपालिका लुम्बिनी प्रदेश, गुल्मी जिल्लाको पश्चिम उत्तरमा अवस्थित करिब ९२.४९ बर्ग कि.मी. क्षेत्रफल भएको पहाडी गाउँपालिका हो। यो समुन्द्री सतहदेखि ९७५ मिटरको उचाइदेखि २६९२ मिटरको उचाइसम्म फैलिएको छ। यसको अक्षांसीय फैलावट २८° ०९' २१" देखि २८°१६'१७" उत्तरी अक्षांससम्म र ८३° ०४' ४०" पूर्वी देशान्तर देखि ८३° १२' ११" पूर्वी देशान्तरसम्म रहेको छ। यसको उत्तर दक्षिण आकासीय चौडाई करीब १२.६ र पूर्व पश्चिम आकासीय लम्बाई १२.२ कि.मी. रहेको छ।

### १.४.२ मालिका गाउँपालिकाको जैविक विविधता

मालिका गाउँपालिका जैविक विविधताले धनी गाउँपालिका हो। समुन्द्री सतहदेखि ९७५ मिटरको उचाइ देखि २६९२ मिटरसम्मको उचाइको फैलावट, घामको सम्मुख तथा विमुख पर्ने पाखाहरूको उपस्थिति, वर्षातको विविधतायुक्त वितरण, खोलानालाको वाक्लो उपस्थिति आदिको कारण वनस्पति, जिव, जन्तु तथा चराचुरूङ्गी लगायत जीव तथा वनस्पतीमा विविधताले भरिएको छ। वनस्पतिमा साल, सिसौदेखि खर्सु, बाँझ, धूपीसल्लो, टोप्रेझार, दुबो देखि बाँस, तिते, घुरे, गजिङ आदि, चराचुरूङ्गीमा फिस्टा, गहुँचरा, छिचिनकोटे, लाहाचे, लामपुछ्रे, गिद्ध, बौडाई, हुचिल, कतारे, बाज, कालिज, जनावरमा खरायो, दुम्सी, मिर्ग, बँदेल, चितुवा, बाघसम्मका जनावरहरू पाईने स्थल मालिका गाउँपालिका हो। विभिन्न प्रकारका सर्प जस्तै पिट भाइपर, हरियो सर्प, अजिङ्गर देखि धमिल सम्म यहाँ पाइन्छन्। विभिन्न प्रकारका जडीबुटीहरूको उपस्थितिले गर्दा मालिका गाउँपालिका प्राकृतिक रूपमा सम्पन्न हुन सक्ने सम्भावनाहरू बोकेको गाउँपालिका हो।

वर्षा याममा घनघोर वर्षात, फागुन देखि जेष्ठसम्म सुख्खा खडेरी पर्ने, तथा जेष्ठ असारतिर चट्याङ तथा मेघ सहितको हुरीयुक्त वर्षात हुने तथा डाँडाकाँडायुक्त भएको हुँदा प्राकृतिक विपदहरूको पनि उत्तिकै जोखिम छ। फागुन /चैततिरको हुरीबतास यहाँ विपद् निम्त्याउन सक्ने प्राकृतिक घटनाहरू हुन।

### १.४.३ मालिका गाउँपालिकाको जनसाङ्ख्यकी अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार मालिका गाउँपालिकाको जनसङ्ख्या २००७५ छ। जसमध्ये ९१८८ पुरूष र १०८७७ महिला छन्। कुल जनसङ्ख्यामध्ये पुरुषको जनसङ्ख्या ४५.८% र महिलाको जनसङ्ख्या ५४.२% रहेको छ। यस गाउँपालिकामा जनसङ्ख्याको घनत्त्व २१७ रहेको छ। महिला पुरूषको अनुपात १०० : ८४.३९ रहेको छ। यहाँको घरधुरी ५२४१ छ। यसरी हेर्दा यहाँ प्रतिघरमा ४/५ जनाको परिवार रहने देखिएको छ।

### १.४.४ मालिका गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण

मालिका गाउँपालिकामा रहेका आठ वडाहरूमध्ये सबैभन्दा घना बस्ती भएको वडाहरू वडा नं. २, ५, ६, ७ र ८ हुन। वडा नं. १, ३ र ४ थोरै जनसङ्ख्या भएका वडाहरू हुन। भौगोलिक हिसाबले धेरै क्षेत्रफल भएको भएतापनि वडा नं. ३ मा पनि जनसङ्ख्या कमी छ। राष्ट्रिय जनगणना,२०७८ अनुसार वडा नं. ८ को जनसङ्ख्या ३४४९ रहेको थियो। वडा नं.७ को जनसङ्ख्या ३३२३ रहेको थियो। त्यसैगरी वडा नं. २ को जनसङ्ख्या ३२९० रहेको थियो। सबैभन्दा कम जनसङ्ख्या हुने वडा नं. १ को जनसङ्ख्या १४११ रहेको थियो।

| वडा नं. | पुरूष | महिला | जम्मा | वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६३९ | ७७२ | १४११ | ५ | १४३७ | १६२६ | ३०६३ |
| २ | १४७५ | १८१५ | ३२९० | ६ | ११२४ | १३४१ | २४६५ |
| ३ | ७८७ | ९६८ | १७५५ | ७ | १५०८ | १८१५ | ३३२३ |
| ४ | ६२९ | ६९० | १३१९ | ८ | १५८९ | १८६० | ३४४९ |

### १.४.५ मालिका गाउँपालिकाको जातिगत जनसङ्ख्या विवरण

यस गाउँपालिकामा १० जातजातिका मानिसहरू बसोबास गर्छन्। सबैभन्दा धेरै जनसङ्ख्या भएको जाति क्षेत्री हो। क्षेत्रीहरूको जनसङ्ख्या ५०७४ रहेको छ। त्यसैगरी दोस्रो ठुलो जनसङ्ख्या भएको जाति विश्वकर्मा हो। विश्वकर्माहरूको जनसङ्ख्या ४७७० रहेको छ। मगर ३९०७ सहित तेस्रो ठुलो जनसङ्ख्या भएको जाति हो। ब्राह्मणहरूको सङ्ख्या पनि यस गाउँपालिकामा उल्लेख्य छ। उनीहरूको जनसङ्ख्या ३३५७ रहेको छ। यस गाउँपालिुकाका अरू ५ ओटा जातिहरू मिजार, परियार, घर्ति/भुजेल र कुमाल हुन। उनीहरूको जनसङ्ख्यां १००० भन्दा मुनि छ। सबैभन्दा थोरै जनसङ्ख्या सुनारहरूको छ। यद्यपि सुनारहरू विश्वकर्मा जातिमै पर्छन्। कुमाल, घर्ती तथा भुजेलहरूको सङ्ख्या क्रमशः २८६ र ३६७ छ। जातीय हिसाबले कुमाल यस गाउँपालिकाका थोरै सङ्ख्यामा रहेको जाति हो। जातिगत सङ्ख्याको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| सि.नं. | जाति | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | २३२९ | २७४५ | ५०७४ | |
| २ | विश्वकर्मा | २१२३ | २६३७ | ४७७० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मगर | १७६२ | २१४५ | ३९०७ | |
| ४ | ब्राह्मण | १५८८ | १७६९ | ३३५७ | |
| ५ | परियार | ४४० | ५३० | ९७० | |
| ६ | दशनामी | ३२१ | ३६० | ६८१ | |
| ७ | मिजार(सार्की) | २३३ | २४८ | ४८१ | |
| ८ | घर्ति भुजेल | १७२ | १९५ | ३६७ | |
| ९ | कुमाल | १२५ | १६१ | २८६ | |
| १० | सुनुवार | ३२ | २९ | ६१ | |

### १.४.६ उमेर समूहगत जनसङ्ख्या विवरण

यस गाउँपालिकाका २००७५ जनसङ्ख्या छ। ९५ वर्ष भन्दा बढी उमेर भएका मानिसहरूको सङ्ख्या जम्मा ११ छ। ८० देखि ९४ वर्षसम्म उमेर भएका मानिसहरूको जनसङ्ख्या ३३१ छ। ७० देखि ८० वर्ष उमेर समूहका मानिसहरू ८९९ छ। त्यसैगरी १६७७ मानिसहरू ६० देखि ७० वर्ष उमेर समूहका छन्। ४० देखि ६० वर्ष उमेरसमूहका मानिसहरू ३८६७ जना छन्। १९ देखि ४० वर्षका मानिसहरू ३९६३ जना छन्। ५ वर्ष देखि १९ वर्षका मानिसहरू जम्मा ६२३९ छन्। ४ वर्ष मुनिका बालबालिकाहरू जम्मा १९३५ छन्।

| उमर समूह | पुरुष | महिला | जम्मा | कैफियत | उमर समूह | पुरूष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| +९५ | ५ | ६ | ११ | | ४९-४५ | ३६५ | ५६८ | ९३३ | |
| ९४-९० | १५ | १६ | ३१ | | ४४-४० | ३९८ | ६१७ | १०१५ | |
| ८९-८५ | ५३ | ३७ | ९० | | ३९-३५ | ४०६ | ६९५ | ११०१ | |
| ८४-८० | १०८ | १०२ | २१० | | ३४-३० | ४८१ | ७०३ | ११८४ | |
| ७९-७५ | १८८ | १८३ | ३७१ | | २९-२५ | ५४३ | ८५२ | १३९५ | |
| ७४-७० | २६६ | ३६२ | ५२८ | | २४-२० | ६०६ | ९३३ | १५३९ | |
| ६९-६५ | ३५१ | ३८३ | ७३४ | | १९-१५ | ९४१ | १०९६ | २०३७ | |
| ६४-६० | ४५९ | ४८४ | ९४३ | | १४-१० | १११७ | १०८१ | २१९८ | |
| ५९-५५ | ४२९ | ४६० | ८८९ | | ९-५ | १०३४ | ९७० | २००४ | |
| ५४-५० | ४३६ | ५५१ | ९८७ | | ४-० | ९८७ | ९४८ | १९३५ | |

### १.४.७ मालिका गाउँपालिकाका अपाङ्गता भएका जनसङ्ख्या विवरण

यस गाउँपालिकामा जम्मा ८१३ जना अपाङ्गता भएका नागरिकहरू छन्। जसमध्ये ४२४ पुरूष र ३८९ महिला रहेका छन्। उक्त जनसङ्ख्या मालिका गाउँपालिकाको जम्मा जनसङ्ख्याको ४.०४% हुन आउँछ।तिमध्ये सबैभन्दा धेरै शारीरिक अपाङ्गता भएका व्यक्तिहरू छन्। न्युन दृष्टि र दृष्टिबिहिन व्यक्तिहरूको सङ्ख्या २०४ छ। दृष्टिबिहिन ब्यक्तिहरूको सङ्ख्या समेत यस गाउँपालिकामा ५० छ। बहुअपाङ्गता भएको व्यक्तिको सङ्ख्या ७८ छ। बहिरोपना तथा सुस्तश्रवण भएका व्यक्तिहरूको सङ्ख्या क्रमशः ५९ र ४९ छ। मनोसामाजिक समस्याभएका र बौद्धिक अपाङ्गता भएको व्यक्तिहरू क्रमशः ४३ र १८ जना छन्। हेमोफिलिया भएको एक जना व्यक्ति छन्। त्यसैगरी ८ जना अतिज्म भएका व्यक्तिहरू छन्।

| सि.नं. | अपाङ्गताको प्रकार | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | शारीरिक | १७९ | १३५ | ३१४ |
| २ | न्यून दृष्टि | ७५ | ७९ | १५४ |
| ३ | दृष्टिबिहीन | २३ | २७ | ५० |

| | | | | |
|---|---|---|---|---|
| ४ | बहिरोपना | ३२ | २७ | ५९ |
| ५ | मनोसामाजिक | १८ | २५ | ४३ |
| ६ | शुष्तस्रवण | १६ | ३३ | ४९ |
| ७ | आवाज समस्या | २८ | ११ | ३९ |
| ८ | बौद्धिक अपाङ्गता | ९ | ९ | १८ |
| ९ | हेमोफिलिया | १ | ० | १ |
| १० | अटिज्म | ० | ८ | ८ |
| ११ | बहु अपाङ्गता | ४३ | ३५ | ७८ |
| | जम्मा | ४२४ | ३८९ | ८१३ |

### १.४.८ मालिका गाउँपालिकाको जनसङ्ख्या वृद्धि

राष्ट्रिय जनगणना,२०७८ अनुसार मालिका गाउँपालिकाको जनसङ्ख्या -०.७% ले घटिराखेको छ। वि.सं.२०७८ को जनगणना अनुसार गाउँपालिकाको जनसङ्ख्या २००७५ छ। यो ह्रासदरले मालिका गाउँपालिकाको जनसङ्ख्या प्रत्येक वर्ष करिब १४० ले घट्दै जाने देखिन्छ। दश वर्षको अवधिमा गाउँपालिकाको जनसङ्ख्या १४०० ले कमी भई १८६०० को हाराहारीमा जाने देखिन्छ।

### १.४.९ बसाइसराइ

मालिका गाउँपालिकामा बसाइसराइको सङ्ख्या उल्लेख्य भएको तथ्याङ्कले देखाएको छ। वि.सं. २०७८ मा बसाइ सराइ दर -०.७% रहेको थियो। वि.सं. २०६८ को तुलनामा मालिका गाउँपालिकामा जनसङ्ख्या २०७८ मा घटेको छ। गाउँपालिकामा यसरी जनसङ्ख्या घट्नुको कारण बसाइसराइ पनि हो। वि.सं. २०८१ मा यस गाउँपालिकाबाट बसाइसराइ गरी जानेको सङ्ख्या २७३ र बसाइसराइ गरी आउनेको सङ्ख्या ३० रहेको छ। त्यसैगरी २०८० सालमा बसाइसराइ गरी जानेको सङ्ख्या २१३ र बसाइसराइ गरी आउनेको सङ्ख्या ५६ रहेको छ। यस तथ्याङ्कबाट वार्षिक करिब १५० जना मानिसहरू बसाइसराइके कारणले कमी हुने देखिएको छ।

| सि.नं. | मालिका जन्मस्थान भएका | बाहिर जन्मस्थान भएका | अन्य जिल्ला |
|---|---|---|---|
| १ | १७२११ | १७१७ | ८६२ |

### १.४.१० सामाजिक तथा सास्कृतिक अवस्था

### १.४.१०.१ जातिगत संरचना

यस गाउँपालिका सामाजिक तथा सास्कृतिक रूपमा विविधतायुक्त गाउँपालिका हो। विभिन्न जातजाति र तिनीहरूको विविधतायुक्त संस्कृति विशिष्ट प्रकृतिको छ। यहाँ क्षेत्री, विश्वकर्मा, मगर, ब्राह्मण, मिजार, परियार, घर्ति/भुजेल, कुमाल, दशनामी लगायतका जातजाति बसोबास गर्छन्। यि बहुसंख्यक ज जातजातिहरूको धर्म हिन्दु हो। बौद्ध तथा कृष्चियन धर्म मान्ने मानिसहरूको सङ्ख्या अत्यन्तै न्यून छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा यहाँ बसोबास गर्ने जातजातिहरूको विवरण देहाय बमोजिम रहेको छ।

| सि.नं. | जाति | विशिष्ट संस्कृति |
|---|---|---|
| १ | क्षेत्री | हिन्दु धर्म मान्ने, ब्राह्मणलाई पुजारी मान्ने, दौरा सुरूवाल, गुन्यु, चोलो लगायतका पहिरन |
| २ | विश्वकर्मा | हिन्दु धर्म मान्ने, आफ्नै जातिलाई पुजारी मान्ने, जन्म, मृत्यु, विवाह लगायतका आफ्नै संस्कार भएका, आरन कार्य, चोया चित्रो जस्ता काममा निपुर्ण |
| ३ | मगर | हिन्दु धर्म मान्ने, आफ्नै भान्जा भान्जीलाई पुजारी मान्ने, जन्म, मृत्यु, विवाह लगायतका आफ्नै संस्कार भएका, वास्तुकला, सिल्पकला जस्ता काममा निपुर्ण |
| ४ | ब्राह्मण | हिन्दु धर्म मान्ने, आफ्नै भान्जा भान्जीलाई पुजारी मान्ने, दौरा सुरूवाल, गुन्यु, चोलो लगायतका पहिरन |
| ५ | परियार | हिन्दु धर्म मान्ने, पञ्चे बाजा, सुचिकला जस्ता कार्यमा निपुर्ण |

| | | |
|---|---|---|
| ६ | दशनामी | हिन्दु धर्म मान्ने, क्षेत्री तथा ब्राह्मण जस्तै रीतिरिवाज भएका |
| ७ | मिजार(सार्की) | हिन्दु धर्म मान्ने, छाला जुत्ताका कार्यहरू गर्ने, आफ्नै मौलिक संस्कृति भएका |
| ८ | घर्ति भुजेल | हिन्दु धर्म मान्ने, आफ्नै मौलिक संस्कृति भएका |
| ९ | कुमाल | हिन्दु धर्म मान्ने, आफ्नै मौलिक संस्कृति भएका |
| १० | सुनुवार | हिन्दु धर्म मान्ने, आफ्नै मौलिक संस्कृति भएका |

### १.४.१०.२ धर्मिक समूह

मालिका गाउँपालिकामा बहुसंख्यक नागरिकहरू हिन्दु धर्माबलम्बीहरू छन्। कुल २००७५ जनसङ्ख्या मध्ये १९८८२ नागरिकहरू हिन्दु धर्माबलम्बी हुन। यो कुल जनसङ्ख्याको ९९% हो। बाँकी १% नागरिकहरू बौद्ध, इश्लाम, क्रिश्चियन र प्रकृति धर्म मान्ने गरेका छन्। सङ्ख्यात्मक रूपमा बौद्ध धर्मावलम्बीहरूको सङ्ख्या र इश्लाम धर्म मान्नेहरूको सङ्ख्या प्रत्येकको ६१ को दरले १२२ छ। त्यसैगरी ३६ जना कृश्चियन धर्म र ८९ जना प्रकृति धर्मका अनुयायीहरू यस गाउँपालिकामा रहेका छन्। यो तथ्य निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| सि.नं. | धर्माबलम्बी | सङ्ख्या |
|---|---|---|
| १ | हिन्दु | १९८८२ |
| २ | प्रकृति | ८९ |
| ४ | बौद्ध | ६१ |
| ५ | इश्लाम | ६१ |
| ६ | कृस्चियन | ३६ |

### १.४.१०.३ मातृभाषा, रैथाने ज्ञान, सिप र प्रविधि

यस गाउँपालिकाका सबै नागरिकहरूको मातृभाषा नेपाली हो। यहाँका आदिबासी जनजाति अन्तर्गत पर्ने मगर, कुमाल लगायतका मानिसहरू पनि आफ्नो जातीय भाषा बोल्दैनन्। नेपाली भाषी हुँदा हुँदै पनि उनीहरू विभिन्न उपभाषी अन्तर्गत पर्छन्। जातिगत रूपमा उनीहरू बुझिने गरी पृथक लवजमा नेपाली भाषा बोल्छन्। स्थानगत रूपमा पनि उनीहरूको भाषिक शैली फरक फरकको अनुभव गर्न पाइन्छ।

यहाँका मानिसहरूमा विशिष्ट प्रकृतिको रैथाने ज्ञान पाइन्छ। काठका भाडाँकुडा बनाउने कार्य, माटाका भाँडाहरू बनाउने कार्य, तामाका भाँडा कुँडा बनाउने कार्य, फलामका हतियार निर्माण गर्ने कार्य, मौलिक कपडा निर्माण गर्ने हस्तकार्य, चोयाचित्रोका कार्य, गरगहना बनाउने कार्य, कपडा सिलाउने कार्य लगायतका कार्यहरू मालिका गाउँपालिकाका मानिसहरूको मौलिक ज्ञान तथा सिप अन्तर्गत पर्छन्। कृषि कार्य तथा पशु पालनमा पनि यहाँका मानिसहरूमा विशिष्ट मौलिक ज्ञान तथा सिपहरू रहेका छन्। उखु पेल्ने कोल, अनाज पिसानी गर्ने घट्ट, हलो जुवा, दाँती, कोदालो, हसिँया जस्ता औजारहरू यहाँका मौलिक प्रविधिहरू हुन।

मालिका गाउँपालिकाका मानिसहरूको मुख्य पेसा कृषि हो। उनीहरू मुख्यतयाः निर्वाहमुखी खेतीपाती तथा पशुपालन गर्छन्। कृषि तथा पशुपालनको अलावा यहाँका मानिसहरू व्यापार, व्यवसाय, उद्योग धन्दा, सेवामूलक कार्यहरू गर्ने गर्छन्। यहाँका तमाम युवाहरू वैदेशिक रोजगारीमा संलग्न छन्।

राष्ट्रिय जनगणना, २०७८ अनुसार मालिका गाउँपालिकामा १० वर्ष भन्दा माथिका आर्थिक रूपमा सक्रिय जनसङ्ख्या १६२३६ रहेको छ। सो जनसङ्ख्यामा वर्षमा ३ महिना वा सो भन्दा कम काम गर्ने मानिसहरूको सङ्ख्या ६७४६ छ। वर्षमा ३-६ महिना काम गर्ने मानिसहरूको सङ्ख्या ३०३४ रहेको छ। त्यसैगरी ६ महिना भन्दा बढी काम गर्ने मानिसहरूको सङ्ख्या ३९३१ रहेको छ। २५२५ मानिसहरू ले वर्षमा कुनै आयमुलक कार्य नगर्ने तथ्याङ्कले देखाएको छ।

| सि.नं. | वर्षमा काम गर्ने महिना | सङ्ख्या |
|---|---|---|
| १ | ३ महिना भन्दा कम | ६७४६ |
| २ | ३-६ महिना | ३०३४ |
| ३ | ६ महिना भन्दा बढी | ३९३१ |

राष्ट्रिय जनगणना, २०७८ अनुसार मालिका गाउँपालिकामा आर्थिक उपार्जन गर्न सक्ने १० वर्ष वा सो भन्दा बढी सक्रिय जनसङ्ख्या १३८१६ छ। सो मध्ये ५९८७ मानिसहरू आर्थिक रूपमा सक्रिय छन्।

आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको ४५४८ मानिसहरू रोजगारयुक्त छन् भने १४३९ मानिसहरू बेरोजगार छन्। त्यसैगरी ७८२९ जना मानिसहरू आर्थिक कृयाकलाप संलग्न नदेखिएको तथ्याङ्क छ।

## १.४.११ मालिका गाउँपालिकाको विद्यालय शिक्षा

### १.४.११.१ मालिका गाउँपालिकामा रहेका रहेका विद्यालयहरूको विवरण

| बा.वि. | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ४ | ९ | ७ | १ | ५ | ० | ० | ६ | ० | ५ | ० | ६ |

यस गाउँपालिकामा जम्मा ५८ विद्यालयहरू सञ्चालनमा छन्। ती मध्ये ३ ओटा बालविकास केन्द्रहरू नजिकको मातृ विद्यालयमा समायोजन भएपछि सामुदायिक तर्फ ५० ओटा र संस्थागत तर्फ ५ ओटा विद्यालय गरी ५५ ओटा विद्यालयहरू हाल सञ्चालनमा छन्। कक्षागत रूपमा सामुदायिक र संस्थागत गरी ५५ ओटा प्रारम्भिक बालविकास केन्द्र, कक्षा १, २ र ३ सञ्चालन भएका विद्यालयहरू ७/७ ओटा गरी २१ ओटा, कक्षा सञ्चालित १, कक्षा ५ सञ्चालित ८, कक्षा ६ सञ्चालित १०, कक्षा ८ सञ्चालित ६, कक्षा १० सञ्चालित ५ र कक्षा १२ सञ्चालित ६ गरी ५५ ओटा विद्यालबाट विद्यालय तहको शिक्षा प्रदान गरिएको छ। सामुदायिक तथा संस्थागत विद्यालयहरूको विवरण देहायका तालिकामा व्यवस्थित गरिएको छ।

### १.४.११.२ सामुदायिक विद्यालयहरूको विवरण

यस गाउँपालिकामा सामुदायिक विद्यालयहरू ५३ ओटा छन्। ति ५३ ओटा सामुदायिक विद्यालयमध्ये ३ ओटा सामुदायिक विद्यालयहरू नजिकको लिडर विद्यालयमा समायोजन गरिएका छन्। त्यसै गरी थप २ ओटा विद्यालयहरूमा विद्यार्थी अभावका कारण बन्द हुने स्थितिमा पुगेका छन्। हाल विद्यार्थीहरूले अध्ययन गर्ने जम्मा ४८ ओटा सामुदायिक विद्यालयहरू छन्। ती विद्यालयहरू मध्ये ६ ओटा कक्षा १२ सम्म ५ ओटा कक्षा १० सम्म, ५ ओटा कक्षा ८ सम्म, ६ ओटा कक्षा ५ सम्म त्यसै गरी कक्षा ४ सञ्चालित विद्यालय एउटा मात्र रहेको छ। त्यसैगरी बाल कक्षा मात्र सञ्चालित विद्यालयहरू हाल ५ ओटा रहेका छन्। बाँकी ९ ओटा विद्यालयहरूमा कक्षा २ सञ्चालनमा छन्। कक्षा ३ सञ्चालन गर्ने विद्यालयहरू गाउँपालिकाभर जम्मा ६ ओटा छन्।

| बा.वि. | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | ४ | ९ | ६ | १ | ६ | ० | ० | ५ | ० | ५ | ० | ६ |

### १.४.११.३ संस्थागत विद्यालयको विवरण

यस गाउँपालिकामा ५ ओटा संस्थागत विद्यालयहरू संचालनमा छन्। कक्षा ३ सम्म सञ्चालित २ ओटा विद्यालयहरू छन् भने २ओटा विद्यालयहरू कक्षा ५ सम्म सञ्चालित छन्। १ विद्यालय कक्षा ६ सम्म र १ विद्यालय कक्षा ८ सम्म सञ्चालित छन्।

| इसिडि | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ० | ० | १ | ० | ३ | ० | ० | १ |

प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९ देखि १२ सम्म सञ्चालनमा रहेको विद्यालय मालिका -८ मर्भुङमा रहेको श्री मालिका मा.वि. हो। यो विद्यालय नमूना विद्यालय कार्यक्रम सञ्चालित विद्यालय समेत हो।

### १.४.११.३ मालिका गाउँपालिकाको साक्षरता स्तर

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा ५ वर्ष माथिको ७७.९% मानिसहरू साक्षर रहेका छन्। कुल महिला जनसङ्ख्याको ७०.२% र पुरूष जनसङ्ख्याको ८६.२% मालिकाबासीहरू साक्षर छन्। साक्षर नागरिकहरूमध्ये प्रारम्भिक बालविकास मात्र पढेका ६९० जना, प्रा.वि. तह मात्र पढेका ५१६२ जना, नि.मा.वि. तह मात्र पढेका ३१५३ जना, कक्षा १० मात्र पढेका ११६५ जना, कक्षा १२ मात्र पढेका १६९६ जना, कक्षा १२ वा सो सरह पढेका १०५५ जना, स्नातक पढेका २४३ जना, स्नातकोत्तर पढेका ९० जना रहेका छन्। साक्षर व्यक्तिहरूको योग्यता निम्न तालिकाबाट आंकलन गर्न सकिन्छ।

| सि.नं | योग्यता | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रा.वा.वि. | ६९० | |

| | | | |
|---|---|---|---|
| २ | प्रा.वि. | ५१६२ | |
| ३ | नि.मा.वि. | ३१४३ | |
| ४ | मा.वि. | ११६५ | |
| ५ | मा.वि.(कक्षा १२) | १६९६ | |
| ६ | प्रविणता | १०५५ | |
| ७ | स्नातक | २४३ | |
| ८ | स्नातकोत्तर | ९० | |

## १.४.१२ गाउँपालिकाको आर्थिक अवस्था

सन् २०१९मा विश्व बैकको वर्गीकरणअनुसार नेपाल न्यून आय भएको मुलुकबाट न्यून×मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार तयार भएको बताएको थियो। वि.सं. २०७१ को भुकम्प र सन २०७६/७७ को कोभिड महामारीका बाबजुट नेपालको विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ। तल दिइएको टेबलमा नेपालको आर्थिक अवस्थाको चित्रण गर्छ।

मालिका गाउँपालिका कृषिप्रधान गाउँपालिका हो। यहाँ करिब % मानिसहरू कृषिमा आश्रित छन्। उद्योग, व्यवसाय, पर्यटनका क्षेत्रमा निकै न्यून मानिसहरू संलग्न छन्। सबै वडामा पसलहरू, वडा नं. मा काष्ठमिल, वडा नं. २ मा मोटरसाइकल रिपेयरिङ सेन्टर, केही कुटानी पिसानी मिल, वडा नं. ३ मा कुटानी पिसानी मिल, बेकरी उद्योग, वडा नं. ४ मा मोटरसाइकल रिपेयरिङ सेन्टर, वडा नं. ६ मा कुटानी पिसानी मिल, काष्ठ मिल, वडा नं. ६ मा कुटानी पिसानी मिल, काष्ठमिल, वडा नं. ८ मा मोटरसाइकल रिपयरिङ सेन्टर, ग्रिल उद्योग, कुटानी पिसानी मिल, काष्ठमिल रहेका छन्। सबै वडाका धेरै युवाहरू बैदेशिक रोजगारमा रहेका, केही नागरिकहरू सेवामुलक क्षेत्रमा लाग्नु बाहेक अरू सबै मानिसहरू निर्वाह खेतीमा लाग्नुले हाम्रो गाउँपालिकाको आर्थिक अवस्थाको जनाउ गर्छ।

| सि.नं. | वडा नं. | उद्योग तथा व्यसाय | संलग्न व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| | | | | |

### १.४.१२.१ कृषि तथा पशुपालन

मालिका गाउँपालिकाका अधिकांस मानिसहरू कृषि तथा पशुपालनमा संलग्न छन्। सबै वडामा मानिसहरूले धान, मकै, कोदो र गहुँ मुख्यबालीको रूपमा खेती गर्छन्। प्रायः सबै ठाउँमा मकै, कोदो तथा धान उत्पादन हुन्छ। गहुँ हिउँदे बालीको रूपमा खेती हुन्छ।

यहाँका मानिसहरूले वर्षायाममा खेती गरी हिउँदमा बारी बाँझो राख्छन्। सिंचाइको प्रयाप्त सुविधा नभएको कारण तथा हिउँदमा चिसो मौसमको कारण बाली समयमा नपाक्ने कारण कृषकहरू यसो गर्न बाध्य भएका छन्। यहाँका कृषकहरू सघन अन्तरबाली प्रणालीमा खेती गर्छन्। यहाँका मानिसहरू व्यवसायिक भन्दा पनि निर्वाहमुखी खेती गर्छन्। बजारको अभाव, कृषकहरूलाई व्यवसायिकताप्रतिको चेतनशिलताको कमी, बढ्दो बैदेशिक रोजगारप्रतिको मोह तथा कृषि व्यवसायप्रतिको आम मानिसको नकारात्मक धारणाको कारण यहाँको कृषि पेशाले व्यवसायिक रूप धारण गर्न सकेको छैन।

कृषि भन्दा यहाँका मानिसहरू पशुपालनलाई अलि बढी आय आर्जनको स्रोतको रूपमा सञ्चालन गर्छन्।प्रायः सबै वडामा बाख्रापालनको प्रवर्धन गर्ने कार्य गरिएको छ। गाउँपालिकाका प्रायः सबै कृषिमा निर्भर परिवारले २/४ ओटा बाख्रापालन गर्ने कार्य सामान्य भएको छ। केही कृषकहरूले ठुलो स्केलमा समेत बाख्रापालन गर्छन्। बाख्रापालनभन्दा पनि व्यापक महत्त्वका साथ यहाँका मानिसहरू भैंसीपालन गर्छन्। प्राय एक घरमा एक भैंसी अनिवार्य रूपमा पालन गर्ने बाध्यत्मक अवस्थामा यहाँका कृषकहरू रहन्छन्। मलको आपुर्ति, दुध तथा घ्युको स्रोतको रूपमा भैंसीपालन मालिका गाउँपालिकाको व्यापक पशुपालनको उदाहरण हो। भैंसीपालनलाई पनि अलि ठुलो स्केलमा व्यावसायिक हिसाबले अघि बढाएको भने भेटिंदैन।

मुख्य कृषि बालीको उत्पादन र उत्पादकत्व सम्बन्धी विवरण

| सि.नं. | कृषि बाली उत्पादन र उत्पादकत्व सम्बन्धी विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | धार मकै | १३८६.७८ | |
| २ | धान, गहुँ र मकै बाली | १२७७.८२ | |
| ३ | मकै र कोदो | १४८.२६ | |
| ४ | मकै र तरकारी | १४४.२४ | |
| ५ | मकै र तरकारी | १४४.२४ | |
| ६ | मकै र आलु | ११३.४४ | |
| ७ | मकै र गहुँ | ९२.१८ | |
| ८ | धान, मकै र तरकारी | ६०.४९ | |
| ९ | मकै र अन्य बालीहरू | ४७.०५ | |
| १० | आलु र तरकारी | ४.१० | |
| ११ | तरकारी र अन्य | ०.७४ | |
| १२ | खेतीयोग्य जमिन झाडीमा परिणत | १४४.७२ | |
| १३ | खेतीयोग्य जमिन बाँझोमा परिवर्तन भएको | ७५.९३ | |

## १.४.१३ उद्योग तथा व्यवसायमा संलग्न व्यक्तिहरूको विवरण

मालिका गाउँपालिकामा उद्योग तथा व्यवसाय विकास तथा विस्तार हुने क्रम निकै सुस्ताएको देखिन्छ। उद्योगको नाममा यहाँ केही घरेलु उद्योग जस्तै कुटानी पिसानी मिल, पाउरोटी उद्योग, चाउमिन बनाउने उद्योग, काष्ठमिल, मोटरसाइकल वर्कसप, ग्रिल उद्योग सञ्चालनमा छन्। यस्ता उद्योगको सङ्ख्या पनि अत्यन्तै कम छ। प्राय सबै वडाका टोलटोलमा कुटानी पिसानी मिल स्थापना गरिएका छन्। वडा नं.४, ७ र ८ मा काष्ठमिल सञ्चालित छन्। वडा नं. २, ४, ६, ७ र ८ मा मोटरसाइकल वर्कसप सञ्चालित छन्। वडा नं. ३ मा पाउरोटी उद्योग सञ्चालित छ। प्रायः सबै वडामा सिलाइ कटाइका कार्यहरू हुन्छन्। वडा नं. २, ६, ७ र ८ मा केही व्यवस्थित होटलहरू सञ्चालित छन्। सबै वडामा सबै प्रकारका पसलहरू सञ्चालित छन्। मालिका गाउँपालिकामा उद्योग तथा व्यावसायमा सञ्चालित व्यक्तिहरूको सङ्ख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

| विवरण | व्यापार | यातायात | उद्योग |
|---|---|---|---|
| सङ्ख्या | ११९ | ४ | ६३ |

## १.४.१४ प्राकृतिक स्रोत तथा सम्पदा

यस गाउँपालिकामा ३५.९३ वर्ग कि.मि. जमिन घना जङगलले ढाकिएको छ। घाँसे र झाडि क्षेत्र ६.८ वर्ग कि.मी. रहेको छ। प्राय सबै वडाका बनक्षेत्रमा चिराइतो, सोमे, सुनाखरी, अमला, अमिलेजस्ता व्यवसायिक महत्त्वका जडीबुटीहरूको प्रयासता छ। जताततै उपलब्ध सिस्नु, न्युरा, टुसा, च्याउ, मौसमी बन्य फलफुलहरू पनि यहाँका प्रचुर सम्भावना बोकेका क्षेत्रहरू हुन। करिब ३९ हेक्टर जमिन नदी घाँटी, पोखरी तथा जलासयले आगटेको छ। वडा नं. १ मा स्लेट र खरी ढुङ्गा पर्याप्त रहेको अनुमान छ। वडा नं. २ मा ढुङ्गा तथा फलाम खानीको संभावना रहेको छ। त्यसैगरी सबै वडामा ढुङ्गाको पर्यासता देखिएको छ।

## १.४.१५ पर्यटन

बहुसांस्कृतिक तथा भौगोलिक रूपमा विविधता भएको गाउँपालिका भएको कारण पर्यटनको पर्याप्त सम्भावना हुँदा हुँदै पनि यस गाउँपालिकाको आन्तरिक पर्यटन बाहेक पर्यटन क्षेत्रको खासै विकास हुन सकेको छैन। मालिका गाउँपालिकाका शान्ति बगैचा, तिखेचुली, मदाने, लेकपोखरा केही मानिसहरूको चहलपहल हुने क्षेत्र हुन।

## १.४.१६ राजनीतिक तथा प्रशासनिक विभाजन र समानुपातिक विकास

यस गाउँपालिका ८ वडामा विभाजित छ। वडा नं. १ नेटा हो। यसको वडाको केन्द्र जैसीथोक हो। हो। उल्टे ढुङ्गा र तिखेचुली जस्ता मनोरम स्थलहरूले प्रख्यात् यस वडाको क्षेत्रफल ७.७४ वर्ग कि.मी. छ। वडा नं. २ दर्लिङ्ग हो। यसको केन्द्र दर्लिङ्ग बजारमा छ। भौगोलिक रूपमा यो वडा तुलनात्मक रूपमा ठुलो वडा हो। मौलिक संस्कृतिको पहिचान बोकेको यस वडाको क्षेत्रफल ११.५५ वर्ग कि.मी. छ। यहाको घरधुरी सङ्ख्या ७९५ छ। वडा नं. ३ ह्वाङ्दी वाग्लुङ्ग प्युठानसँग सिमाना जोडिएको वडा हो। यसको क्षेत्रफल १२.९ वर्ग कि.मी. छ। ४४५ घरधुरी यहाँ छन्। वडा नं. ४ अर्खावाङ्ग गाउँपालिको केन्द्र रहेको वडा हो। यसको क्षेत्रफल ९.३ वर्ग कि.मी. छ। वडा नं. ५ छापहिलेको केन्द्र सागबारी, हिलेमा रहेको छ। यसको क्षेत्रफल १४ वर्ग कि.मी. छ। यहाँ ७९२ घरधुरी रहेका छन्। वडा नं. ७ घमिरको केन्द्र ठाँटीमा रहेको छ। यसको क्षेत्रफल१३.२९ वर्ग कि.मी. रहेको छ। यहाँ ८८३ घरधुरी बसोबास गर्छन्। वडा नं. ६ अर्जेको केन्द्र पोखराबारी हो। यसको क्षेत्रफल ९.०६ वर्ग कि.मी. र यहाँ ६४८ घरधुरी बसोबास गर्छन्। वडा नं. ८ को केन्द्र सिमल्टारी हो। यसको क्षेत्रफल १४.६५ वर्ग कि.मी. छ। यहाँ ९२४ घरधुरी बसोबास गर्छन्।

| वडा नं. | **पुरूष** | **महिला** | **जम्मा** | प्रमुख सेवाहरू |
|---|---|---|---|---|
| १ | ६३९ | ७७२ | १४११ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| २ | **१४७५** | **१८१५** | ३२९० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| ३ | ७८७ | ९६८ | १७५५ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| ४ | ६२९ | ६९० | १३१९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| ५ | १४३७ | १६२६ | ३०६३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| ६ | ११२४ | १३४१ | २४६५ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| ७ | १५०८ | १८१५ | ३३२३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |
| ८ | १५८९ | १८६० | ३४४९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडाबाट गर्नुपर्ने सम्पूर्ण कार्य |

## १.४.१७ पूर्वधार र विकास

### १.४.१७.१ स्वास्थ्य सेवा

यस गाउँपालिकामा सबै वडामा स्वास्थ्य चौकीहरू रहेका छन्। यसका अलावा सबै वडामा जनसङ्ख्या तथा भुगोलका आधारमा गाउँघर क्लिनिकहरू समेत स्थापित भएका छन्। यस गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको विवरण देहायका तालिकामा सूचिकृत गरिएको छ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | प्रमुख सेवा | कैफियत |
|---|---|---|---|
| १ | नेटा स्वास्थ्य चौकी, मालिका-१ | | |
| २ | दर्लिङ्ग स्वास्थ्य चौकी, मालिका-२ | | |
| ३ | ह्वाङ्दी स्वास्थ्य चौकी, मालिका-३ | | |
| ४ | अर्खवाङ स्वास्थ्य चौकी, मालिका-४ | | |

| | | | |
|---|---|---|---|
| ५ | छापहिले सामुदायिक स्वास्थ्य चौकी मालिका-५ | | |
| ६ | अर्जै स्वास्थ्य चौकी, मालिका-६ | | |
| ७ | घमिर स्वास्थ्य चौकी, मालिका-७ | | |
| ८ | मर्भुङ स्वास्थ्य चौकी मालिका-८ | | |
| ९ | कुमालगाउँ सामुदायिक स्वास्थ्य इकाइ, मालिका -६ | | |
| १० | छाप सामुदायिक स्वास्थ्य इकाइ, मालिका ५ | | |
| ११ | च्यानडाँडा सामुदायिक स्वास्थ्य इकाइ, मालिका-८ | | |
| १२ | नागरिक आरोग्य केन्द्र, वडा नं. ४ | | |

### १.४.१५.२ खानेपानी

यस गाउँपालिकाका सबै वडाका बस्तीहरूमा खानेपानीको सुविधा रहेको छ। खानेपानी निशुल्क वितरण गरिएको छ। हरेक साल खानेपानीका आयोजनाहरूको सञ्चालनबाट खानेपानीको व्यवस्थापन पनि गरिएको छ। गाउँपालिकाले एक घर एक धारा अभियानका साथ लागु गरिराखेको छ। यति हुँदा हुँदै पनि खानेपानीको व्यवस्थित वितरण हुन सकेको छैन। विद्यालयहरूमा खानेपानीको प्रयाप्त व्यवस्थापन हुन सकेको छैन।

### १.४.१५.३ विद्युत सेवा

यस गाउँपालिकाका सबै वडाहरूमा विद्युत सेवा उपलब्ध छ। वडा नं.१,२ र ३ मा निस्ति बडिगाड सामुदायिक विद्युत संस्थाबाट विद्युतको व्यवस्थापन भएको छ। अन्य सबै वडामा विद्युत प्राधिकरणबाट विद्युतीकरण भएको छ। यस गाउँपालिकाका सबै सरकारी संस्था तथा विद्यालयहरूमा विद्युतको सेवा उपलब्ध भएको छ।

### १.४.१५.४ यातायत/हवाई मार्ग

यस गाउँपालिकामा सडक यातायातको सुविधा विस्तार भएको छ। सालझण्डी ढोरपाटन, मदन भण्डारी राजमार्ग, तम्घास गंगरे सडक तथा बडिगाड गंगरे सडक खण्डबाट गाउँपालिका अन्य गाउँपालिकासँग जोडिएको छ। गाउँपालिकाका सबै वडाहरू जोड्ने गरी "मालिका रिङरोड" को कार्यसमेत अगाडि बढेको छ। प्रायः वडाका बस्तीहरू मौसमी सडकहरूबाट जोडिएका छन्। सडक विस्तार तथा स्तरोन्नतीका कार्यहरू गाउँपालिकाबाट प्राथमिकतासाथ अगाडि बढाइएको छ। यति हुँदाहुँदै पनि गाउँपालिकाकाले सडकको दिगो व्यस्थापनको दिशामा अगाडि बढ्नुपर्ने देखिन्छ। सडकहरूलाई टिकाउगर्न ग्राभेल गर्ने, नाली बनाउने जस्ता स्तरोन्नतिका कार्यहरू प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने देखिन्छ। गाउँपालिकामा एक व्यवस्थित हेलिप्याडको निर्माण भएको छ। यही हेलिप्याडबाट मालिका गाउँपालिकालाई हवाइमार्गबाट जोड्ने आधार बनेको छ।

### १.४.१५.५ सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेट सेवा

यस गाउँपालिकामा सूचना तथा सञ्चार सेवाको सुविधा छ। गाउँपालिकाका सबै बस्तीहरूमा नेपाल टेलिकम, एनसेल लगायतका टेलिफोन तथा इन्टरनेट सेवा उपलब्ध छ। गाउँपालिकाका सबै वडाहरूमा हुलाक सेवा समेत उपलब्ध छ। गाउँपालिकाका सबै वस्तीहरूमा रेडियो, टेलिभिजन तथा आवश्यकता र चाहनाअनुसार पत्रिका सुविधा पनि उपलब्ध छ।

### १.४.१५.६ बैंकिंङ सेवा

मालिका गाउँपालिकामा बैंक तथा वित्तीय सेवा उपलब्ध छ। यस गाउँपालिकामा सबै भन्दा धेरै बैंकिङ सेवा ग्लोबल आई एम इ बैंकले उपलब्ध गराएको छ। गाउँपालिकाका सबै विकासे तथा चालु प्रकृतिका वित्तीय सेवामा ग्लोबल आइ एम इ बैंकले नै प्रमुख सेवा उपलब्ध गराएको छ। यसका साथै साइन रेसुङ्गा विकास बैंक, सिमल्टारीले वडा नं. ७ र ८ का नागरिकहरूलाई सेवा उपलब्ध गराएको छ। त्यस्तै वडा नं. २ र ६ मा ग्लोबल आइ एम इ बैंकको शाखारहित सेवाबाट पनि सो स्थानका नागरिकहरू बित्तीय सेवा प्राप्त गरिराखेका छन्। त्यसैगरी यस गाउँपालिकाका विभिन्न वडाहरूमा स्थापित कृषि तथा रिण सहकारीहरू तथा अन्य राष्ट्रिय स्तरमै स्थापित सहकारीहरू जस्तै सि वाईसी जस्ता सहकारीहरूबाट पनि यहाँका मानिसहरूले बैंकिङ सेवा ग्रहण गरेका छन्।

## १.४.१६ धार्मिक, सामाजिक तथा सास्कृतिक विशेषता

### १.४.१६.१ पर्यटकीय एवं ऐतिहासिक विशेषता

मालिका गाउँपालिका पर्यटकीय रूपमा सम्भावना बोकेको तर विकास नभएको गाउँपालिका हो। यहाँका सफा पानी बग्ने खोला नाला, पहाडी शिखरहरू, घना जङ्गलले ढाकेका हरिया भू आकृति तथा मौलिक संस्कार तथा संस्कृति भएका जातजातिहरूले पर्यटकीय संभावनाको सङ्केत गरिराखेका छन्। सालझण्डी ढोरपाटन, मदन भण्डारी राजमार्गहरूको विस्तार तथा सूचना तथा सञ्चार प्रवधि र सडक सञ्जालले साघुरिदै गएको विश्व परिवेस पनि हाम्रो भावी पर्यटकीय विकासको सम्भावनालाई उजागर गरेको छ। तथापि हालसम्म यस गाउँपालिकामा विशेष मेला, चाडपर्व तथा विशेष समयमा आन्तरिक पर्यटकहरूको आवागमन बाहेक कुनै पर्यटकीय गतिविधिहरू हुन सकेका छैनन्।

### १.४.१६.२ सामाजिक तथा सांस्कृतिक विशेषता

यस गाउँपालिका सामाजिक तथा सास्कृतिक रूपमा विविधतायुक्त गाउँपालिका हो। विभिन्न जात जाति र तिनीहरूको विविधतायुक्त संस्कृति विशिष्ट प्रकृतिको छ। यहाँ बसोबास गर्ने जातजातिहरूको विवरण देहाय बमोजिम रहेको छ। यस गाउँपालिकामा क्षेत्रीय, ब्राहमण, मगर तथा विश्वकर्माहरूको अत्यधिक उपस्थिति छ। यसका अलावा घर्ति, कुमाल, दशनामी लगायतका जातजातिहरूको पनि बस्ती रहेको छ। यस गाउँपालिकामा रहेका जातजातीहरूलाई देहायका तालिकामा देखाइएको छ।

| सि.नं. | जाति | विशिष्ट संस्कृति |
|---|---|---|
| १ | क्षेत्री | हिन्दु धर्म मान्ने, ब्राह्मणलाई पुजारी मान्ने, दौरा सुरूवाल, गुन्यु, चोलो लगायतका पहिरन |
| २ | विश्वकर्मा | हिन्दु धर्म मान्ने, आफ्नै जातिलाई पुजारी मान्ने, जन्म, मृत्यु, विवाह लगायतका आफ्नै संस्कार भएका, आरन कार्य, चोया चित्रो जस्ता काममा निपुर्ण |
| ३ | मगर | हिन्दु धर्म मान्ने, आफ्नै भान्जा भान्जीलाई पुजारी मान्ने, जन्म, मृत्यु, विवाह लगायतका आफ्नै संस्कार भएका, वास्तुकला, सिल्पकला जस्ता काममा निपुर्ण |
| ४ | ब्राह्मण | हिन्दु धर्म मान्ने, आफ्नै भान्जा भान्जीलाई पुजारी मान्ने, दौरा सुरूवाल, गुन्यु, चोलो लगायतका पहिरन |
| ५ | परियार | हिन्दु धर्म मान्ने, पञ्चे बाजा, सुचिकला जस्ता कार्यमा निपुर्ण |
| ६ | दशनामी | हिन्दु धर्म मान्ने, क्षेत्री तथा ब्राह्मण जस्तै रीतिरिवाज भएका |
| ७ | मिजार(सार्की) | हिन्दु धर्म मान्ने, छाला जुत्ताका कार्यहरू गर्ने, आफ्नै मौलिक संस्कृति भएका |
| ८ | घर्ति भुजेल | हिन्दु धर्म मान्ने, आफ्नै मौलिक संस्कृति भएका |
| ९ | कुमाल | हिन्दु धर्म मान्ने, आफ्नै मौलिक संस्कृति भएका |
| १० | सुनुवार | हिन्दु धर्म मान्ने, आफ्नै मौलिक संस्कृति भएका |

यस गाउँपालिकामा हिन्दु चाडपर्वहरू धुमधामका साथ मनाउने गरिन्छ। केही मात्रामा रहेका क्रिस्चियन, बौद्ध धर्मावलम्बीहरूले क्रमश क्रिसमस तथा बौद्ध पूर्णिमा, ल्होसार जस्ता चाडपर्वहरू मनाउने गर्छन्।

### २०७८ मा तोकिएका बिशेष/लक्षित जनजातीको (२२ जनजाती) जनसङ्ख्या

| वार्ड | जानजाती | बिशेष/लक्षित जनजातिको सङ्ख्या | | | जम्मा जनसङ्ख्यामा बिशेष/लक्षित जनजातिको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | महिला | पुरूष | जम्मा |
| १ | मगर | १७६२ | २१४५ | ३९०७ | ८.७७ | १०.६८ | १९.४५ |
| २ | घर्ति भुजेल | १७२ | १९५ | ३६७ | ०.८५ | ०.९७ | १.८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कुमाल | १२५ | १६१ | २८६ | ०.६ | ०.८ | १.४ |
| जम्मा | | २०५९ | २५०१ | ४५६० | १०.२५ | १२.४ | २२.७१ |

यस गाउँपालिकामा २२% जनजातीहरू बसोबास गर्छन्। जनसङ्ख्याको हिसाबले सबैभन्दा ठूलो सङ्ख्या भएको जाति मगर हो। घर्ती/भुजेल र कुमालहरूको प्रतिशत क्रमशः १.८% र १.४% रहेको छ। गाउँपालिकाका आठ ओटै वडाहरूमा बसोबास गर्ने जनजातिहरूमध्ये कुमालहरू वडा नं. ६, ७ र ८ मा बसोबास गर्छन्। घर्ति तथा भुजेलहरू वडा नं. २, ३, ४, ७ र ८ वडामा बसोबास गर्छन्। मगरहरू प्रायः सबै वडामा बसोबास गर्ने भएपनि वडा नं. १ देखि ४ र ७ वडामा घना रूपमा बसोबास गरेका छन्।

### १.४.१६.३ जनसङ्ख्या प्रबृत्ति

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसङ्ख्या (जम्मामा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | ४०५ | ४०५ | ४०५ | ४०५ | ४०५ | ४०५ | ४०५ | ४०५ | ४०५ |
| ४ | ३९७ | ३९७ | ३९७ | ३९७ | ३९७ | ३९७ | ३९७ | ३९७ | ३९७ |
| ५ | ४०४ | ४०४ | ४०४ | ४०४ | ४०४ | ४०४ | ४०४ | ४०४ | ४०४ |
| ५-९ | ११८१ | ११८१ | ११८१ | ११८१ | ११८१ | ११८१ | ११८१ | ११८१ | ११८१ |
| १०-१२ | १२७६ | १२७६ | १२७६ | १२७६ | १२७६ | १२७६ | १२७६ | १२७६ | १२७६ |
| ५-१२ | २७८१ | २७८१ | २७८१ | २७८१ | २७८१ | २७८१ | २७८१ | २७८१ | २७८१ |
| १३-१४ | ९२२ | ९२२ | ९२२ | ९२२ | ९२२ | ९२२ | ९२२ | ९२२ | ९२२ |
| १५-१६ | ८७६ | ८७६ | ८७६ | ८७६ | ८७६ | ८७६ | ८७६ | ८७६ | ८७६ |
| १३-१६ | १७९८ | १७९८ | १७९८ | १७९८ | १७९८ | १७९८ | १७९८ | १७९८ | १७९८ |
| ५+ | १७८३६ | १७८३६ | १७८३६ | १७८३६ | १७८३६ | १७८३६ | १७८३६ | १७८३६ | १७८३६ |
| १५-२४ | ३५७६ | ३५७६ | ३५७६ | ३५७६ | ३५७६ | ३५७६ | ३५७६ | ३५७६ | ३५७६ |
| १५+ | १४०३८ | १४०३८ | १४०३८ | १४०३८ | १४०३८ | १४०३८ | १४०३८ | १४०३८ | १४०३८ |

राष्ट्रिय जनगणना, २०७८ अनुसार मालिका गाउँपालिकाको जनसङ्ख्या २००७५ रहेको छ। उक्त जनगणनाले मालिका गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर -७ छ। यही दरले जनसङ्ख्या घट्दै जानेहो भने यस गाउँपालिकाको जनसङ्ख्या २०८७ सम्म १८ हजारमा झर्ने अनुमान गर्न सकिन्छ। यस प्रकारको नकारात्मक जनसङ्ख्या वृद्धिदर पछाडि जन्मदर, बसाइसराइ, मृत्युदर कारक तत्वका रूपमा रहेका छन्। मालिका गाउँपालिकाको यस आ.व.को जन्मदर नियाल्ने हो भने देहायबमोजिमका तथ्याङ्क देखिन्छ।

आ.व. २०७८ देखि हालसम्म वार्षिक रूपमा जन्मेको बच्चाको तथ्याङ्क देहाय बमोजिम देखिन्छः

| सि.नं. | वर्ष | नबजात शिशू सङ्ख्या | कैफियत |
|---|---|---|---|
| | २०७८ | ३४४ | |
| | २०७९ | ३२२ | |
| | २०८० | २७४ | |
| | २०८१ | १४३ | |

स्रोतः स्वास्थ्य शाखा

# १.५ गाउँपालिकाको शैक्षिक अवस्था

## १.५.१ विद्यालय सङ्ख्या र भौगोलिक वितरण

मालिका गाउँपालिकाका आठ वडामध्ये सबैभन्दा धेरै विद्यालयहरू रहेको वडा २ नं. वडा हो। यस वडामा ११ ओटा विद्यालयहरू सञ्चालित छन्। एघार ओटा विद्यालयमध्ये हाल १ विद्यालय न्यून विद्यार्थीको कारण बन्द अवस्थामा रहेको छ। २ ओटा संस्थागत विद्यालय सहित वडा नं. ८ १० ओटा विद्यालयसहित दोस्रो सबैभन्दा बढी विद्यालय हुने विद्यालय हो। त्यसैगरी वडा नं. १ मा ६ ओटा विद्यालय रहेकोमा हाल १ विद्यालय बन्द अवस्थामा छ। वडा नं. ३मा ५ ओटा विद्यालय रहेकोमा हाल १ विद्यालय बन्द अवस्थामा छ। वडा नं. ४ मा ५ ओटा विद्यालय छन्। वडा नं. ५ मा ७ विद्यालय रहेकोमा १ विद्यालय बन्द अवस्थामा छ। त्यसैगरी वडा नं. ६ मा १ संस्थागत र ५ ओटा सामुदायिक विद्यालयहरू छन्। वडा नं. ७ मा २ संस्थागत र ६ ओटा सामुदायिक विद्यालय रहेकोमा १ विद्यालय बन्द अवस्थामा छ।

| वडा | सामुदायिक विद्याल | संस्थागत विद्याल | जम्मा विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | ६ | ० | ५ | १ विद्यालय बन्द |
| २ | १० | ० | ११ | १ मिलान गरिएको |
| ३ | ५ | ० | ५ | १ मिलान गरिएको |
| ४ | ५ | ० | ५ | १ मिलान गरिएको |
| ५ | ६ | ० | ६ | १ विद्यालय बन्द |
| ६ | ५ | १ | ६ | |
| ७ | ५ | २ | ७ | १ मिलान गरिएको |
| ८ | ८ | २ | १० | |
| जम्मा | ४८ | ५ | ५५ | |

## १.५.२ विद्यालयगत विद्यार्थी सङ्ख्या

यस गाउँपालिकामा हाल ५३ विद्यालयहरू सञ्चालनमा छन्। इमिस रिपोर्ट, २०८१ अनुसार, शै.व. २०८१मा सामुदायिक र संस्थागत विद्यालयमा ५८३० जना विद्यार्थीहरू अध्ययनरत छन्। सञ्चालनमा रहेका ४८ ओटा सामुदायिक विद्यालयहरूमा कुल ५२०८ विद्यार्थीहरू अध्ययनरत छन्। सबैभन्दा धेरै विद्यार्थी हुने मालिका माध्यमिक विद्यालयमा ५०६ जना र दोस्रो धेरै विद्यार्थी हुने श्री देवीस्थान मा.वि.मा ४७७ जना विद्यार्थीहरू अध्ययनरत छन्। तेस्रो धेरै विद्यार्थी हुने श्री नेटा दर्लिङ्ग मा.वि. र चौथो धेरै विद्यार्थी हुने श्री ह्वाङदी मेहाले मा.वि.मा ४३९ र ३३१ जना विद्यार्थीहरू छन्। त्यसैगरी श्री च्यानडाँडा मा.वि., श्री देवीस्थान मा.वि., महभिर, श्री छापहिले मा.वि. र श्री जमलपोखरा मा.वि.मा २३६,२६४, २३१ र २९४ जना विद्यार्थीहरू अध्ययन गर्छन्। श्री खङ्ग आ.वि., थानपति आ.वि., बरारूख आ.वि., रानीपोखरी आ.वि र श्री सिद्धमालिका आ.वि.मा क्रमश १३५, ११५, १३५, १३२ मा ११४ जना विद्यार्थीहरू अध्ययन गर्छन्। पाँच ओटा आ.वि.मा भन्दा धेरै १७० जना विद्यार्थीहरू श्री सिद्ध प्रा.वि. बोममा अध्ययन गर्छन्। त्यसैगरी श्री ठुलीचौर प्रा.वि., श्री छत्र प्रा.वि., श्री मरानडाँडा प्रा.वि., श्री कालिका प्रा.वि., सिद्धेश्वरी प्रा.वि. मा क्रमशः ७१, ६५, ६७, ७५ र ६७ जना विद्यार्थीहरू अध्ययनरत छन्। कक्षा ३ सञ्चालित जनजागरण प्रा.वि., सिद्धबाबा प्रा.वि., जनज्योति प्रा.वि., पैंयापाटा प्रा.वि., सुर्योदय प्रा.वि, रैनादेवी प्रा.वि., मैदानचौर प्रा.वि. ४२, ३२, ४१, २२, २१, २८ र ४३ जना विद्यार्थीहरू छन्। बाँकी सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्या अत्यन्तै न्यून छ।_

| S.N | SchoolName | ECD | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total | 980 | 540 | 432 | 412 | 458 | 512 | 421 | 402 | 403 | 406 | 418 | 133 | 313 | 5830 |
| | Public School Only | 745 | 440 | 352 | 329 | 406 | 465 | 405 | 398 | 397 | 406 | 418 | 133 | 313 | 5207 |
| 1 | Amar Secondary School | 14 | 7 | 8 | 23 | 19 | 22 | 18 | 16 | 14 | 10 | 13 | | | 164 |
| 2 | Arjai Secondary School | 11 | 27 | 19 | 6 | 18 | 24 | 22 | 21 | 32 | 35 | 36 | 18 | 46 | 315 |
| 3 | Banskhola Balbikas Kendra | 7 | | | | | | | | | | | | | 7 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 4 | Bararukha Basic School | 28 | 12 | 12 | 8 | 10 | 15 | 13 | 19 | 14 | | | | | 131 |
| 5 | Bhagawati Pra V | 3 | 7 | | | | | | | | | | | | 10 |
| 6 | Bhumeychaur Pra V | 17 | 8 | 9 | | | | | | | | | | | 34 |
| 7 | Bidya Devi Primary school | १८ | २ | | | | | | | | | | | | २० |
| 8 | Chhatra Basic School | १६ | ९ | १० | ११ | ८ | ११ | | | | | | | | ६५ |
| 9 | Chyandanda Secondary School | २२ | ६ | ५ | १० | ३३ | ४० | १७ | २९ | २६ | २७ | २१ | | | २३६ |
| 10 | Deurali Pra V | १० | ४ | ४ | | | | | | | | | | | १८ |
| 11 | Devisthan Secondary School | १३ | ६ | १२ | २१ | ३१ | ४५ | ४९ | ३८ | ३५ | ४४ | ६८ | ४५ | ७० | ४७७ |
| 12 | Devisthan Secondary School | ४२ | १४ | १८ | २१ | १४ | ३३ | २४ | २६ | १८ | २८ | २६ | | | २६४ |
| 13 | Fulbari Basic Primary School | ७ | ५ | १ | | | | | | | | | | | १३ |
| 14 | Gaenli Chaur Pra V | ११ | ६ | ५ | | | | | | | | | | | २२ |
| 15 | Gaira Pra V | २ | | | | | | | | | | | | | २ |
| 16 | Hwangdi Chibhara Primary School | ५ | | | | | | | | | | | | | ५ |
| 17 | Hwangdi Mehale Secondary School | २६ | १५ | १२ | १७ | १९ | १३ | ३१ | २२ | २६ | ४७ | ३९ | १८ | ४६ | ३३१ |
| 18 | Jamal Pokhara Secondary School | २७ | ४८ | १५ | १६ | २२ | ३३ | २६ | २४ | २६ | ३७ | २० | | | २९४ |
| 19 | Janajagaran Pra V | १३ | ११ | ९ | ९ | | | | | | | | | | ४२ |
| 20 | Janajyoti Basic School | १७ | ७ | ९ | ८ | | | | | | | | | | ४१ |
| 21 | Janakalayan Pra V | १३ | | | | | | | | | | | | | १३ |
| 22 | Janasewa Pra V | ४ | ६ | | | | | | | | | | | | १० |
| 23 | Kalika Basic school | २४ | ११ | १० | १४ | ९ | ७ | | | | | | | | ७५ |
| 24 | Khadga Basic School | १४ | १२ | १३ | ११ | १५ | १२ | २१ | १९ | १८ | | | | | १३५ |
| 25 | Maidane Chaur Basic School | १४ | १४ | ११ | ४ | | | | | | | | | | ४३ |
| 26 | Malika Pra V | ७ | ५ | ४ | | | | | | | | | | | १६ |
| 27 | Malika Pra V Rang | ३ | | | | | | | | | | | | | ३ |
| 28 | Malika Pra V Okharbot | १३ | २ | ४ | | | | | | | | | | | १९ |
| 29 | Malika Secondary School | ८ | ८ | १२ | १३ | २२ | २९ | ३० | ३७ | ४९ | १०३ | १०१ | १४ | ८० | ५०६ |
| 30 | Manakamana Pra V | ६ | | | | | | | | | | | | | ६ |
| 31 | Marandanda Basic School | १७ | १२ | ९ | ८ | ९ | १२ | | | | | | | | ६७ |
| 32 | Mirmire Pra V | ७ | | | | | | | | | | | | | ७ |
| 33 | Mulabari Pra V | ६ | २ | | | | | | | | | | | | ८ |
| 34 | Neta Darling Secondary School | ३६ | १६ | १३ | २४ | ३८ | ५५ | ३६ | ५३ | ४९ | २८ | ३३ | १५ | ४३ | ४३९ |
| 35 | Paiyapata Pra V | ९ | ४ | ५ | ४ | | | | | | | | | | २२ |
| 36 | Pata Kharka Pra V | २ | ४ | २ | | | | | | | | | | | ८ |
| 37 | Raina Devi Pra V | ४ | १२ | ५ | ७ | | | | | | | | | | २८ |
| 38 | Sallakharka Pra V | १० | ४ | ५ | | | | | | | | | | | १९ |
| 39 | Shantasamaj Balbikas Kendra | १२ | | | | | | | | | | | | | १२ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 40 | Shiva Balbikas Kendra | २ | | | | | | | | | | | | | २ |
| 41 | Shree Arkhawang Secondary School | ५ | ७ | ६ | ५ | ५ | ५ | २७ | १८ | २० | २६ | ३२ | २३ | २८ | २०७ |
| 42 | Shree Chhapahile Secondary School | १६ | ८ | ९ | ७ | १७ | २० | ४६ | ३२ | २६ | २१ | २९ | | | २३१ |
| 43 | Shree Rani Pokhari Basic School | ३२ | ९ | १० | ४ | १५ | १९ | १४ | १२ | २० | | | | | १३५ |
| 44 | Siddha Baba Pra V | ११ | ७ | ७ | ७ | | | | | | | | | | ३२ |
| 45 | Siddha Basic School | 49 | 43 | 16 | 22 | 25 | 15 | | | | | | | | 170 |
| 46 | Siddhamalika Basic School | 18 | 10 | 14 | 12 | 14 | 13 | 10 | 15 | 8 | | | | | 114 |
| 47 | Siddheshwori Basic School | 14 | 11 | 13 | 8 | 16 | 5 | | | | | | | | 67 |
| 48 | Suryodaya Pra V | 8 | 4 | 5 | 4 | | | | | | | | | | 21 |
| 49 | Tammudanda Basic School | 30 | 18 | 13 | 12 | 15 | | | | | | | | | 88 |
| 50 | Thadhunga Chisapani Balbikas Kendra | 7 | | | | | | | | | | | | | 7 |
| 51 | Thanapati Basic School | 10 | 7 | 7 | 7 | 18 | 16 | 21 | 17 | 16 | | | | | 119 |
| 52 | Thulichaur Basic School | 18 | 7 | 7 | 6 | 14 | 19 | | | | | | | | 71 |
| 53 | Tikhechuli Pra V | 7 | 3 | 4 | | | | | | | | | | | 14 |
| | | 745 | 440 | 352 | 329 | 406 | 463 | 405 | 398 | 397 | 406 | 418 | 133 | 313 | **5205** |

### १.५.३ गाउँपालिका अन्तर्गत विद्यालयहरूमा पछिल्लो ३ वर्षको विद्यार्थी सङ्ख्या

वि.सं. २०७८ देखि २०८१ सम्म विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या निरन्तर घटिराखेको देखिन्छ। २०७८ को तुलनामा २०८१ मा १९% ले विद्यालय सङ्ख्या घटेको तथ्याङ्कले देखाउँछ। सङ्ख्यात्मक हिसाबले २०७८ को भन्दा २०७९ मा ४.२% ले विद्यार्थी सङ्ख्या घट्यो। त्यसैगरी २०७९ को तुलनामा २०८० मा ८.१४%ले विद्यार्थी सङ्ख्या घट्यो। त्यसैगरी २०८० को तुलनामा २०८१ मा ८% ले विद्यार्थी सङ्ख्या घटेको देखियो। यसरी विद्यार्थी सङ्ख्या निरन्तर खुम्चदैं जाँदा गाउँपालिकाको शिक्षाको सेवा प्रवाहमा पनि सबै खालको व्यवस्थापकीय सुधार जरूरी देखिन्छ।

| शै.व. | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|
| २०८१ | ५८३० | |
| २०८० | ६३३८ | |
| २०७९ | ६९०० | |
| २०७८ | ७२०३ | |

### १.५.४ अन्य गाउँपालिकावाट मालिका गाउँपालिकामा अध्ययनका लागि आएका छात्रछात्रा विवरण

| विवरण | वडा नं. १ | वडा नं.२ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं.७ | वडा नं.८ |
|---|---|---|---|---|---|---|---|---|
| छात्र | 4 | 2 | 85 | 2 | 5 | 37 | 4 | 8 |
| छात्रा | 8 | 3 | 58 | 1 | 3 | 40 | 3 | 3 |
| जम्मा | 12 | 5 | 143 | 3 | 8 | 77 | 7 | 11 |

माथिको तालिकालाई हेर्दा सवैभन्दा धेरै विद्यार्थीहरू वडा नं. ३ मा बाहिरवाट आएको देखिन्छ भने सवै भन्दा कम विद्यार्थी वडा नं. ४ मा आएको देखिन्छ। भौगोलिक बनावट, विद्यालयहरूको शिक्षाप्रतिको लगाव तथा कुशल व्यवस्थापन यसको प्रमुख कारणका रुपमा लिन सकिन्छ। अन्य स्थानीय तह तथा गाउँपालिकाका फरक वडाका विद्यार्थीहरू विद्यालयमा बढी देखिनुले एकातिर विद्यालयहरूको आन्तरिक सक्षमता राम्रो रहेको

देखाउँछ भने अर्कोतिर विद्यार्थीहरू आफूलाई पायक पर्ने विद्यालयमा अध्ययन गर्ने गरेको पनि देखाउँछ।

### १.५.५ मालिका गाउँपालिकावाट गाउँपालिकामा गएका छात्रछात्रा विवरण

| क.सं. | वडा नं. | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | १ | ४ | ८ | १२ |
| २ | २ | ४६ | ४३ | ८९ |
| ३ | ३ | ५८ | ६३ | १२१ |
| ४ | ४ | ३ | ३ | ६ |
| ५ | ५ | ९९ | ६६ | १६५ |
| ६ | ६ | १५ | २० | ३५ |
| ७ | ७ | ४९ | ४२ | ९१ |
| ८ | ८ | ४१ | २० | ६१ |
| जम्मा | | ३१५ | २६५ | ५८० |

माथिको तालिकालाई हेर्दा मालिका गाउँपालिकाबाट अन्य स्थानीय तहवाट आउने विद्यार्थीहरूको तुलनामा अर्को स्थानीय तहमा जाने विद्यार्थीहरूको सङ्ख्या करिव दोब्बर देखिन्छ। खासगरि पछिल्लो समय शहरीकरणको व्यापक प्रभाव तथा नागरिकको आर्थिक अवस्थामा आएको सुधारले गर्दा शहर केन्द्रित बसाईसराइ लाई यसको प्रमुख कारणका रुपमा लिन सकिन्छ। गाउँपालिकाभित्रका विद्यालयहरूको आन्तरिक अवस्थाको सबलिकरण र गुणस्तरीय शिक्षाको सन्दर्भमा समेत आवश्यक पहलकदमीको आवश्यकता देखिन्छ।

### १.५.६ विद्यालयको भौतिक पूर्वाधारको अवस्था

गाउँपालिकाका ५३ ओटा सामुदायिक विद्यालयका २१६ भवनहरूमा ४५५ कोठाहरू छन्। प्रायः सबै विद्यालयमा अव्यवस्थित खेलमैदान रहेका छन्। गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरूमा ८४ ओटा शौचालय, ७० ओटा खानेपानीको धारा रहेका छन्। त्यसैगरी ४५ ओटा विद्यालयहरूमा स्टाफ कक्ष उपलब्ध छ। ४२ ओटा विद्यालयमा दिवा खाजा व्यवस्थापनको लागि भान्साकोठा उपलब्ध छ। १४ ओटा विद्यालयमा आफ्नो फूलबारी उपलब्ध छ।

| सि.नं. | विद्यालय | भवन | कक्षा कोठा | खेल मैदान | शौचालय | धारा सङ्ख्या | स्टाफ कक्ष | भान्साकोठा | बगैंचा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Amar Secondary School | २ | १६ | १ | १ | १ | १ | १ | ० |
| २ | Arjai Secondary School | ५ | २९ | १ | ३ | ८ | २ | १ | १ |
| ३ | Arkhabang Secondary | ३ | १७ | १ | २ | १ | १ | ० | ० |
| ४ | Banskhola Balbikas Kendra | १ | १ | १ | १ | ० | ० | ० | ० |
| ५ | Bararukha Basic School | ४ | १४ | २ | १ | १ | २ | १ | ० |
| ६ | Bhagawati Pra V | १ | ३ | १ | १ | | | | |
| ७ | Bhumeychaur Pra V | २ | ४ | १ | १ | १ | ० | १ | ० |
| ८ | Bidya Devi Primary school | २ | ५ | १ | १ | १ | १ | १ | ० |
| ९ | Chhatra Basic School | २ | ८ | १ | २ | १ | १ | १ | ० |
| १० | Chhaphile Secondry School | ४ | २० | १ | ३ | ४ | १ | १ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | Chyandanda Secondary School | ३ | १६ | १ | २ | १ | ० | १ | ० |
| १२ | Deurali Pra V | ३ | ६ | १ | १ | १ | ० | १ | ० |
| १३ | Devisthan Secondary School Ghamir | ४ | २२ | २ | ३ | २ | १ | १ | १ |
| १४ | Devisthan Secondary School Hwangdi | ५ | २० | १ | २ | ० | १ | १ | ० |
| १५ | Fulbari Basic Primary School | २ | ५ | १ | १ | १ | १ | १ | ० |
| १६ | Gaenli Chaur Pra V | २ | ४ | १ | १ | ० | १ | १ | ० |
| १७ | Gaira Pra V | १ | २ | १ | १ | १ | १ | १ | ० |
| १८ | Hwangdi Mehale Secondary School | ३ | २० | १ | ५ | १ | २ | १ | १ |
| १९ | Hwangdi chiwara pv | २ | ५ | १ | २ | ० | १ | १ | १ |
| २० | Jamal Pokhara Secondary School | ५ | १६ | १ | ४ | ३ | १ | १ | ० |
| २१ | Janajagaran Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| २२ | Janajyoti Basic School | २ | ६ | १ | २ | १ | १ | ० | १ |
| २३ | Janakalayan Pra V | १ | ३ | १ | १ | १ | १ | १ | १ |
| २४ | Janasewa Pra V | १ | ४ | | | | | | |
| २५ | Kalika Basic school | ३ | ८ | १ | १ | १ | १ | १ | ० |
| २६ | Khadga Basic School | ४ | १४ | २ | २ | ३ | १ | १ | ० |
| २७ | Maidane Chaur Basic School | ३ | ७ | १ | ३ | ३ | १ | १ | १ |
| २८ | Malika Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| २९ | Malika Pra V Rang | १ | २ | | | | | | |
| ३० | Malika Pra V Okharbot | १ | ४ | १ | २ | ० | १ | १ | ० |
| ३१ | Malika Secondary School | ३ | २४ | २ | ८ | ६ | २ | १ | १ |
| ३२ | Manakamana Pra V | | | | | | | | |
| ३३ | Marandanda Basic School | २ | ७ | १ | १ | १ | १ | १ | १ |
| ३४ | Mirmire Pra V | १ | २ | १ | १ | १ | ० | १ | ० |
| ३५ | Neta Darling Secondary School | ४ | २२ | १ | १ | २ | १ | १ | १ |
| ३६ | Okharbot pra vi | १ | २ | १ | १ | १ | १ | १ | ० |
| ३७ | Paiyapata Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| ३८ | Pata Kharka Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| ३९ | Raina Devi Pra V | २ | ४ | १ | १ | १ | १ | १ | ० |
| ४० | Sallakharka Pra V | २ | ४ | १ | १ | १ | १ | १ | ० |
| ४१ | Shantasamaj Balbikas Kendra | १ | १ | | | | | | |
| ४२ | Shiva Balbikas Kendra | १ | ४ | | | | | | |
| ४३ | Rani Pokhari Basic School | ३ | १५ | १ | १ | ६ | १ | १ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | Siddha Baba Pra V | १ | ४ | १ | १ | १ | १ | १ | १ |
| ४५ | Siddha Basic School | २ | १० | १ | ४ | १ | १ | १ | १ |
| ४६ | Siddhamalika Basic School | ३ | ११ | १ | १ | १ | १ | १ | ० |
| ४७ | Siddheshwori Basic School | २ | ८ | १ | २ | १ | १ | १ | ० |
| ४८ | Suryodaya Pra V | २ | ६ | १ | १ | १ | १ | १ | १ |
| ४९ | Tammudanda Basic School | २ | ६ | १ | १ | १ | १ | ० | ० |
| ५० | Thadhunga Chisapani Balbikas Kendra | १ | २ | १ | १ | १ | ० | ० | ० |
| ५१ | Thanapati Basic School | ४ | १३ | १ | १ | १ | १ | १ | ० |
| ५२ | Thulichaur Basic School | १ | ११ | १ | ३ | १ | १ | १ | १ |
| ५३ | Tikhechuli Pra V | २ | ५ | १ | १ | १ | १ | १ | ० |
| | | 216 | 455 | 52 | ८४ | ७० | ४५ | ४२ | १४ |

## १.५.७ विद्यालयका कम्प्युटर कक्ष, विज्ञान प्रयोगशाला, पुस्तकालयको अवस्था

यस गाउँपालिकाका २९ ओटा विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टर वितरण गरिएको छ। त्यसैगरी ११ विद्यालयमा १२ ओटा कम्प्युटर ल्याबको व्यवस्था छ। त्यसैगरी ११ ओटा विद्यालयमा १२ ओटा विज्ञान प्रयोगशालाको स्थापना गरिएको छ। १० ओटा विद्यालयमा पुस्तकालयको स्थापना गरिएको छ। गाउँपालिकाका २८ ओटा विद्यालयमा २४० कम्प्युटर र ४० ओटा प्रिन्टरको उपलब्धता छ।

| सि.नं. | विद्यालय | क.प्रयो. | वि.प्रयोगशाला | पुस्तकालय | कम्प्युटर | प्रिन्टर |
|---|---|---|---|---|---|---|
| १ | Amar Secondary School | १ | १ | ० | २४ | १ |
| २ | Arjai Secondary School | २ | १ | १ | ६४ | ४ |
| ३ | Arkhabang Secondary | १ | १ | १ | २० | ३ |
| ४ | Bararukha Basic School | १ | ० | १ | ४ | २ |
| ५ | Chhatra Basic School | ० | ० | ० | १ | १ |
| ६ | Chhaphile Secondry School | १ | १ | १ | ७ | १ |
| ७ | Chyandanda Secondary School | ० | १ | ० | १ | १ |
| ८ | Devisthan Secondary School Ghamir | १ | १ | १ | १२ | २ |
| ९ | Devisthan Secondary School Hwangdi | १ | १ | १ | १८ | २ |
| १० | Fulbari Basic Primary School | ० | ० | ० | १ | १ |
| ११ | Hwangdi Mehale Secondary School | १ | १ | १ | ५ | १ |
| १२ | Jamal Pokhara Secondary School | १ | १ | १ | ५ | २ |
| १३ | Janajagaran Pra V | ० | ० | ० | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | Janajyoti Basic School | ० | ० | ० | १ | १ |
| १५ | Kalika Basic school | ० | ० | ० | १ | १ |
| १६ | Khadga Basic School | ० | ० | ० | १ | १ |
| १७ | Maidane Chaur Basic School | ० | ० | ० | १ | १ |
| १९ | Malika Secondary School | १ | २ | १ | ४५ | ४ |
| २० | Neta Darling Secondary School | १ | १ | १ | १५ | १ |
| २१ | Paiyapata Pra V | ० | ० | ० | १ | १ |
| २२ | Rani Pokhari Basic School | १ | ० | ० | ९ | ३ |
| २३ | Siddha Basic School | ० | ० | ० | १ | १ |
| २४ | Siddhamalika Basic School | ० | ० | ० | ० | १ |
| २५ | Siddheshwori Basic School | ० | ० | ० | १ | १ |
| २६ | Suryodaya Pra V | ० | ० | ० | १ | १ |
| २७ | Tammudanda Basic School | ० | ० | ० | ० | १ |
| २८ | Thanapati Basic School | ० | ० | ० | १ | १ |
| २९ | Thulichaur Basic School | ० | ० | ० | १ | १ |
| | | १६ | १२ | १० | २४० | ४० |

### १.५.८ शैक्षिक तालिम तथा क्षमता विकासको अवस्था

मालिका गाउँपालिकाले हरेक आ.व. मा विभिन्न तहमा अध्यापन गर्ने शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गरेको छ। आ.व. २०७९/८० देखि यस गाउँपालिकाबाट सञ्चालित शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास तालिमको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सि.नं. | तालिमको विवरण | आ.व.२०७९/८० | २०८०/०८१ | आ.व.२०८१/८२ |
|---|---|---|---|---|
| १ | बाल विकास सहजकर्ताको क्षमता विकास तालिम | ५७ | - | - |
| २ | प्राथमिक तहका शिक्षकहरूको लागि विषयगत तालिम | १४० | ८० | ५० |
| ३ | निम्नमाध्यमिक शिक्षकहरूको क्षमता विकास तालिम | ४० | | २२ |
| ४ | माध्यमिक तहका शिक्षकहरूको विषयगत क्षमता विकास तालिम | ३५ | ० | |
| ५ | शिक्षक तथा कर्मचारीहरूको सूचना तथा प्रविधि तालिम | ६० | २२ | - |
| ६ | एकिकृत विद्यार्थी मूल्याङ्कन सम्बन्धी कस्टमाइज्ड तालिम | १२० | ४० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | विद्यालयका शिक्षकहरूको लागि योग प्रशिक्षण तालिम | | ४० | जिल्ला आयुर्वेद अस्पताल द्वारा सञ्चालित |
| ८ | विद्यालयका शिक्षकहरूको लागि शैक्षिक सामग्री निर्माण कार्यशाला (लघु तालिम) | | ९० | |
| ९ | प्राथमिक विद्यालयका शिक्षकहरूको लागि आधारभूत गणितीय तथा भाषिक तालिम | | ५० | यु.डब्ल्यु.एस.सँगको साझेदारीमा |
| १० | आधारभूत तह (६-८) मा अध्यापन गर्ने शिक्षकहरूको लागि विज्ञान तथा गणितको विषयगत तालिम | | २३ | .डब्ल्यु.एस.सँगको साझेदारीमा |

## १.५.८ कक्षागत विद्यार्थी विवरण

| विवरण | बाबि | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै विद्यालय | ९६२ | ५४२ | ४३२ | ४१२ | ४५८ | ५१० | ४२२ | ४०० | ४०१ | ४०७ | ४१८ | १०८ | ३११ |
| सामुदायिक विद्यालय | ७४५ | ४४० | ३५२ | ३२९ | ४०६ | ४६५ | ४०५ | ३९८ | ३९७ | ४०७ | ४१८ | १०८ | ३११ |

इमिस रिपोर्ट, २०८२ अनुसार यस गाउँपालिकाका विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरू जम्मा ५८३० रहेका छन्। कक्षागत रूपमा बा.वि.मा ९६२, कक्षा १मा ५४२, कक्षा २ मा २, ५३२, कक्षा ३ मा ४१२, कक्षा ४ मा ४५८, कक्षा ५ मा ५१०, कक्षा ६ मा ४२२, कक्षा ७ मा ४००, कक्षा ८ मा ४०१ कक्षा ९ मा ४०७, कक्षा १० मा ४१८, कक्षा ११ मा १०८ र कक्षा १२ मा ३११ जना विद्यार्थीहरू अध्ययन गर्छन्। त्यसैगरी सामुदायिक विद्यालयहरूमा ५२०८ विद्यार्थीहरू शै.व.२०८१ मा अध्ययन गरेका थिए। कक्षा १ मा ७४५, कक्षा १ मा ४४० कक्षा २ मा ३५२, कक्षा ३ मा ३२९, कक्षा ४ मा ४०६, कक्षा ५ मा ४६५, कक्षा ६ मा ४०५, कक्षा ७ मा ३९८ र कक्षा ८ मा ३९७ विद्यार्थीहरू अध्ययन गर्छन्।

## १.५.९ तहगत विद्यार्थी विवरण

इमिस रिपोर्ट २०८१ अनुसार तहगत रूपमा सबैभन्दा धेरै विद्यार्थीहरू प्रा.वि. तहमा देखिन्छन्। त्यसै गरी आधारभूत तह (६-८)मा विद्यार्थीहरूको सङ्ख्या १२२३ छ। कक्षा ९-१२ मा १२६४ विद्यार्थीहरू छन्। आधारभूत तह (कक्षा १-८) मा ३५७७ विद्यार्थीहरू छन्। सामुदायिक विद्यालयमा मात्र आधारभूत तह (कक्षा १-८) मा ३१९२ र ९-१२ मा १२६४ विद्यार्थीहरू इमिस रिपोर्ट २०८१ मा देखिएको छ। तल प्रस्तुत गरिएको तालिकामा उक्त तथ्याङ्क प्रस्तुत गरिएको छ।

| कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | कक्षा १-८ | | | कक्षा ९-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| केटी | केटा | कुल | केटी | केटा | कुल | केटी | केटा | कुल | केटी | केटा | कुल | केटी | केटा | कुल | केटी | केटा | कुल |
| ११३५ | १२१९ | २३५४ | ६०८ | ६१५ | १२२३ | ४०९ | ४१६ | ८२५ | २२६ | १९३ | ४१९ | १७४३ | १८३४ | ३५७७ | ६३५ | ६०९ | १२४४ |
| ९८२ | १०१० | १९९२ | ५९८ | ६०२ | १२०० | ४०९ | ४१६ | ८२५ | २२६ | १९३ | ४१९ | १५८० | १६१२ | ३१९२ | ६३५ | ६०९ | १२४४ |

## १.५.१० दलित विद्यार्थी विवरण

इमिस रिपोर्ट, २०८१ अनुसार सामुदायिक विद्यालयहरूमा इसिडिमा ३७७, कक्षा १, २, ३, ४ र ५ मा क्रमशः १७९, २००, १७६, १७९ र १६६ देखिएका छन्। त्यसैगरी कक्षा ६-८ मा क्रमशः ११७, ८५ र ६९ विद्यार्थी देखिएका छन्। कक्षा ९-१२ मा क्रमशः ७५, ७६, २७ र ४७ विद्यार्थीहरू देखिएका छन्। तुलनात्मक रूपमा दलित विद्यार्थीहरूको माथिल्ला कक्षाहरूमा सङ्ख्या पातलिंदै गएको देखिएको छ। संस्थागत विद्यालय समेत गरेर कक्षा १-८ मा विद्यार्थीहरूको सङ्ख्या क्रमशः ३७८, २६०, १७३ १६३, २०४, २२१, १५४, १३९ र १३६ रहेको छ। तुलनात्मक रूपमा हेर्दा दलित विद्यार्थीहरूको सङ्ख्या संस्थागत विद्यालयमा उल्लेख्य नभएको देखिएको छ।

| विवरण | इसिडी | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा१० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | ३७७ | १७९ | २०० | १७६ | १७९ | १६६ | ११७ | ८५ | ६९ | ७५ | ७६ | २७ | ४७ |
| सबै विद्यालय | 378 | 260 | 173 | 163 | 204 | 221 | 154 | 139 | 136 | 122 | 127 | 34 | 95 |

## १.५.११ जनजाति विद्यार्थी विवरण

राष्ट्रिय जनगणनाबाट मालिका गाउँपालिकामा जनजातिको जनसङ्ख्या २२% रहेको छ। २२% हिस्सा ओगटेको जनजाति समुदायका बालबालिकाहरूको तथ्याङ्कीय विवरण हेर्दा संस्थागत विद्यालय समेत इसिडि देखि कक्षा ८ सम्म क्रमशः ११०, १२७, २३७, ५९, ४३, १०२, ४६, ५५ र १०१ रहेको देखिएको छ। कक्षा ९-१२ सम्म उक्त जनजाति समुदायका बालबालिकाहरूको सङ्ख्या क्रमशः. ४५, ४८, ९३ र ३८ रहेको देखिएको छ। सामुदायिक विद्यालयमा मात्र इसिडि देखि कक्षा ८ सम्म क्रमशः ९४, १०६, २००, ५९, ४३, १०२, ४०, ५२ र ९२ रहको छ।

| विवरण | इसिडी | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा१० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै विद्यालयमा विद्यार्थी सङ्ख्या | ११० | १२७ | २३७ | ५९ | ४३ | १०२ | ४६ | ५५ | १०१ | ४५ | ४८ | ९३ | ३८ |
| सामुदायिक विद्यार्थी सङ्ख्या | ९४ | १०६ | २०० | ५९ | ४३ | १०२ | ४० | ५२ | ९२ | ४१ | ४६ | ८७ | ३७ |

## १.५.१२ अपाङ्गता भएका विद्यार्थी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार मालिका गाउँपालिकामा करिब ४% जनसङ्ख्या सामान्यदेखि गम्भिर प्रकृतिका अपाङ्गता भएको देखिन्छ। विद्यालय तहमा अध्ययन गर्ने ५८३० बालबालिकाहरूमध्ये करिब २% बालबालिकाहरूमा अपाङ्गताको पहिचान भएको छ। गाउँपालिकाका ३८ जना विद्यार्थीहरूले अपाङ्गता छात्रवृत्तिको सहुलियत समेत प्राप्त गर्ने गरेका छन्। अपाङ्गता पहिचान भएका बालबालिकाहरूको सङ्ख्यात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ.

| विवरण | इसिडी | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै विद्यालयमा विद्यार्थी सङ्ख्या | १७ | २४ | २३ | १८ | १ | २ | २ | ५ | ३ | ३ | ४ | १ | २ |
| सामुदायिक विद्यार्थी सङ्ख्या | १२ | २४ | २३ | १६ | २ | ३ | २ | ५ | ३ | ३ | ४ | १ | २ |

आ.व. २०८१/०८२ मा गाउँपालिकाका विभिन्न विद्यालयमा अध्ययन गर्ने ३८ जना अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गता तहअनुसारको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| सि.नं. | अपाङ्गता वर्ग | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | क | ३ | |
| २ | ख | १३ | |
| ३ | ग | १३ | |
| ४ | घ | ४ | |

माथिको तालिकामा प्रस्तुत गरिएका अपाङ्गता भएका बालबालिकाहरू मध्ये २२ जना बालबालिकाहरू शारीरिक अपाङ्गता छ। त्यसैगरी ४ ओटा बालबालिकाहरू दृष्टिसँग सम्बन्धित अपाङ्गता भएका छन्। तीनओटा बालबालिकाहरू बौद्धिक अपाङ्गता भएका छन्। अन्य बालबालिकाहरूको श्रवण लगायतका अपाङ्गता देखिएको छ।

## १.६ संस्थागत विद्यालयहरूको शिक्षा विकासमा योगदान

मालिका गाउँपालिकामा पाँच ओटा संस्थागत विद्यालय छन्। मालिका गाउँपालिका वडा नं. ६, ७ र ८ मा क्रमशः १, २ र २ ओटा विद्यालयहरू रहेका छन्। सिद्ध प्रा.वि., मालिका -६ मा ११० जना, भैरवकालीमा १६१ जना, जेनिथस्टार बोर्डिङ्ग स्कुलमा ३४ जना, सिभिल इङ्लिस बोर्डिङ् स्कुलमा १७० जना र किसान आवासीय बोर्डिङ स्कुलमा १४८ गरी कुल ६२३ जना विद्यार्थीहरूले संस्थागत विद्यालयहरूमा अध्ययन गर्छन्।

## १.७ प्राविधिक धारका विद्यार्थीको सङ्ख्या र प्रवृत्ति

मालिका गाउँपालिकामा माध्यमिक तहमा प्राविधिक धार सञ्चालन रहेको विद्यालय मालिका मा.वि., मालिका-८ हो। यस विद्यालयमा कक्षा ९ देखि १२ सम्म प्राविधिक धार तर्फ बाली विज्ञानका कक्षाहरू सञ्चालनमा रहेका छन्। उक्त विद्यालयमा कक्षा ९ देखि १२ सम्म बाली विज्ञान अध्ययन गर्ने विद्यार्थीहरूको विवरण देहायबमोजिम रहेको छ।

| कक्षा | ९ | १० | ११ | १२ | कैफियत |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ३१ | ३४ | २ | १४ | |

## १.८ अनौपचारिक सिकाइ केन्द्र

अनौपचारिक शिक्षाको विकास तथा आजीवन सिकाइ तथा पठन संस्कारको विकास गर्न गाउँपालिकामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरिएका छन्। यस गाउँपालिकामा सञ्चालित सामुदायिक अध्ययन केन्द्रको विवरण देहायबमोजिम रहेको छ।

| सि.नं. | सामुदायिक अध्ययन केन्द्र | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मधुवन सामुदायिक अध्ययन केन्द्र | मालिका गा.पा.-५ | |
| २ | सिर्जनशिल सामुदायिक अध्ययन केन्द्र | मालिका गा.पा.-८ | |
| ३ | छापहिले सामुदायिक अध्ययन केन्द्र | मालिका गा.पा-५ | |

आ.व. २०८१/०८२ मा मालिका गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत रहेको संघीय शसर्त तर्फको लागत साझेदारीमा अनौपचारिक, आजीवन तथा निरन्तर सिकाइ कार्यक्रम अन्तर्गत गाउँपालिकाका ८ ओटै वडामा निरक्षरहरूको पहिचान तथा आधारभूत डिजिटल साक्षरता सञ्चालन गरिएको छ। उक्त कार्यक्रमबाट लाभान्वित निरक्षरहरूको तथ्याङ्कीय विवरण देहाय बमोजिम रहेको छ।

## १.८ गाउँपालिकाभित्र कार्यरत शिक्षकहरूको विवरण

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला % |
| पूर्व प्र.बि./बा.बि.के. | | | | | | | ५७ | ४२ | १ | १४ | ९८.२ |
| आधारभूत (१-५) | ११६ | ३३ | १४९ | ३४ | २२% | | १६० | ४० | १२० | १३ | |
| आधारभूत (६-८) | २० | २० | ४० | १३ | ३२.५ | | ४९ | १३ | ४० | ३ | |
| माध्यमिक (९-१०) | २२ | ७ | २९ | ४ | १३.७ | | ५१ | ४ | ४७ | ५ | |
| माध्यमिक (११-१२) | ४ | ६ | १० | २ | २० | | १४ | २ | ८ | ० | |

## १.९ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरूको अवस्था र प्रवृत्ति विश्लेषण

गाउँपालिकामा उपलब्ध स्थायी तथा राहत दरबन्दी र शैक्षिक वर्ष २०८१ को तहगत विद्यार्थी सङ्ख्याको आधारमा गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| तह | १-५ | ६-८ | ९-१० | ११-१२ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| शिक्षक विद्यार्थी अनुपात | १५ | ३० | २८ | २९ |

शैक्षिक वर्ष २०८१ को तहगत विद्यार्थी सङ्ख्या र सो तहको लागि उपलब्ध शुन्य दरबन्दी युडब्ल्युएससँगको साझेदारीमा नियुक्त शिक्षकहरूको आधारमा गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| तह | १-५ | ६-८ | ९-१० | ११-१२ | १-८ | ९-१२ |
|---|---|---|---|---|---|---|
| शिक्षक विद्यार्थी अनुपात | १४ | २३ | १६ | १३ | १६ | ४१ |

## १.१० मालिका गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका सबल पक्षहरू

१. नेपालको संविधानले माध्यमिक तहको शिक्षालाई एकल अधिकारको सूचीमा राखेको,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकालाई माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न २३ ओटा अधिकार तथा कर्तव्यहरूको व्यवस्था गरेको,

३. गाउँपालिकाले शै.व. २०८० देखि शैक्षिक सुधार वर्षको घोषणा गरी वि.सं.२०८१ र २०८२ लाई समेत सो अभियानको अनुक्रम वर्षको रूपमा घोषणा गरी शिक्षालाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रमहरू तर्जुमा गर्ने गरेको,

४. विद्यालय समायोजन तथा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी मिलान गरी आवश्यकता र औचित्यताको क्षेत्रमा लगानी केन्द्रित गर्ने नीति अङ्गिकार गरेको,

५. उत्कृष्ट शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय घोषणा गरी शिक्षा क्षेत्रमा विशेष योगदान गर्ने कर्मठ शिक्षक तथा उत्कृष्ट शिक्षालय खडा गर्न अभिभावक, शिक्षक तथा कर्मचारीहरूलाई दिशानिर्देश गर्ने गरेको,

६. विद्यालयका वास्तविक समस्याहरूमा गाउँपालिकाको स्रोतलाई प्रयोग गर्ने नीति लिएको,

७. विद्यालयहरूमा सक्षम तथा योग्य शिक्षकहरूको व्यवस्थापन गर्न गाउँपालिकास्तरमै अस्थायी तथा करार शिक्षक छनौट समिति तथा शिक्षक बैंक कार्यविधिअनुसार सम्भावित योग्य शिक्षकहरूलाई छनोट गरी शिक्षक बैंकको व्यवस्थापन गरिएको,

८.शिक्षा क्षेत्रमा शुसासन कायम गर्न सबै शैक्षिक गतिविधिहरूलाई पारदर्शी गर्ने प्रयास गरिएको,

९.कक्षा ५ लाई पनि कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा जस्तै स्तरीकृत गरी कक्षा ५मै गुणस्तर मापन गर्ने कार्यको थालनी गरिएको,

१०. गाउँपालिकाले सबै विद्यालयहरूमा पाठ्यक्रमअनुसारका शैक्षिक क्रियाकलापहरूलाई कक्षाकोठामा व्यवस्थित ढङ्गले सञ्चालन गर्ने गरी व्यवस्थापनका कार्यमा विद्यालय प्रशासनसँग कार्यसम्पादन सम्झौता गर्ने गरेको,

११.गाउँपालिकाभर शैक्षिक पात्रोको माध्यमबाट शैक्षिक गतिविधिहरूमा एकरूपताको थालनी गरेको

१२. गाउँपालिकाभर स्थानीय पाठ्यपुस्तक हाम्रो मालिका, आफ्नै एकीकृत विद्यार्थी मूल्याङ्कनमा आधारित पुस्तिका विकास गरी विद्यालयहरूमा लागु गरेको,

१३.अति विपन्न तर राज्यको नजरबाट टाढा रहेका विपन्न, अनाथ, अशक्त, द्वन्द्व पीडित बालबालिकाहरूलाई छात्रवृत्ति को व्यवस्थापन गरिएको,

१४.विद्यालयका अति विपन्न बालबालिकाहरूलाई अध्यक्षसँग विद्यार्थी कार्यक्रममार्फत प्रोत्साहन गरिएको,

१५.अभिभावक सचेतना कार्यहरूको थालनी गरिएको,

१६.निरक्षर व्यक्तिहरूको पहिचान तथा साक्षरता अभियानको थालनी गरिएको,

१७. विद्यार्थीहरूको अपाङ्गता पहिचान कार्यक्रमको थालनी हुँदा अपाङ्गता भएका विद्यार्थीहरूको सिकाइ आवश्यकतामा ध्यान केन्द्रित हुने संभावना बढेको।

## १.११ मालिका गाउँपालिकाको शिक्षा क्षेत्रका दुर्वल पक्षहरू

१. जनसङ्ख्याको ऋणात्मक वृद्धिदर, मानिसहरूको सहर तथा तराईतिरको बसाइसराइको बढ्दो दर, सहर केन्द्रित विद्यालयहरूतिरको विद्यार्थीहरूको मोह को कारण विद्यालयहरू क्रमशः रित्तिदै गएको,

२. शिक्षकहरूको वृत्ति विकासलाई कार्यसम्पादनसँग जोड्न नसकिएको,

३. विद्यालयकेन्द्रित अनुगमन, सुपरीवेक्षण तथा मेन्टरिङ्गलाई सघन रूपमा विद्यालयमा पुर्याउन नसकिएको,

४. विद्यालयहरूलाई बालकेन्द्रित र अपाङ्गमैत्री बनाउने कार्यको थालनी अझै गर्न नसकिएको,

५. जनशक्तिको उचित व्यवस्थापन गर्न नसकिएको,

६. वडाका विद्यालयहरूलाई समायोजन गरी बहुआयामिक तथा गुणस्तर उन्मुख विद्यालयको विकास गर्न अझै नसकिएको,

७. विद्यालयका पठनपाठनलाई आधुनिकीकरण गर्न नसकिएको,

८. शिक्षण सिकाइलाई व्यवहारमुखी, प्रयोगात्मक, परियोजनात्मकता तर्फ उन्मुख गर्न नसकिएको,

९. शिक्षकहरूको क्षमताविकास गरी उनीहरूको कार्यसम्पादनको निगरानी गर्न नसकिएको,

१०. सिर्जनशिलतालाई प्रोत्साहित गर्ने वास्तविक आवश्यकतामुखी शिक्षालाई विद्यालयहरूमा सुनिश्चित गर्न नसकिएको,

११. बालविकास केन्द्रहरूमा क्षमतावान दक्ष शिक्षकहरूको व्यवस्था गर्न नसकिएको,

१२. विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन लगायतका विद्यालय शिक्षाका सम्बन्धित पक्षहरूलाई गाउँपालिकाको दीर्घकालीन भिजनमा एकाकार गराउन नसकिएको,

१३. विद्यालयहरूमा चरम राजनैतिक प्रभाव हावी देखिएको, शिक्षणमा भन्दा पनि शिक्षक राजनैतिक गतिविधिहरूमा सरिक हुन प्रोत्साहित देखिएको

## १.१२ मालिका गाउँपालिकाका शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू

यस गाउँपालिकामा शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू देहाय बमोजिम रहेका छन्:

१. गुणस्तरीय प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्न जनशक्ति व्यवस्थापन तथा न्यूनत्तम भौतिक सुविधा उपलब्ध गराउने, गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको मापदण्ड पूरा गर्ने,

२. प्रारम्भिक बालविकास शिक्षाबाट कक्षा १ मा पुगेका बालबालिकाहरूको प्रवेश व्यवहार कक्षा १ को लागि प्रयाप्त नहुनु,

३. विद्यार्थी सङ्ख्याको उल्लेख्य कमी हुँदै गर्दा विद्यालयको पूनर्वितरण, समायोजन तथा तहगत कक्षा मिलान गर्नुपर्ने आवश्यकता र बालबालिकाहरूको शिक्षामा सहज पहुँच तथा सहभागिताको सुनिश्चितता बिचको तालमेल

३. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

४. विद्यालयमा तहगत, विषयगत शिक्षक तथा कर्मचारी परिपूर्ति तथा दरबन्दी मिलान

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा पालिकागत, जिल्लागत र प्रदेशगत भिन्नता रहनु;

७. पाठ्यक्रमले निर्दिष्ट गरेका विद्यार्थी केन्द्रित शिक्षण विधि तथा सहजीकरणका तरिकाहरू अवलम्बन गराउने तथा तोकिएको मूल्याङ्कन प्रणालीलाई अवलम्बन गर्न शिक्षकहरूको क्षमता विकास

८. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

९. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

१०. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

११. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

१२. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१३. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१४. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१५. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१६. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भरी शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१७. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१८. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने।

## १.१३ मालिका गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका अवसरहरू

यस गाउँपालिकाको शिक्षा क्षेत्रलाई सुधार तथा सबलीकरण गर्न थुप्रै अवसरहरू देखिएका छन्। ति अवसरहरू निम्नानुसार रहेका छन्।

१. सामुदायिक विद्यालयहरूको सबलीकरणमा स्थानीय सरकार तथा सबै सरोकारवालाहरू सचेत हुन थालेको अवस्था निर्माण,

२. विद्यालयहरूबिच स्वस्थ प्रतिस्पर्धा सिर्जना गरिदा र काम अनुसार सम्मान हुन्छ भन्ने परिस्थिति निर्माण हुँदा सबै विद्यालयहरूमा शैक्षिक गति कायम भएको,

३. विद्यालयका भवन, खेल मैदान जस्ता पुर्वाधारहरू सबै विद्यालयमा पूरा हुने अवस्था सिर्जना भएको कारण लगानी अव साना तिना पूर्वाधार निर्माण जस्तै वास सहितको शौचालय, बुक कर्नर, लाइब्रेरी, घेराबार, फुलबारी निर्माण, कक्षा कोठामा सूचना तथा सञ्चार सुविधा पुर्याउने क्षेत्रमा राज्यको लगानी केन्द्रित गर्न सकिने परिस्थितिको निर्माण,

४. गाउँपालिकामा यु.डब्ल्यु.एस, कारखाना समूह लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूलाई मालिका गाउँपालिकाको शिक्षा क्षेत्रमा भरपर्दा साझेदारको रूपमा विकास गर्न सकिएको,

५. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

६. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको;

७. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि

शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको;

८. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको; शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको;

९. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको;

१०. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने;

११. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१२. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

१३. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने।

१४. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन भइराखेको,

# परिच्छेद २ दिर्घकालीन सोंच, उद्देश्य र रणनीति

## २.१ दीर्घकालीन सोच (Vision)

सक्षम, संस्कारयुक्त, सिर्जनशील, प्रतिस्पर्धी र प्रविधीमैत्री नागरिक तयार गरी " समृद्ध नेपाल सुखी नेपालीको" आकक्षा पूरा गर्न टेवा पुर्याउने,

## २.२ ध्येय (Mission)

गुणस्तरीय तथा समयानुकुल शिक्षा प्रदान गरी नागरिकको शिक्षा सम्बन्धी हक सुनिश्चित गर्न मालिका गाउँपालिकामा सुविधासम्पन्न, सक्षम सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सामुदायिक विद्यालय स्थापना गर्ने,

## २.३ उद्देश्यहरू:

१. विद्यालय शिक्षाका सबै तह र कक्षामा गुणस्तरीय र सान्दर्भिक शिक्षा प्रदान गर्नु,

२. शिक्षा तथा विद्यालय प्रशासनको पारदर्शिता, जबाफदेहिता र द्रुत सेवा प्रवाह कायम गर्नु

३. पारदर्शी, निष्पक्ष र सक्षमतामा आधारित जनशक्ति छनोट तथा व्यवस्थापन तथा जनशक्तिको क्षमता विकास र जवाफदेहिता कायम गर्नु,

४. महिला, दलित, जनजाति, अपाङ्गता भएका र समाजमा बञ्चितीकरणमा परेका बालबालिका लगायत सबै बालबालिकाहरूको शैक्षिक पहुँच तथा समावेशिताको सुनिश्चित गर्नु,

५. विद्यालयमा आधुनिक शैक्षिक प्रविधिको व्यवस्थापन तथा प्रयोग गर्नु

६. बालमैत्री भौतिक व्यवस्थापन गर्नु,

७. अनौपचारिक, खुला, आजीवन र जीवनोपयोगी शिक्षाको व्यवस्थापन गर्नु,

## २.४ रणनीतिहरू

### उद्देश्य नं १ सँग सम्बन्धित रणनीतिहरू:

१. प्रत्येक विद्यालयमा सबै प्रकारका बालबालिकाहरूलाई अनुकूल हुने गरी उपयुक्त सिकाइ वातावरण सिर्जना गर्ने,
२. पाठ्यक्रममा उल्लेखित उद्देश्यहरू पूरा गराउन, पाठ्यक्रमको मर्म पूरा गर्ने खालका, समसामयिक, अद्यावधिक, विषयसुहाँदा विद्यार्थी केन्द्रित विधि तथा मूल्याङ्कनका तौर तरिकाहरू प्रयोग गर्ने,
४. आइ सि टी को प्रयोगमा शिक्षकको क्षमता विकास गरी विद्यार्थीहरूलाई सूचना तथा प्रविधिको ज्ञान तथा सिपमा पाणंगत बनाउने,
५. मूल्याङ्कनलाई उद्देश्यमूलक, नियमित, विश्वसनीय तथा स्तरीकृत गर्न
६. शिक्षकको क्षमता विकासको लागि आवधिक रूपमा विषयगत र सामान्य प्रकृतिका तालिमहरू सञ्चालन गर्ने
७. पाठयोजना तथा शिक्षण सामग्री सहितको शिक्षणलाई सुनिश्चित गर्ने,
८. सुधारात्मक सिकाइलाई हरेक कक्षामा अनिवार्य गर्ने,
९. प्रयोगात्मक, परियोजनायुक्त, क्रियाकलापकेन्द्रित शिक्षण कार्य गर्ने गर्ने,
११.उपयुक्त विज्ञान प्रयोगशाला, कम्प्युटर कक्ष, पुस्तकालय लगायतका पूर्वाधारको विकास गर्ने,
१२.विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षक, विद्यालयको पेसागत विकाससँग जोड्ने,
१३.स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको वार्षिक रूपमा अद्यावधिक गर्ने,
१४.स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा व्यवस्था गरिएका विषयवस्तुहरूमा प्रयोगात्मक रूपमा शिक्षण गर्न शिक्षकहरूलाई अभिमूखीकरण तथा क्षमता विकास गर्ने,

### उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिहरू:

१. शिक्षा ऐनमा भएका व्यवस्था अनुरूप प्र. अ. छनोट कार्यविधि निर्माण गरी प्रधानाध्यापक छनोटको आधार तोकिने छ। प्रधानाध्यापकको कार्यकाल ५ वर्ष गराइनेछ।
२. प्रमुख प्रशासकीय अधिकृतसँग प्र.अ.को कार्यसम्पादन सम्झौता करार गरी नतिजामा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिने छ।
३. अभिभावक तथा सरोकारवालाहरूसँग विद्यालयमा शिक्षा सम्बन्धी नागरिक सुनुवाइ गर्ने।
३. समयमा सामाजिक परीक्षण तथा अन्तिम लेखा परीक्षण गरी सो को जानकारी सरोकारवालाहरूलाई दिने,
४. सूचनापाटी, नागरिक बडापत्र, सूझावपेटीकाहरू प्रत्येक विद्यालयहरूमा गर्ने,
५. शिक्षण कार्य, परीक्षा, उ.पु.परीक्षण तथा नतिजा प्रकाशनमा पारदर्शिता कायम गर्ने,
६. शिक्षकहरूलाई नियमित, जवाफदेही र नतिजाउन्मुख हुन उत्प्रेणा दिने,
७. विद्युतीय हाजिरी र सि.सि. टि.भी. जडान गर्ने,
८. विद्यार्थी भर्ना, सरूवा, शिक्षक नियुक्ति, सरूवा जस्ता पक्षहरूलाई पारदर्शी र झञ्झतमुक्त बनाउने,
९. विद्यालयबाट विद्यार्थीहरूलाई प्रदान गरिने सेवाहरूको सेवाप्रवाह छिटो र छरितो बनाउने।

### उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिहरू:

१. नयाँ भर्ना हुने प्रारम्भिक बालविकास सहजकर्तामा कम्तीमा कक्षा १२ उत्तीर्ण गरेको विशेष छनोट प्रक्रियाको माध्यमबाट छनोट हुनेछ।
२. अस्थायी तथा करार शिक्षक छनोट कार्यविधिको समसामयिक परिमार्जन गरिनेछ।
३. सबै तहको शिक्षक बैंक स्थापना गरिनेछ।
४. शिक्षक तथा कर्मचारी भर्नालाई निष्पक्ष, पारदर्शी गरिनेछ।क्षमतावान मात्र छनौट हुने खालका छनौट प्रक्रियाको थालनी गर्न छनौटमा प्रयोगात्मक/क्रियाकलाप केन्द्रित कार्यहरू पनि छनौटमा अबलम्बन गरिनेछ।
५. नव प्रवेशी शिक्षक लगायत सबै शिक्षकहरूसँग विद्यालय प्रशासनले कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।

६. प्रारम्भिक बालविकास शिक्षिका र विद्यालय कर्मचारी छनोटका लागि विद्यमान पाठ्यक्रममा आवश्यक संशोधन गरिनेछ।

७. सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

८. सबै शिक्षकहरूको क्षमता विकासका तालिमहरू सञ्चालन गर्ने,

९. बाल शिक्षिकाहरूलाई क्रमशः कम्तीमा १५ दिने तालिमको सुनिश्चितता गरिनेछ।

१०. गाउँपालिकाभर एकै प्रकृतिका कार्यभार हुने गरी शिक्षक व्यवस्थापन गरिनेछ।

११. सही मानिस सही पदको अवधारणाअनुसार क्षमतावान शिक्षकहरूलाई उपयुक्त जिम्मेबारी दिनेगरी कार्यक्रमहरू अगाडि बढाइनेछ।

१२. मागमा आधारित तालिम प्याकेजका कार्यक्रमहरू तर्जुमा गरिने छ।

१३. छोटो अवधिका कस्टमाइज्ड तालिमहरू आयोजना गरिने छ।

१४. सेवा प्रवेश तालिम सञ्चालनका लागि मेन्टरहरूको छनौट गरिने छ। सो को मापदण्ड बनाइने छ।

१५. शिक्षक तथा कर्मचारीलाई प्रविधिसँग सम्बन्धित तालिम आयोजना गरिने छ।

१६. सहपाठी मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

१७. निरन्तर सिकाइका अवसरहरू प्रदान गरिने छ।

१८. सिकाइ सञ्जालको व्यवस्था गरिने छ।

१९. एक महिने प्रमाणीकरण तालिमका लागि शिक्षा तालिम केन्द्रसँग समन्वय गरी सञ्चालन गरिने छ।

## उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिहरू

१. महिला, दलित, जनजाति, अपाङ्गता भएका र समाजमा बञ्चितीकरणमा परेका बालबालिका लगायत सबै बालबालिकाहरूको शैक्षिक पहुँच तथा सहभागिता सुनिश्चित गरिनेछ।

२. कक्षा ५ सम्मका दलित छात्र/छात्राहरूलाई वार्षिक पाँचसय रूपैया छात्रवृत्तिको प्रबन्ध गरिने छ।

३. गाउँपालिकाभित्र रहेका महिला, दलित जनजाति, अपाङ्गता भएका, बिपन्न विद्यार्थीहरूलाई गाउँपालिकाले तोके बमोजिमको छात्रवृत्ति प्रदान गरिनेछ।

४. अपाङ्गता भएका तथा अन्य नेपाल सरकारबाट प्राप्त छात्रवृत्तिलाई व्यवस्थित गर्ने कार्य गरिनेछ।

५. अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी उनीहरूको क्षमता अनुसारको विशेष विद्यालय वा स्रोत कक्षामा भर्ना गराउने अभियान चालिनेछ।

६. विद्यार्थीहरूको अध्ययन अध्यापन तथा विद्यालय शिक्षालाई सुदृढ गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

७. विद्यालयका सेवा क्षेत्रमा रहेका दानबीर तथा आर्थिक रूपमा सम्पन्न अभिभावकहरूलाई विद्यालयको गुणस्तर सुधारको अभियानमा जोड्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८. विद्यालयका कक्षाकोठा, लाइब्रेरी तथा प्रयोगशालाहरू बालमैत्री, अपाङ्गमैत्री बनाउने कार्यको प्रारम्भ गरिनेछ।

९. विद्यालयमा सरसफाइ तथा पिउनका लागि पर्याप्त पानीको व्यवस्था गरिनेछ।

१०. विद्यालयको नक्साङ्कन गरी आवश्यक ठाउँमा विद्यालय स्थापना र विद्यालय नभएका डेड स्कुलका

जनशक्तिलाई वैकल्पिक विद्यालय कार्यक्रममा जोडी सबैलाई अनिवार्य तथा निःशुल्क शिक्षाको अभियानमा जोडिनेछ।

### उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिहरू

१. सबै विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टरको व्यवस्था गरिने छ।

२. कक्षा कोठामा क्रमशः स्मार्ट बोर्ड, प्रोजेक्टरको व्यवस्था गरिनेछ।

३. विद्यालयमा इन्टरनेट सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधारको विकास गरिने छ।

४. प्रत्येक विद्यालयमा सिकाइ सहजीकरण गर्न एक विद्यालय एक कम्प्युटरको कार्यक्रम क्रमश जोडिनेछ।

५. शिक्षकहरूलाई आधुनिक शिक्षण विधि तथा तौरतरिकाबाट अध्यापन गर्न क्षमता विकासका तालिममा जोडिनेछ।

६. शिक्षण सिकाइमा आवश्यक सबै प्रकारका शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. क्रमशः प्राथमिक तहसम्म कम्प्युटर, पुस्तकालय लगायत अन्य आधुनिक प्रविधिहरूको विस्तार गरिनेछ।

### उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीतिहरूः

१. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी, बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ।

२. उमेर समूहअनुसार उपयुक्त साइजका फर्निचरको व्यवस्था गरिने छ।

३. हावा ओहरदोहर गर्ने , राम्ररी प्रकाश छिर्ने शान्त कक्षा कोठाका व्यस्थापन गरिने छ।

४. अपाङ्गमैत्री शौचालयको व्यवस्था गरिने छ।

५. जीर्ण भएका भवनहरूको मर्मत तथा पुनर्संरचना गरिने छ।

६. बालमैत्री खानेपानी धारा शौचालय र खेल मैदानको प्रबन्ध गरिने छ।

७. सबै विद्यालयमा आवश्यक पर्ने खेलकुदका सामग्रीको व्यवस्था गरिने छ।

८. सबै विद्यालयमा घेरबारको व्यवस्था गरिने छ।

९. "एक विद्यार्थी एक बिरुवा एक विद्यालय एक बगैंचा" कार्यक्रम सञ्चालन गरिने छ।

१०. रेलिङ्ग नभएका सिंडी तथा बार्दलीहरूमा रेलिङ्ग निर्माण गरिनेछ।

११. प्राकृतिक विपद् पहिरो, आगलागी आदि जोखिमयुक्त स्थानमा भएका विद्यालयहरूलाई स्थानान्तरण गरिनेछ।

१२. बालबालिकाहरू खेल्ने मैदानलाई जोखिमरहित खेलमैदानमा रूपान्तरण गर्ने कार्य गरिनेछ।

१३. विद्यालयमा खेलकुदका पूर्वाधारहरू विकास गर्ने,

१४. नियमित अतिरिक्त क्रियाकलापहरूमार्फत विद्यालयहरूमा रमाउँदै सिक्दै वातावरण सिर्जना गर्ने,

१५. योग तथा योगाभ्यासका पूर्वाधारहरू तयार गर्ने,

१६. गाउँपालिकामा खेल, सङ्गीत तथा योग शिक्षकहरूको व्यवस्थापन गर्ने,

१७. सबै बालबालिकाहरूलाई सडक शिक्षा दिने,

१८. बालबालिकाहरू हिंड्ने मोटरबाटोमा पैदल क्षेत्र तोकी बालबालिकाहरूलाई सुरक्षित गर्ने,

१९. बालबालिकाहरू विद्यालय जाने बाटोमा खोला नाला भए प्राथमिकताका साथ झोलुङ्गे पुल बनाउने,

### उद्देश्य नं. ७ सँग रणनीतिहरू

१. खुला तथा वैकल्पिक विद्यालयको स्थापना गर्न आवश्यक व्यवस्था गरिनेछ।

२. खुला तथा वैकल्पिक विद्यालय स्थापनाको जिम्मेबारी कुनै एक सक्षम मा.वि.लाई प्रदान गरिनेछ।

३. सामुदायिक अध्ययन केन्द्रहरूबाट आजीवन सिकाइ संस्कारको विकास गरिनेछ।

४. प्रत्येक वडाको निश्चित स्थानमा पुस्तकालय स्थापना र सञ्चालन गरिने छ।

५. प्रत्येक व्यक्तिमा पठन संस्कृतिको विकास हुने कार्यक्रम सञ्चालन गरिने छ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

यस आवधिक गाउँ शिक्षा योजना (२०८१/८२-२०८५/०८६) सम्म देहायका उपलब्धिहरू हासिल भएका हुनेछन्।

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा २०८५/८६ सम्म ६३% बालविकास केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्।

२. प्रारम्भिक बालविकास शिक्षामा खुद भर्ना दर १०० % पुगेको हुनेछ। सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

३. प्रारम्भिक बालविकास शिक्षामा सहजै देखिने भर्नादर २४२% बाट १६० मा झरेको हुनेछ। लैङ्गिक समता सूचकमा मा उल्लेख्य सुधार भएको हुनेछ।

४. बालविकास सहजकर्ताहरूले बालकेन्द्रित शिक्षण सफलतापूर्वक सम्पन्न गर्न स्तरीय तालिम हासिल गरेका हुनेछन्। वि.सं. २०८५/८६ सम्म ७२% बालविकास शिक्षकहरूलाई १५ वा सो भन्दा बढी दिनको तालिम प्रदान गरिएको हुनेछ।

५. बालविकास केन्द्रहरूको पुनर्वितरण भई प्रत्येक बालविकास केन्द्रमा तोकिएका न्यूनत्तम विद्यार्थी सङ्ख्या कायम हुनेछन्।

६. बालविकास केन्द्रमा अध्यापन गर्ने सहजकर्ताहरूको पोसाक प्रदान गरिनेछ। प्रति २० विद्यार्थी बराबर एक बाल शिक्षिकाको दरमा सहजकर्ताको सङ्ख्या मिलान गरिनेछ।

७. बालविकास शिक्षामा तोकिएको न्यूनत्तम मापदण्ड पुगेको विद्यालयको सङ्ख्या ३० पुगेको हुनेछ। कक्षा १ मा सहजै देखिने भर्नादर १३४%बाट घटेर ११६ कायम भएको हुनेछ।

८. कक्षा १ को खुद भर्नादर ३५ बाट बढेर ८४ पुगेको हुनेछ। कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक ०.८५ कायम भएको हुनेछ।

९. कक्षा १ मा नयाँ भर्नामा ९८% बालबालिकाहरू प्रा.बा.वि.को अनुभव प्राप्त हुनेछन्।

१०. आ.व. २०८५/०८६ मा आधारभूत तह कक्षा १-५ को खुद भर्नादर ७० र सहजै देखिने भर्नादर ९७.२ कायम भएको हुनेछ।

११. आधारभूत तह (१-८)को सहजै देखिने भर्नादर १०७.२ र खुद भर्नादर %७५.२ कायम भएको हुनेछ।

१२. ९-१० मा सहजै देखिने भर्नादर आ.व. २०८५/०८६सम्म १०८.२% र खुद भर्नादर ६९.३% पुगेको हुनेछ।

१३. ११-१२ मा सहजै देखिने भर्नादर ७८.७% र खुद भर्नादर ४५.७% पुगेको हुनेछ।

१४. कक्षा १ देखि १० सम्म पुग्ने दर ७४.१% पुगेको हुनेछ।

१५. कक्षा ९-१० मा महिला शिक्षक प्रतिशत २२% र कक्षा ११ र १२ मा ३०% पुगेको हुनेछ।

१६. कक्षा ९-१२ मा दलित विद्यार्थी प्रतिशत २६% पुगेको हुनेछ।

१७. कक्षा १० मा न्यूनत्तम सक्षमता हासिल गर्ने प्रतिशत ७५.३ र कक्षा ११-१२ मा ५० पुगेको हुनेछ।

१८. माध्यमिक तह कक्षा ९-१२ मा विद्यालय बाहिर रहेका विद्यार्थीहरूको दरलाई १ % मा झार्ने।

१९. कक्षा १० सम्म पुग्ने सर्भाइबल दर ६६.१% बाट ७४.१% भएको हुनेछ।

२०. कक्षा १० को अन्त्यसम्म टिक्ने दर ६६.१ बाट ७२% पुगेको हुनेछ।

२१. कक्षा १० पार गर्ने दर ६५.४ बाट ७२.४% पुगेको हुनेछ।

२२. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

२३. समाजमा रहेका संघसंस्थाहरूले साक्षरता, अनौपचारिक तथा आजीवन सिकाइमा स्थानीय तहसँग सहकार्य गरेका हुनेछन्।

२४. सिपसहितको साक्षरता र डिजिटल साक्षरताबाट नवसाक्षरहरूको स्तरोन्नती गरिएको हुनेछ।

२५. गाउँपालिकाका प्रत्येक वडामा आर्थिक वर्ष २०८५/८६ सम्म ३ ओटा डिजिटल सार्वजनिक लाईब्रेरीको स्थापन भएको हुनेछ।

२६. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।

२७. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

२८. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

२९. पाठ्यक्रममा निर्दिष्ट गरिएअनुसार विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन व्यवहारिक रूपमा कार्यान्वयन हुँदा विद्यार्थीहरूको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ।

३०. प्रत्येक विद्यालयमा विषयगत पाठ्यक्रमहरू उपलब्ध भएका हुनेछन्।

३१. सबै शिक्षकहरूले पाठ्यक्रमअनुसार शिक्षण सिकाई क्रियाकलाप र मूल्याङ्कनका प्रक्रियाहरू अगाडि बढाइएका हुनेछन्।

३२. विद्यालयका आन्तरिक मूल्याङ्कन व्यवस्थित रूपमा सञ्चालन हुँदा विद्यार्थीहरूको कक्षा दोहोर्याउने, छोड्ने दर कमी भएको हुनेछ।

३३. सबै विद्यालयमा स्तरीकृत प्रश्नहरू निर्माण गरी विद्यार्थी मूल्याङ्कन हुनेछ।

३४. जलबायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी सामग्रीहरू अध्यापन हुनेछन्।

३५. विद्यालयका शैक्षिक गतिविधिहरू पाठ्यक्रमको मर्मअनुसार सञ्चालित हुनेछन्।

३६. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

३७. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।

# परिच्छेद ३ विद्यालय शिक्षाका उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ प्रारम्भिक बालविकास केन्द्रको वडागत वितरण

हाल मालिका गाउँपालिकामा जम्मा ४८ ओटा सरकारी अनुदानमा सञ्चालित बालविकास केन्द्रहरू रहेका छन्। ५ ओटा बालविकास केन्द्रहरू हाल अन्य विद्यालयमा गाभिएर सेवा प्रवाह गरिराखेका छन्। गाउँपालिकामा भएका बालविकास केन्द्रहरूको वडागत वितरण देहाय बमोजिम रहेको छः

| वडा | प्रा.बा.वि.केन्द्रको सङ्ख्या | कैफियत |
|---|---|---|
| १ | ५ | एक समायोजित |
| २ | १० | एक समायोजित |
| ३ | ४ | एक समायोजित |
| ४ | ५ | |
| ५ | ६ | एक समायोजित |
| ६ | ५ | |
| ७ | ५ | एक समायोजित |
| ८ | ८ | |

उल्लेखित बालविकास केन्द्रहरूमध्ये ६ ओटा १२ सञ्चालित विद्यालयमा, ५ ओटा १० सञ्चालित मा.वि.मा, ५ ओटा ८ सञ्चालित विद्यालयमा र ६ ओटा ५ सञ्चालित आ.वि. अन्तर्गत सञ्चालनमा छन्। त्यसैगरी एउटा ४ सञ्चालित विद्यालयमा, ७ ओटा ३ सञ्चालित विद्यालयमा, ९ ओटा २ सञ्चालित विद्यालयमा र ४ ओटा १ सञ्चालित विद्यालयमा र बाँकी ५ ओटा बालविकास मात्र सञ्चालित विद्यालयहरूमा सञ्चालनमा छन्।

गाउँपालिकाका ४८ ओटा बालविकास केन्द्रहरूमा ५७ जना बालविकास सहजकर्ताहरू कार्यरत छन्। तिमध्ये ४३ बालविकास शिक्षिकाहरू संघीय अनुदानबाट सेवा सुविधा प्राप्त गर्छन् भने बाँकी १४ जना शिक्षिकाहरूले गाउँपालिकाको स्रोतबाट तलब सुविधा प्राप्त गर्छन्। यस गाउँपालिकाका बालविकास केन्द्रहरूमा शै.व. २०८१ मा सामुदायिक विद्यालयहरूमा ७४५ जना बालबालिकाहरूले अध्ययन गर्ने गरेको तथ्याङ्कले देखाएको छ। उक्त तथ्याङ्कको आधारमा शिक्षक विद्यार्थी अनुपात १३ रहेको छ। संघीय अनुदान प्राप्त बालविकास शिक्षका र विद्यार्थी अनुपात १:१७ हुन आउँछ।

आ.वि. कक्षा ५ सञ्चालित विद्यालयहरूमा सम्म बालविकास शिक्षाका न्यूनत्तम पूर्वाधारहरू केही मात्रामा पूरा भएका छन्। अन्य विद्यालयहरूमा सञ्चालित बालविकास केन्द्र तथा नितान्त बालविकास केन्द्रमात्र सञ्चालित विद्यालयहरूमा बालविकास धेरै व्यवस्थित छैनन्। बालविकासका न्युनत्तम शर्तहरू तालिमप्राप्त शिक्षक, खेलमैदान, शौचालय, बुक कर्नर, खानेपानी हुन। यि सबै आधारभूत पुर्वाधारहरू व्यवस्थित गर्न सकिएको छैन।

### ३.१.२ प्रारम्भिक बालविकास र शिक्षामा तय गरिएका उद्देश्यहरू

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरूको पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।

३. प्रारारम्भिक बालविकास केन्द्रहरूको भौतिक पक्षहरूको सुधार गर्नु।

### ३.१.३ रणनीति

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने।

२. विद्यालय नक्साङ्कन अनुसार बालविकास तथा शिक्षाको पुनर्वितरण

३. विभिन्न लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने।

१. प्रारम्भिक बालविकास तथा शिक्षामा समुदाय वा अन्य इच्छुक संस्थाहरूसँग साझेदारी अभिवृद्धि गर्ने।

२. नमुना बालविकास केन्द्रहरू स्थापना गर्ने।

३. बालविकास सहजकर्ता शिक्षक भर्नामा महिलालाई प्रथामिकता दिने।

४. सहयोगी कार्यकर्ताहरूको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।

५. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरू, बाल उद्यानको व्यवस्थापन गर्ने।

६. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्य घण्टा सुनिश्चित गर्ने।

७. कक्षा छोड्ने दर, घटाउने र टिकाउदर बढाउने।

### ३.१.४ परिमाणात्मक लक्ष्य

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा २०८५/८६ सम्म ६३% बालविकास केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्।

२. प्रारम्भिक बालविकास शिक्षामा खुद भर्ना दर १०० % पुगेको हुनेछ। सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

३. प्रारम्भिक बालविकास शिक्षामा सहजै देखिने भर्नादर २४२% बाट १६० मा झरेको हुनेछ। लैङ्गिक समता सूचकमा मा उल्लेख्य सुधार भएको हुनेछ।

४. बालविकास सहजकर्ताहरूले बालकेन्द्रित शिक्षण सफलतापूर्वक सम्पन्न गर्न स्तरीय तालिम हासिल गरेका हुनेछन्। वि.सं. २०८५/८६ सम्म ७२% बालविकास शिक्षकहरूलाई १५ वा सो भन्दा बढी दिनको तालिम प्रदान गरिएको हुनेछ।

५. बालविकास केन्द्रहरूको पुनर्वितरण भई प्रत्येक बालविकास केन्द्रमा तोकिएका न्यूनत्तम विद्यार्थी सङ्ख्या कायम हुनेछन्।

६. बालविकास केन्द्रमा अध्यापन गर्ने सहजकर्ताहरूको पोसाक प्रदान गरिनेछ। प्रति २० विद्यार्थी बराबर एक बाल शिक्षिकाको दरमा सहजकर्ताको सङ्ख्या मिलान गरिनेछ।

७. तोकिएको न्यूनत्तम मापदण्ड पुगेको विद्यालयको सङ्ख्या ३० पुगेको हुनेछ।

#### प्रमुख उपलब्धीका परिमाणात्मक लक्ष्य सूचकहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा सहजै देखिने भर्ना दर | २४२ | २२० | २०० | १८० | १६० |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर | ११३.१ | ११०.६१ | १०८.१८ | १०५.८ | १०० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ११ | १५ | १८ | २१ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ११ | १५ | २० | २५ | ३० |
| ४ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ० | १० | २० | ३० | ३५ |

## ३.१.५ लक्ष्य हासिल गर्न प्रस्तावित कार्यक्रम र सोको अनुमानित लागत

विद्यार्थीहरूको भर्नादर बढाउने, दक्ष बाल शिक्षकबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने, बालविकास केन्द्रहरूको इनेब्लिङ कन्डिसन पूरा गर्ने जस्ता कार्यहरू गर्न तालिकामा उल्लेख गरेबमोजिमका कार्यक्रमहरूको तर्जुमा गरी सो को वार्षिक भौतिक तथा वित्तीय लक्ष्यको अनुमान देहाय बमोजिम गरिएको छ।

| | **लगानीको अनुमान** (Cost Estimates (in '000s)) | | | | | Ex-isting Unit Cost | Proposed unit cost | **बार्षिक भौतिक लक्ष्य** (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| ECDमा न्यूनतम इनेबलिङ कन्डिसन पूरा गर्ने | १००० | १००० | १००० | १००० | १००० | ओटा | ५०० | २ | २ | २ | २ | २ |
| वास सुविधा उपलब्ध गराउने | १२५० | १५०० | १५०० | १५०० | १५०० | जना | १५० | ८ | १० | १० | १० | १० |
| दिवा खाजा व्यवस्थापन | ११.१७५ | ११.१३ | ११.०८५ | ११.०२५ | १०.९८ | जना | ०.०१५ | ७४५ | ७४२ | ७३९ | ७३५ | ७३२ |
| सिकाइ मापदण्ड लागु गर्ने | १५ | १५ | १५ | १५ | १५ | ओटा | १५ | १ | १ | १ | १ | १ |
| कार्यसम्पादनमा आधारित प्रोत्साहन | ४५ | ४५ | ४५ | ४५ | ४५ | ओटा | १५ | ३ | ३ | ३ | ३ | ३ |
| अपाङ्गता भएका बालबालिकालाई प्रोत्साहन | १० | १० | १० | १० | १२ | जना | १ | १० | १० | १० | १२ | १२ |
| नियमित स्वास्थ्य जाँच | १४.८ | १४.९ | १४.९ | १४.९ | १४.९ | जना | ०.०२ | ७४० | ७४५ | ८०० | ८०० | ८०० |
| ECED शिक्षक तलब | १२९६७.५ | १२९६७.५ | १२९६७.५ | १२९६७.५ | १२९६७.५ | जना | २२७.५ | ५७ | ५७ | ५७ | ५७ | ५७ |
| शिक्षण सामग्री र सिकाइ कुना व्यवस्थापन | २५० | २५० | २५० | २५० | २५० | ओटा | ५ | ५० | ५० | ५० | ५० | ५० |
| विपन्न घरका बालबालिकाहरूलाई प्रोत्साहन | १०० | ९५ | ९० | ८५ | ७५ | जना | ०.५ | २०० | १९० | १८० | १७० | १५० |

# ३.२ आधारभूत शिक्षा

## ३.२.१ वर्तमान अवस्था

इमिस प्रतिवेदन २०८१ अनुसार कक्षा १-८ मा ३५७७ विद्यार्थीहरू रहेका छन्। सामुदायिक विद्यालयमा मात्र ३१९२ विद्यार्थीहरू छन्। सामुदायिक विद्यालयको कक्षा १-५ तहमा १९९२ विद्यार्थीहरू अध्ययन गर्छन्। शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १४ र कक्षा ६-८ मा २३ रहेको देखिन्छ। यस अनुपातमा शिक्षा नियमावली, २०५९ अनुसारको शिक्षक विद्यार्थी अनुपात कुनै पनि तहमा मिलेको देखिदैन। विद्यार्थी कमी हुँदा हुँदै पनि आधारभूत तह (६-८) मा विषयगत शिक्षकहरूको अभाव देखिएको छ।

१ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ९८% रहेको छ। आधारभूत शिक्षामा विभिन्न समूह र समुदायका बालबालिकाहरूको पहुँच राम्रो छ। तथ्याङ्कीय रूपमा आधारभूत तहका उमेर समूहका बालबालिकाहरूभन्दा धेरै बालबालिकाहरू विद्यालयमा रहेको देखिएको छ। आधारभूत शिक्षामा कक्षा दोहोर्याउने दर १.५% र कक्षा छोड्ने दर ४.१% रहेको छ; विद्यार्थी सिकाइ उपलब्धि स्तर ९४% रहेको छ। कुनै पनि विद्यालयहरू अपाङ्गमैत्री छैनन्। स्थानीय तहले प्रत्येक साल भर्ना अभियान सञ्चालन गर्छ। शै.व. २०८० मा अध्यक्षसँग विद्यार्थी कार्यक्रम मार्फत गरिब तथा अपाङ्गता भएका र दलितका बालबालिकाहरूलाई झोला, कापी तथा कलमहरू वितरण गरिएको थियो। विद्यालय सुधार योजना, प्र.अ.सँग कार्यसम्पादन सम्झौता, विद्यालयमा विभिन्न प्रकारका तहगत इन्चार्जको व्यवस्था संस्थागत सुदृढीकरणका लागि गाउँपालिकाले गरेका प्रयासहरू हुन्। गाउँपालिकाभित्र सबै विद्यालयहरूमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरिएको छ। शिक्षक व्यवस्थापनको लागि शिक्षक बैंकको स्थापना गरिएको छ। करार सेवामा शिक्षक छनोटका प्रक्रियाहरू पारदर्शी र निष्पक्ष बनाउन अस्थायी तथा करार शिक्षक छनोट समितिको व्यवस्था मालिका गाउँपालिकाको शिक्षा नियमाबली (संशोधन सहित), २०७५ मा गरिएको छ। दिवा खाजालाई व्यवस्थित गरिएको छ। विद्यालयहरूले आफ्नै जनशक्ति प्रयोग गरेर विद्यार्थीहरूलाई ताजा तथा पोषिलो दिवा खाजा खुवाउने व्यस्था गरिएको छ। विद्यालयका शिक्षकहरूलाई शैक्षिक सामग्रीहरूको निर्माण तथा प्रयोगसम्बन्धी तालिम समेत प्रदान गरिएको छ।

## ३.२.२ प्रमुख समस्या र चुनौतीहरू

१. निशुल्क तथा अनिवार्य शिक्षाको मर्मअनुसार कोही बालबालिकाहरू आधारभूत शिक्षाको अवसरबाट बन्चित हुन नपरोस भनी भर्ना अभियान र विद्यालयलाई सिकाउने अनि टिकाउने कार्यहरू तदारुकताका साथ सम्पन्न हुन सकेको छैन।

२. १२ ओटा विद्यालयमा विषयगत शिक्षक दरबन्दीहरूको व्यवस्था हुन सकेको छैन।

३. शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १४ छ र ६-८ मा ३० रहेको छ।

४. स्थायी नियुक्ति लिई अध्यापन गर्न आउने गाउँपालिका बाहिरका शिक्षकहरूको यहाँ अध्यापन गर्ने समयावधी कमी देखिएको छ।

५. शिक्षकको कार्यसम्पादनको निष्पक्ष मूल्याङ्कन गरी प्रोत्साहन गर्ने कार्यको थालनी भएको भएतापनि यसलाई व्यवस्थित गर्न सकिएको छैन।

६. आधारभूत तहमा विज्ञान प्रयोगशाला, आइ सि टी ल्याव, पुस्तकालय जस्ता आवश्यक पूर्वाधार सिर्जना हुन सकेको छैन। गाउँपालिकाका कुनै पनि ६-८ सञ्चालित विद्यालयमा विज्ञान प्रयोगशाला समेत उपलब्ध हुन सकेको छैन।

७. पाँच ओटा आधारभूत तह सम्म सञ्चालित विद्यालय मध्ये एक विद्यालयमा आधारभूत कक्षाकोठाका मापदण्ड पुग्न सकेको छैन।

८. ५०% ६-८ सञ्चालित विद्यालयमा सुविधाजनक फर्निचरको व्यवस्था हुन सकेको छैन।

९. विद्यालयहरूमा खेलकुदका पूर्वाधारहरू निर्माण हुन सकेका छैनन्। भलिबल कोर्ट बाहेक अन्य खेलको कुनै पनि विद्यालयमा कुनै पूर्वाधार सिर्जना भएको छैन।

१०. वास सहितको शौचालय र शुद्धीकरण भएको खानेपानीको व्यवस्था हुन सकेको छैन।

११. कुनै विद्यालयहरूमा बुक कर्नर निर्माण हुन सकेका छैनन्।

१२. कक्षा कोठामा आइ सि टी सहजीकरण भएका कक्षाकोठाका निर्माणका प्रकृयाहरू अगाडि बन्न सकेको छैन।

१३. विद्यालयको सिकाइ उपलब्धीलाई शिक्षकको पेसागत विकाससँग जोड्न सकिएको छैन।

### ३.२.३ आधारभूत शिक्षामा योजनाअवधिमा हासिल गर्नुपर्ने उद्देश्य

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको मर्मानुसार विद्यालय बाहिर रहेका निरक्षर तथा विद्यालय छोडेका बालबालिकाहरूलाई आधारभूत तहसम्म पार गराउनु,

२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु,

४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु,

५. विद्यालयमा वाससहितको शौचालय, शुद्ध खानेपानीको व्यवस्था तथा खेल पूर्वाधारको विकास गर्नु,

६. विद्यार्थीहरूको सिकाइ उपलब्धीलाई शिक्षकहरूको पेसागत वृत्तिको अवसरसँग जोड्नु,

७. विद्यालयमा खेल पूर्वाधारको विकास गर्नु,

८. आधारभूत विद्यालयहरूमा विषयगत दरबन्दीको सुनिश्चित गर्नु,

९. दक्ष शिक्षकहरू विद्यालयमा सेवा प्रवेश गराउनु,

१०. विद्यालयमा सम्भावित प्राकृतिक तथा मानवजन्य विपदहरूसँग सचेत हुने तथा तीनको आधारभूत आवश्यकता पूरा गर्नु।

### ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरी गुणस्तरीय शिक्षाको लागि दिगो जनशक्ति व्यवस्थापन गर्ने।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

३. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने।

४. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने।

५. सबै विद्यालयहरूमा विद्यार्थीहरूलाई न्यूनतम सक्षमता पूरा गराउन आवश्यक व्यस्थापन गर्ने।

६. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने।

७. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने।

८. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने।

९. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

१०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने।

११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।

१३. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।

१४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने।

१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने।

१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने।

१७. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने।

१८. विद्यालयहरूमा बालउद्यान ,फूलबारी ,करेसाबारी ,वृक्षारोपणजस्ता कार्यक्रमहरू समावेश गर्ने।

## ३.२.४ आधारभूत शिक्षामा गाउँपालिकाले राखेको आवधिक लक्ष्य सूचक

१. कक्षा १ मा सहजै देखिने भर्नादर १३४%बाट समायोजित भएर ११६ कायम भएको हुनेछ।

२. कक्षा १ को खुद भर्नादर ३५ बाट बढेर ८४ पुगेको हुनेछ। कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक ०.८५ कायम भएको हुनेछ।

३. कक्षा १ मा नयाँ भर्नामा ९८% बालबालिकाहरू प्रा.बा.वि.को अनुभव प्राप्त हुनेछन्।

४. आधारभूत तह कक्षा १-५ को खुद भर्नादर ७० र सहजै देखिने भर्नादर ९७.२ कायम भएको हुनेछ।

५. आधारभूत तह (१-८)को सहजै देखिने भर्नादर १०७.२ र खुद भर्नादर ७५.%२ कायम भएको हुनेछ।

## ३.२.५ उल्लेखित लक्ष्यहरू हासिल गर्न प्रस्तावित पञ्चवर्षीयआवधिक योजनाहरू

**आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level)**

| | लगानीको अनुमान | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| प्राथमिक तहको दरबन्दी तथा राहत शिक्षकको तलब | ८१५०३ | ८१५०३ | ८१५०३ | ८१५०३ | ८१५०३ | जना | ५४७ | १४९ | १४९ | १४९ | १४९ | १४९ |
| नि.मा.वि. तहको दरबन्दी तथा राहत शिक्षकको तलब | २४१२० | २४१२० | २४१२० | २४१२० | २४१२० | जना | ६०३ | ४० | ४० | ४० | ४० | ४० |
| विद्यालय सहयोगी कर्मचारीको तलब | ७३२८ | २४१२० | २४१२० | २४१२० | २४१२० | जना | २२९ | ३२ | ३२ | ३२ | ३२ | ३२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १-५ विद्यालयहरूका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री) | ४०५ | ४०५ | ४०५ | ४०५ | ४०५ | ओटा | १५ | २७ | २७ | २७ | २७ | २७ |
| कक्षा १-८ विद्यालयहरूका लागि व्यवस्थापन/सन्चालन खर्च शिक्षण सिकाई | ३२० | ३२० | ३२० | ३२० | ३२० | ओटा | २० | १६ | १६ | १६ | १६ | १६ |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | ३८४ | ३८४ | ३८४ | ३८४ | ३८४ | जना | १२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| विद्यार्थीको नियमित स्वास्थ्य जाँच | १० | १० | १० | १० | १० | पटक | १० | १ | १ | १ | १ | १ |
| आधारभूत तह (कक्षा १-५) का लागि पा.पु. अनुदान | १२२८.९ | १२२८.९ | १२२८.९ | १२२८.९ | १२२८.९ | जना | ०.५७ | २१५६ | २०८७ | २१७९ | २१८६ | २२८१ |
| आधारभूत तह (कक्षा ६-८) का लागि पा.पु.अनुदान | ९३७.४९ | ९३७.४९ | ९३७.४९ | ९३७.४९ | ९३७.४९ | जना | ०.७७८ | १२०५ | ११७९ | १२१७ | १२२५ | १२१२ |
| अपाङ्गता छात्रवृत्ति | ११० | ११० | ११० | ११० | ११० | जना | २.२ | ५० | ५० | ५० | ५० | ५० |
| Sanitary Pad अनुदान | ८१५.४ | ७९९.२ | ८२६.२ | ८३४.३ | ८२६.२ | जना | १.३५ | ६०४ | ५९२ | ६१२ | ६१८ | ६१२ |
| ICT Lab निर्माण | ५०० | ५०० | ५०० | ५०० | ५०० | जना | ५०० | १ | १ | १ | १ | १ |
| अभिभावक सचेतना कार्यक्रम (SMC/PTA) | १०० | १०० | १०० | १०० | १०० | पटक | १०० | १ | १ | १ | १ | १ |
| कक्षा ५ र ८ को परीक्षा सञ्चालन | ४३१ | ४३१ | ४३१ | ४३१ | ४३१ | जना | ०.५ | ८६२ | ८६२ | ८६२ | ८६२ | ८६२ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

मालिका गाउँपालिकामा हाल ११ ओटा विद्यालयहरूमा माध्यमिक तहको शिक्षा प्रदान गरिन्छ। त्यसमध्ये ६ ओटा विद्यालयमा कक्षा १२ सम्म अध्यापन हुन्छ भने ५ ओटा विद्यालयमा कक्षा १० सम्मको मात्र अध्यापन हुन्छ। शै.व. २०८१ मा कक्षा ९-१२ मा १२४४ विद्यार्थीहरू अध्ययनरत छन्। शै.व. २०८० को कक्षा १०को एस. इ. इ. परीक्षामा पुरक परीक्षा सहित ४८% विद्यार्थीहरूले तह पूरा गरेका थिए। त्यसैगरी कक्षा १२ को अन्तिम परीक्षाको नतिजामा ४२ % विद्यार्थीहरू उत्तीर्ण भएका थिए।

सञ्चालित ११ ओटा विद्यालयमध्ये ७ ओटा विद्यालयमा विषयगत दरबन्दीहरू पूरा भएका छैनन्। केबल ५ ओटा विद्यालयमा मात्र विषयगत दरबन्दीहरू

पूरा भएका छन्। पाँच ओटा विद्यालयमा कुनै किसिमको स्वीकृत तथा राहत दरबन्दीहरू छैनन्। चार ओटा विद्यालयमा गाउँपालिकाले दरबन्दी सिर्जना गरी विषयगत दरबन्दीको अभाव पूरा भएको छ। ६ ओटा कक्षा १२ सञ्चालित विद्यालयमध्ये २ ओटा विद्यालयमा प्रति विद्यालय २ ओटाको दरले स्वीकृत दरबन्दी रहेको, ३ ओटामा २ ओटा दरबन्दी बराबरको अनुदान प्राप्त भएको र एक विद्यालय दरबन्दी तथा अनुदान रहित रहेको छ। स्थानीय सरकारबाट विद्यालयहरूलाई धान्ने काम भएको छ। दरबन्दी नभएको विद्यालयहरूमा गाउँपालिकाले अनुदान प्रदान गरेको छ। विद्यालयमा सिकाइ वातावरण सिर्जना गर्न माथिल्लो योग्यता भएको तल्लो तहमा नियुक्त शिक्षकहरूलाई परिचालन गर्ने गरेको छ। विद्यालयमा शैक्षिक सामग्री, प्रयोगशाला, पुस्तकालय तथा भौतिक पूर्वाधार निर्माणमा गाउँपालिकाबाट हरेक आ.व.मा शैक्षिक तथा भौतिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ।

## ३.३.२ प्रमुख समस्या र चुनौतीहरू

१. सात ओटा विद्यालयमा विषयगत दरबन्दी उपलब्ध गर्न सकिएको छैन।

२. शिक्षक विद्यार्थी अनुपात कक्षा ९-१२मा ४२ र कक्षा ९-१० मा २८ रहेको छ।

३. गणित र विज्ञान विषयका शिक्षकहरूको भर्ना तथा यस गाउँपालिकामा टिकाउ अवधिको न्यून देखिएको छ।

४. विज्ञान प्रयोगशाला, आइ सि टी ल्याव, पुस्तकालय जस्ता आवश्यक पुर्वाधार सुविधाहरू उपलब्ध भएपनि शिक्षकहरूमा आवश्यक क्षमता विकास तथा अन्य प्रयोगशालामा आवश्यक सामग्रीहरूको पर्याप्तताको अभावमा विज्ञान प्रयोगशालाको उपयोगितामा कमी देखिएको छ।

५. विद्यालयहरूमा आन्तरिक मूल्याङ्कनका प्रक्रियाहरूलाई गतिशिल बनाउन सकिएको छैन।

६. विद्यालयहरूमा खेलकुदका पुर्वाधारहरू निर्माण हुन सकेका छैनन्। भलिबल कोर्ट बाहेक अन्य खेलको कुनै पनि विद्यालयमा कुनै पूर्वाधार सिर्जना भएको छैन।

७. वास सहितको शौचालय र शुद्धिकरण भएको खानेपानी सवै विद्यालयहरूमा कमी छ।

८. कुनै विद्यालयहरूमा बुक कर्नर निर्माण हुन सकेका छैनन्।

९. आइ सि टीलाई शिक्षण सिकाइको माध्यमका रूपमा कक्षाकोठामा पुर्याउन सकिएको छैन।

१०. शिक्षकको वास्तविक कार्यसम्पादनको मूल्याङ्कन र सो कार्यलाई शिक्षकको पेसागत वृत्तिसँग जोड्न सकिएको छैन।

३.२.२ उद्देश्य

१. वि.सं.२०८५ सम्म सबै मा.वि.मा कम्तीमा ४ ओटा विषयगत दरबन्दीहरूको व्यवस्था गर्नु,

२. सबै विद्यालयमा आन्तरिक मूल्याङ्कनका साधनहरूलाई सकृय बनाउनु,

३. कक्षा १० र कक्षा १२ को उत्तीर्ण प्रतिशत क्रमश ६०% र ७५% पुर्याउनु,

४. शै.व. २०८१ मा कक्षा ९-१० र कक्षा ११-१२ मा क्रमशः ८२५ र ४२९ रहेकोमा कम्तीमा सो सङ्ख्या कायम राख्न विद्यालयहरूको स्तरोन्नति गरी विद्यार्थीहरू आकर्षित गर्नु,

५. विद्यालयमा वाससहितको शौचालय, शुद्ध खानेपानीको व्यवस्था तथा खेल पूर्वाधारको विकास गर्नु,

६. विद्यार्थीहरूको सिकाइ उपलब्धीलाई शिक्षकहरूको पेसागत वृत्तिको अवसरसँग जोड्नु,

७. विद्यालयमा खेल पूर्वाधारको विकास गर्नु,

८. दक्ष शिक्षकहरू विद्यालयमा भित्राउन स्थायी शिक्षकलाई आकर्षित गर्ने तथा अस्थायी तथा करार सेवाको छनोटलाई थप वैज्ञानिक, पारदर्शी र निष्पक्ष बनाउनु,

९. विद्यालयलाई सबै क्षमताका बालबालिकाहरूको लागि उपयुक्त बनाउने, कक्षा ८ पास गरेर विद्यालय छाडेका बालबालिकाहरूलाई पुन विद्यालय भित्र्याउनु,

१०. माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

११. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

१२. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।

१३. विद्यार्थीहरूको टिकाउदर बढाउने, कक्षा छोड्ने दर र दोहोर्याउने दर घटाउनु,

३.२.३ रणनीति

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने।

२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

३. विद्यालय वाहिर रहेका बालबालिकाहरूका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।

६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने।

७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने।

७. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने।

८. प्रविधिमैत्री कक्षाको व्यवस्था क्रमश गर्ने।

९. विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने।

१०. कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालन गर्ने।

११. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने।

१२. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

१३. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने।

१४. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

१५. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने।

१६. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने।

१७. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

१८. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने।

१९. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

२०. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।

२१. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

२२. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने।

२३. विद्यालयहरूमा बालउद्यान ,फूलबारी ,करेसाबारी ,वृक्षारोपण आदि जस्ता कार्यक्रमहरू समावेश गर्ने।

२४. माध्यमिक तहका विद्यालयहरूलाई क्रमशः आवासीय विद्यालयको रूपमा विकास गर्ने,

### ३.३.३ माध्यमिक तहको शिक्षामा गाउँपालिकाले तय गरेको लक्ष्य सूचक

| | Bench Mark | 81/82-85/86 लक्ष्य | | | |
|---|---|---|---|---|---|
| आर्थिक बर्ष | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| कक्षा ९-१० मा सहजै देखिने भर्ना दर (GER) | ८९.२ | ९३.६ | ९८.२२ | १०० | १०८.२ |
| कक्षा ९-१० मा खुद भर्ना दर (NER) | ४१.१ | ४६.८ | ५३.३७ | ६०.८ | ६९.३ |
| कक्षा ११-१२ मा सहजै देखिने भर्ना दर (GER) | ४७.७ | ५४.१ | ६१.३० | ६९.५ | ७८.७ |
| कक्षा ११-१२ मा खुद भर्ना दर (NER) | २०.३ | २४.९ | ३०.४८ | ३७.३ | ४५.७ |
| कक्षा ११-१२ मा सहजै देखिने भर्ना दर (GER) | ६९.० | ७३.८ | ७७.७४ | ८६.३ | ९३.५ |
| कक्षा ९-१२मा खुद भर्ना दर (NER) | ३१.० | ३५.९ | ४०.०६ | ४९.१ | ५७.५ |
| कक्षा १ देखि कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | ६६.१ | ६८.० | ६९.९९ | ७२.० | ७४.१ |
| कक्षा १ का देखि कक्षा १० औं बर्ष अन्त्यसम्म टिक्नेको दर (*Retention Rate)* | ६६.१ | ६७.७ | ६९.३१ | ७१.० | ७२.७ |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा १ का विद्यार्थीले कक्षा १० पास गर्ने दर (Cycle Completion Rate at Secondary Level:-G1-10) | ६५.४ | ६७.१ | ६८.८२ | ७०.६ | ७२.४ |
| आधारभूतहमा (कक्षा १-८) विद्यार्थीमा कम र बढी उमेरका विद्यार्थी दर | ३२.३ | ३०.५ | ३०.१७ | २५.४ | २२.६ |
| माध्यमिकतह (कक्षा ९-१०) | २८ | ३० | ३१ | ३२ | ३४ |
| माध्यमिकतह (कक्षा ११-१२) | ४२ | ४४ | ४७ | ४९ | ५२ |
| कक्षा ११-१२ मा महिला शिक्षकको प्रतिशत | २० | २२ | २४ | २६ | ३० |
| कक्षा ९-१० मा महिला शिक्षकको प्रतिशत | १४ | १६ | १८ | २० | २२ |
| माध्यमिकतह (कक्षा ९-१०) मा दलित बिध्यर्थिको प्रतिशत | १८.३ | २० | २३ | २५ | २८ |
| माध्यमिकतह (कक्षा ११-१२) मा दलित बिध्यर्थिको प्रतिशत | १७.७ | १९ | २० | २१ | २२ |
| माध्यमिकतह (कक्षा ९-१२) मा दलित बिध्यर्थिको प्रतिशत | १८.१ | २० | २२ | २३ | २६ |
| कक्षा १० मा न्यूनत्तम सक्षमता हासिल गर्ने विद्यार्थी प्रतिशत | ४८ | ५५ | ६० | ६५ | ७० |
| सामुदायिक माध्यमिकतहमा (कक्षा ९-१०) कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पूरा गर्नेको प्रतिशत | ८९ | ९० | ९२ | ९४ | १०० |
| सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये कक्षा ९-१० सम्मको अध्यापनको लागि ३ वटा Core Subject:-Maths, Science and English र ५ वटा अनिबार्य बिषयको बिषयगत शिक्षक पूरा गर्ने विद्यालयहरूको सङ्ख्या | ९ | १० | १२ | १४ | १६ |
| जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धार सहित सन्चालन गर्ने विद्यालयहरूको सङ्ख्या | १ | | १ | | १ |
| कक्षा ११-१२ मा न्यूनत्तम सक्षमता हासिल गर्ने प्रतिशत | ५६ | ६० | ६५ | ७० | ७५ |

## ३.३.४ लक्ष्यहरू

१. ९-१० मा सहजै आ.व. २०८५/८६सम्म १०८.२% र खुद भर्नादर ६९.३% पुगेको हुनेछ।

२. ११-१२ मा सहजै देखिने भर्नादर ७८.७% र खुद भर्नादर ४५.७% पुगेको हुनेछ।

३. कक्षा १ देखि १० सम्म पुग्ने दर ७४.१% पुगेको हुनेछ।

४. कक्षा ९-१० मा महिला शिक्षक प्रतिशत २२% र कक्षा ११ र १२ मा ३०% पुगेको हुनेछ।
५. कक्षा ९-१२ मा दलित विद्यार्थी प्रतिशत २६% पुगेको हुनेछ।
६. कक्षा १० मा न्यूनत्तम सक्षमता हासिल गर्ने प्रतिशत ७५.३ र कक्षा ११-१२ मा ५० पुगेको हुनेछ।
७. माध्यमिक तह कक्षा ९-१२ मा विद्यालय बाहिर रहेका विद्यार्थीहरूको दरलाई १ % मा झार्ने।
८. कक्षा १० सम्म पुग्ने सर्भाइबल दर ६६.१% बाट ७४.१% भएको हुनेछ।
९. कक्षा १० को अन्त्यसम्म टिक्ने दर ६६.१ बाट ७२% पुगेको हुनेछ।
१०. कक्षा १० पार गर्ने दर ६५.४ बाट ७२.४% पुगेको हुनेछ।

## ३.३.५ प्रमुख लक्ष्य तथा प्रस्तावित कार्यक्रमहरू

प्रमुख क्रियाकलाप र लक्ष्य **माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level)**

| माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| सबै प्रकार र तहका विद्यालय नक्शांकन, समायोजन र पुनर्वितरण कार्यक्रम सन्चालन | - | १०० | १०० | - | - | पटक | १०० | ० | १ | १ | ० | ० |
| सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | - | ३१,४८१ | ३१,४८१ | ३१,४८१ | ३१,४८१ | जना | ७५३.८ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | १४३ | १४३ | १४३ | १४३ | १४३ | जना | १३ | ११ | ११ | ११ | ११ | ११ |
| विद्यालय सहयोगी कर्मचारीको तलब भत्ता | २,०९६ | २,०९६ | २,०९६ | २,०९६ | २,०९६ | जना | १९५ | ११ | ११ | ११ | ११ | ११ |
| विद्यालय सहायक कर्मचारीको तलब भत्ता | ३,०९७ | ३,०९७ | ३,०९७ | ३,०९७ | ३,०९७ | जना | २७९.५ | ११ | ११ | ११ | ११ | ११ |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५,५०० | ५,५०० | ५,५०० | ५,५०० | ५,५०० | ओटा | २५ | ११ | ११ | ११ | ११ | ११ |
| संस्थागत क्षमता विकास | ७७० | ७७० | ७७० | ७७० | ७७० | | ७० | ११ | ११ | ११ | ११ | ११ |
| कक्षा ९-१० का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ६५५ | ६५५ | ६५५ | ६५५ | ६५५ | जना | ०.९७ | ८२५ | ८२५ | ८२५ | ८२५ | ८२५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ११-१२ का लागि पा पु अनुदान | ४१५ | ४१५ | ४१५ | ४१५ | ४१५ | जना | १ | ४१९ | ४१९ | ४१९ | ४१९ | ४१९ |
| कक्षा ९-१० को पि.एम टी | ५४५ | ६४४ | ६९३ | ७४३ | ७९२ | जना | ६ | ९१ | १०७ | ११६ | १२४ | १३२ |
| कक्षा ११ र १२ मा पि.एम.टी. | १०० | १०० | १०० | १०० | १०० | जना | ५ | २० | २० | २० | २० | २० |
| स्यानिटरी प्याड व्यवस्थापन | ८१० | ८१० | ८१० | ८१० | ८१० | जना | १.४ | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| पुस्तकालय स्तरोन्नति कार्यक्रम | ११० | ११० | ११० | ११० | ११० | ओटा | १० | ११ | ११ | ११ | ११ | ११ |
| विज्ञान प्रयोगशाला सामग्री अनुदान | ५५ | ५५ | ५५ | ५५ | ५५ | ओटा | ५ | ११ | ११ | ११ | ११ | ११ |
| ICT Lab मर्मत तथा सम्भार अनुदान | ५५ | ५५ | ५५ | ५५ | ५५ | ओटा | ५ | ११ | ११ | ११ | ११ | ११ |
| सेमी छात्रावास कार्यक्रम अनुदान | ५००० | ५००० | ५००० | ५००० | ५००० | पटक | ५००० | १ | १ | १ | १ | १ |
| शैक्षिक सामग्री अनुदान | २२० | २२० | २२० | २२० | २२० | | २० | ११ | ११ | ११ | ११ | ११ |
| प्राविधिक धार ९-१२ का विद्यार्थीहरूलाई ओजेटी अनुदान | १,२४५ | १,२४५ | १,२४५ | १,२४५ | १,२४५ | | १५ | ८१ | ८२ | ८३ | ८५ | ९० |
| कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | ३०० | ३०० | ३०० | ३०० | ३०० | | ३०० | १ | १ | १ | १ | १ |
| संघीय अनुदान शिक्षकहरूको तलब अनुदान | ९६५२.३ | ९६५२.३ | ९६५२.३ | ९६५२.३ | ९६५२.३ | जना | ६०३.२७ | १६ | १६ | १६ | १६ | १६ |
| गाउँपालिकाको शिक्षक अनुदान | १६७५ | १६७५ | १६७५ | १६७५ | १६७५ | जना | ३३५ | ५ | ५ | ५ | ५ | ५ |
| | १४२९६ | १४३९५ | १४४४४ | १४४९४ | १४५४३ | | | | | | | |

# ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

## ३.४.१ वर्तमान अवस्था

नेपालको साक्षरता दर ७६.२% रहेकोमा मालिका गाउँपालिकाको साक्षरता दर ७७.७% रहेको छ। पुरूष जनसङ्ख्याको ८६.२% र महिला जनसङ्ख्याको ७०.२% महिला हरू साक्षर रहेको तथ्याङ्क राष्ट्रिय जनगणना,२०७८ ले देखाएको छ। यस तथ्याङ्कबाट कुल जनसङ्ख्याको २२.३% जनसङ्ख्या अझै पनि निरक्षर रहेको तथ्याङ्कले देखाएको छ। जसमध्ये १३.८% पुरूषहरू निरक्षर रहेको र २९.८% महिलाहरू निरक्षर रहेका छन्। यस गाउँपालिकाको २००७५ जनसङ्ख्या मध्ये १२६८ पुरूष र ३१५७ महिलाहरू निरक्षर रहेका छन्। राष्ट्रिय जनगणना, २०८१ अनुसार, यस गाउँपालिकाका निरक्षर जनसङ्ख्या ४४२५ रहेको छ। निरन्तर, खुला र अनौपचारिक शिक्षाको क्षेत्रमा यस गाउँपालिकामा ३ ओटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन्। यस गाउँपालिकामा सामुदायिक पुस्तकालय स्थापना गरिएको छैन। आ.व. २०८१/०८२ मा यस गाउँपालिकाबाट लागत साझेदारीमा प्रौढ शिक्षा सञ्चालन भई गाउँपालिकाका ८ ओटै वडाका १६० जना निरक्षरहरूलाई साक्षर बनाउने कार्य सम्पन्न भएको छ।

## ३.४.२ समस्या तथा चुनौतीहरू

१. मालिका गाउँपालिकामा निरक्षरको सङ्ख्या ४४२५ रहेको छ जुन कुल जनसङ्ख्याको करिब २२% हुन आउँछ।

२. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरूको आवश्यकता हुँदा हुँदै पनि त्यस प्रकृतिका कार्यक्रमहरूले प्राथमिकता पाउन सकेका छैनन्।

३. सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या ३ ओटा रहेका तर तिनीहरूको सेवा क्षेत्र सम्बन्धित वडामा मात्र हुँदा अन्य वडामा त्यस प्रकृतिको कार्यहरूको अभाव महसुस गरिएको छ।

### ३.४.३ अवसरहरू

१. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा आजीवन सिकाइको मुख्य जिम्मेबारी स्थानीय तहमा रहेको,

२. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा आजीवन सिकाइ प्रवर्धन गर्नका लागि गाउँपालिकामा तिन ओटा सामुदायिक सिकाइ केन्द्र रहेका र सोही केन्द्रहरूको परिचालन गरी सम्बन्धित कार्यहरू अगाडि बढाउन सकिने अवस्था रहेको,

### ३.४.४ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

३. आजीवन तथा अनौपचारिक शिक्षामा वडामा रहेका संघ संस्थाहरूसँग सहकार्य गर्ने,

### ३.४.५ रणनीति

१. सामुदायिकक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने_

२. सामुदायिकक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने।

३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने।

४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने।

५. सामुदायिकक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने।

६. सामुदायिकक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने।

## ३.४.६ प्रमुख उपलब्धि तथा नतिजा

लक्ष्यहरू

| क्र.सं. | लक्ष्य सूचक | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | कैफियत |
| १ | सामुदायिक अध्ययन केन्द्रको सङ्ख्या | ३ | ३ | ४ | ४ | ५ | |
| २ | साक्षरता दर | ७७.७ | ७९ | ८१ | ८३ | ८५ | |
| ३ | प्रविधि मैत्री पार्क | ० | २ | ४ | ६ | ८ | |
| ४ | सामुदायिक पुस्तकालय तथा वाचानालय | ० | २ | ४ | ६ | ८ | |
| ५ | तालिम प्राप्त सहजकर्ताको सङ्ख्या | ३ | ३ | ३ | ३ | ५ | |
| ६ | खुला विद्यालयको स्थापना | ० | १ | १ | १ | १ | |

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

२. समाजमा रहेका संघसंस्थाहरूले साक्षरता, अनौपचारिक तथा आजीवन सिकाइमा स्थानीय तहसँग सहकार्य गरेका हुनेछन्।

३. सिपसहितको साक्षरता र डिजिटल साक्षरताबाट नवसाक्षरहरूको स्तरोन्नती गरिएको हुनेछ।

४. गाउँपालिकाका प्रत्येक वडामा आर्थिक वर्ष २०८५/८६ सम्म ३ ओटा डिजिटल सार्वजनिक लाईब्रेरीको स्थापन भएको हुनेछ।

## ३.४.७ अनौपचारिक र निरन्तर शिक्षा अन्तर्गतका प्रस्तावित कार्यक्रमहरूखो लागत अनुमान

| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Non-Formal and Continious Education)** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | | Existing unit cost | Pro-posed unit cost | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षासहितको सिपमुलक तालिम | ० | १०० | ० | १०० | ० | | १०० | ० | १ | ० | १ | ० |
| निरक्षरता पहिचान सर्वेक्षण | ० | ५० | ० | ० | ५० | | ५० | ० | १ | ० | ० | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक सिकाइ केन्द्रको लागि अनुदान | ९०० | ९०० | ९०० | ९०० | ९०० | | ३०० | ३ | ३ | ३ | ३ | ३ |
| सार्वजनिक सूचना तथा प्रविधि पार्क | ० | ५०० | ५०० | ५०० | ५०० | | २५० | ० | २ | २ | २ | २ |
| खुला विद्यालयको स्थापना तथा सञ्चालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | | १००० | १ | १ | १ | १ | १ |
| CLC परिचालकहरूको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | २५ | २५ | २५ | २५ | २५ | | २५ | ० | ० | १ | ० | १ |
| स्थानीय ज्ञान संरक्षणसहितको सामुदायिक पुस्तकालय तथा बाचानालयको स्थापना | ० | ५०० | ५०० | ५०० | ५०० | | ५०० | ० | १ | १ | १ | १ |
| | | | | | | | | | | | | |

## ३.५ प्राविधिक शिक्षा

मालिका गाउँपालिका वडा नं. ८ स्थित श्री मालिका मा.वि. नमूना मा.वि. हो। यस मा.वि.मा प्राविधिक धारतर्फ कक्षा ९-१२ सम्म बाली विज्ञानको अध्यापन हुन्छ। यस मा.वि.मा कक्षा ९ देखि कक्षा १२ सम्म ६० जना विद्यार्थीहरू अध्ययन गर्छन्। प्राविधिक धारबाहेक साधारण धारतर्फ कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गर्नुपर्ने तड्कारो आवश्यकता देखिएको छ।

### ३.५.२ उद्देश्य

१. प्राविधिक शिक्षामा बालबालिकाहरूको पहुँच बढाउनु,

२. प्राविधिक शिक्षाको गुणस्तरियता कायम गर्नु,

२. गाउँपालिकाको कुनै एक मा.वि.मा कक्षा ११/१२ मा विज्ञान विषयको अध्यापन शुरू गर्नु,

### ३.५.३ रणनीति

१. गाउँपालिकाभित्र एक बहुप्राविधिक शिक्षालयको सम्भाव्यता अध्ययन गर्ने,

२. प्राविधिक शिक्षा अध्ययन गर्ने बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने,

३. प्राविधिक शिक्षामा अध्यापन गर्ने शिक्षक तथा प्रशिक्षकहरूलाई पेसागत तालिमको व्यवस्था गर्ने,

४. बहुप्राविधिक शिक्षालय स्थापना गर्ने सम्बन्धमा कार्यदल बनाई अध्ययन गर्ने,

## ३.५.४ योजना अवधीमा हासिल गर्न सकिने अपेक्षित उपलब्धी सूचक

| सि.नं. | प्रस्तावित कार्यक्रमहरू | आधार वर्षको अवस्था | २०८२/०८३ लक्ष्य | २०८३/०८४ लक्ष्य | २०८४/०८५ लक्ष्य | २०८५/०८६ लक्ष्य | थप ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक विद्यालयको सङ्ख्या | १ | १ | २ | २ | २ | २ |
| २ | प्राविधिक विद्यालयमा प्रशिक्षक/ शिक्षकको सङ्ख्या | ८ | ८ | ८ | १६ | १६ | १६ |
| ३ | प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या | ८१ | ९० | ११० | १८० | १८० | २०० |
| ४ | बहुप्राविधिक शिक्षालय | 0 | 0 | १ | १ | १ | १ |

## ३.५.४ उल्लेखित लक्ष्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा लगानी अनुमान

| **बहुप्राविधिक शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Non-Formal and Continious Education)** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | | **Existing unit cost** | **Pro-posed unit cost** | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| बहुप्राविधिक शिक्षाको सम्भाव्यता अध्ययन | ० | १०० | ० | ० | ० | | १०० | ० | १ | ० | ० | ० |
| बहुप्राविधिक शिक्षालयको स्थापना तथा संचालन | ० | ० | १०००० | १०००० | १०००० | | १०००० | ० | ० | १ | १ | १ |
| विज्ञान विषय संचालन | ० | ० | ० | ५००० | ५००० | | ५००० | ० | ० | ० | १ | १ |

# परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

गाउँपालिकाका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले निशुल्क पाठ्यपुस्तकहरू प्राप्त गर्छन्। स्थानीय विषय "हाम्रो मालिका" पाठ्यपुस्तक भने यस गाउँपालिकाबाटा निशुल्क वितरण हुन्छ। पाठ्यक्रम सबै विद्यालयमा पुर्याइएको छ।डिजिटल पाठ्यक्रम विद्यालयहरूबाट वेभसाइतबाट प्राप्त गर्न सकिन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार तयार पारिएका पाठ्यक्रमहरू हाल विद्यालय तहमा लागु गरिएका छन्। पाठ्यक्रमकै आधारमा पठनपाठन तथा मूल्याङ्कनका प्रयासहरू भएपनि पाठ्यक्रम अनुसार सत प्रतिशत आन्तरिक मूल्याङ्कन तथा कक्षा १-३ सम्मको एकिकृत पाठ्यक्रममा आधारिति मूल्याङ्कन प्रणाली लागु गर्ने सबालमा शिक्षकहरूको क्षमता विकास तथा तदारूकता कायम गर्न सकिएको छैन। मालिका गाउँपालिकाभर पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम स्थानीय पाठ्यक्रममा आधारित "हाम्रो मालिका" पाठ्यपुस्तक लागु गरिएको छ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारूमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।
४. कक्षा १-३ मा एकिकृत पाठ्यक्रम लागु गर्नु
५. सबै विद्यालयमा विषयगत पाठ्यक्रम उपलब्ध गराउनु,
६. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूलाई निराकरण गर्ने गरी शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास गर्नु,
७. स्थानीय पाठ्यक्रमको समयानुकुल अद्यावधिक तथा परिमार्जन गर्नु,

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने।

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने।

६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गर्ने।

७. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने।

८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने।

९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने।

१०. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने।

११. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरूलाई प्राथमिकताका साथ समावेश गर्ने।

१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने।

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

४. पाठ्यक्रममा निर्दिष्ट गरिएअनुसार विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन व्यवहारिक रूपमा कार्यान्वयन हुँदा विद्यार्थीहरूको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ।

५. प्रत्येक विद्यालयमा विषयगत पाठ्यक्रमहरू उपलब्ध भएका हुनेछन्।

६. सबै शिक्षकहरूले पाठ्यक्रमअनुसार शिक्षण सिकाई क्रियाकलाप र मूल्याङ्कनका प्रक्रियाहरू अगाडि बढाएका हुनेछन्।

७. विद्यालयका आन्तरिक मूल्याङ्कन व्यवस्थित रूपमा सञ्चालन हुँदा विद्यार्थीहरूको कक्षा दोहोर्याउने, छोड्ने दर कमी भएको हुनेछ।

८. सबै विद्यालयमा स्तरीकृत प्रश्नहरू निर्माण गरी विद्यार्थी मूल्याङ्कन हुनेछ।

९. जलबायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी सामग्रीहरू अध्यापन हुनेछन्।

१०. विद्यालयका शैक्षिक गतिविधिहरू पाठ्यक्रमको मर्मअनुसार सञ्चालित हुनेछन्।

### ४.१.४ लक्ष्य सूचकहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | ० | १० | २० | ३० | ४० | ४८ |

## ४.१.५ लक्ष्य सूचकहरू हासिल गर्न तर्जुमा गरिएका प्रस्तावित कार्यक्रम तथा लागत अनुमान

**पाठ्यक्रम र मूल्यांकन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Curriculum and Evaluation)**

| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | Existing unit cost | Proposed unit cost | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| हाम्रो मालिका वितरण (संघीय अनुदान) | ६३८.४ | ६३८.४ | ६३८.४ | ६३८ | ६३८ | | ०.२ | ३१९२ | ३१९२ | ३१९२ | ३१९२ | ३१९२ |
| पाठ्यक्रम कार्यान्वयन तालिम | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |
| कस्टमाइज्ड तालिम | १५० | १५० | १५० | १५० | १५० | | ५ | ३० | ३० | ३० | ३० | ३० |
| शैक्षिक सामग्री अनुदान | ९६० | ९६० | ९६० | ९६० | ९६० | | १५ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| कक्षा ५ र ८ को परीक्षा | ६०० | ७०० | ७०० | ८०० | ८०० | | ६०० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल (हजारमा) | २४४८ | २५४८ | २५४८ | २६४८ | २६४८ | | | | | | | |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ वर्तमान अवस्था

| विद्यालय तह | ECED | | | Lower Basic (G1-5) | | | Upper Basic (G 6-8) | | | Secondary (G 9-10) | | | Secondary (G 11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | कु | म | पु | कु | म | पु | कु | म | पु | कु | म | पु | कु |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ६४ | १ | ६५ | ८८ | १०७ | १९५ | १५ | ३७ | ५२ | १३ | ४२ | ५५ | २ | ८ | १० |
| सामुदायिक विद्यालयको शिक्षक सङ्ख्या | ५६ | १ | ५७ | ६५ | ९६ | १६१ | १२ | ३७ | ४९ | १३ | ४२ | ५५ | २ | ८ | १० |
| विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ४२ | १ | ४३ | ५७ | ९० | १४७ | १० | ३० | ४० | ३ | २६ | २९ | २ | ८ | १० |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक्षक/ शिक्षक सङ्ख्या (कक्षा ९-१२) | | | | | | | | | | १ | ४ | ५ | १ | ५ | ६ |
| गाउँपालिका शिक्षक | १४ | | १४ | ८ | ५ | १३ | १ | २ | ३ | ३ | १ | ४ | ० | ० | ० |
| टि.पि.डी तालिम प्राप्त शिक्षक | ४० | | ४० | ६५ | ९६ | १६१ | १२ | ३७ | ४९ | १३ | ४२ | ५५ | २ | ८ | १० |

मालिका गाउँपालिकाका ५३ ओटा बालविकासमा ५७ जना बालविकास सहजकर्ताहरू कार्यरत छन्। संस्थागत विद्यालयमा कार्यरत ५ जना सहजकर्ता गणना गर्दा गाउँपालिकामा ६२ जना सहजकर्ताहरू छन्। प्राथमिक तह तर्फ गाउँपालिकामा १६१ जना शिक्षक शिक्षिका कार्यरत छन् भने नि.मा.वि.तह तर्फ गाउँपालिकामा ४९ मा.वि. तर्फ ५५ र मा.वि.(११-१२) तर्फ १० जना गरी कुल ३२४ जना शिक्षक शिक्षिकाहरू कार्यरत छन्। त्यसैगरी मा.वि. तर्फ ११ जना विद्यालय सहयोगी, ५३ जना कार्यालय सहयोगी गरी ६४ जना विद्यालय कर्मचारीहरू कार्यरत छन्।

मालिका गाउँपालिकामा अस्थायी तथा करार शिक्षक छनोट समितिबाट अस्थायी तथा करार सेवाका शिक्षकहरू छनोट हुन्छन्। आवधिक रूपमा आयोजना गरिने लघु तथा कस्टमाइज्ड तालिम तथा शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने टि.पि.डि. तालमबाट शिक्षकहरूको पेसागत विकास गरिएको छ। शिक्षक मेन्टरिङ कार्यविधि, २०८० अनुसार नवप्रवेशी शिक्षकलाई शिक्षक पेसागत सहयोग पद्धतिबाट पेसागत सहयोग प्रदान गरिएको छ। विद्यालयमा शिक्षक स्थायी सेवाका लागि शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षा विकास तथा समन्वय इकाइबाट नियुक्ति भई गाउँपालिकामा पदस्थापन हुने र विद्यालयमा स्थायी शिक्षक व्यवस्थापन नहुँदासम्मको लागि रिक्त हुने पदमा गाउँपालिका स्तरमा रहेको अस्थायी तथा करार शिक्षक छनौट समितिबाट शिक्षक व्यवस्थापन हुने गरेको छ।

शै.व. २०८१ मा सामुदायिक विद्यालयतर्फ सञ्चालनमा रहेका विद्यालयहरूमा खुद २५५ कक्षा सञ्चालन रहेकामा युडब्ल्युएसबाट प्राप्त फेलो शिक्षक, कम्युनिटी शिक्षक, गाउँपालिकाका १४ जना बालविकास सहजकर्ताहरूसमेत जम्मा २१७ जना शिक्षकहरू १-५ मा कार्यरत रहेका छन्। उक्त सङ्ख्याको आधारमा कक्षा शिक्षक रेसियो १:१.७ देखिन्छ। बहुवर्ग शिक्षण गर्दा पनि गाउँपालिकामा का.स.हरूले समेत तल्लो कक्षाहरू सञ्चालन गर्नु पर्ने देखिन्छ।

### ४.२.२ चुनौती

१. शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भई पदस्थापन नभएसम्मका लागि अस्थायी तथा करार शिक्षक नियुक्ति गर्नुपर्ने र विभिन्न तहबाट स्वार्थ समूह हावी हुँदा छनोट प्रकृयामा व्यवधान हुने,

२. गाउँपालिकामा पटक पटक शिक्षक पदहरू रिक्त हुने हुँदा नियमित रूपमा परीक्षा सञ्चालन गर्नुपर्ने,

३. शिक्षक छनोटको लागि शिक्षक सेवा आयोगको पाठ्यक्रम प्रयोग गरिने तर शिक्षकसेवा आयोगले विद्यालय सहायक र सहयोगी कर्मचारी छनोटको लागि कुनै पाठ्यक्रम निर्माण नगरेकोले छनोटका पाठ्यक्रमहरू पालिकागर रूपमा फरक परेको,

४. बालविकास तहमा २ ओटा सुसारे भनिएतापनि एकै जनाबाट काम चलाउने गरिएको,

५. नि.मा.वि. तथा मा.वि.मा विषयगत दरबन्दीहरूको अभाव भएको,

### ४.२.३ अवसरहरू

१. शिक्षक सेवाबाट हरेक साल पदपुर्ति गर्न थालेको,

२. गाउँपालिकाबाट शिक्षक पदस्थापन गरिने भएकोले पालिका भित्रका जनशक्तिको लागि अवसर सिर्जना हुने गरेको,

३. संघीय सरकारबाट शिक्षालाई प्राथमिकता दिनुपर्ने वहस सिर्जना भएकोले तहगत दरबन्दीहरू पूरा हुने संकेत देखिएको,

४. गाउँपालिकालाई करार शिक्षकको व्यवस्थापन दिएकोले सरूवा,मिलान जस्ता कार्यहरू सहज भई जनशक्ति मिलान गर्ने कार्य सहज हुन थालेको।

### ४.२.४ उद्देश्य

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु।

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु।

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु।

४. अस्थायी तथा करार शिक्षक व्यस्थित रूपमा छनोट गर्नु,

### ४.२.५ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने।

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने।

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ

समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने।

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।

६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।

## ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।

लक्ष्य सूचकहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ५७ | ४९ | ५४ | ५६ | ५८ | ६१ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | १६१ | १६१ | १६१ | १६१ | १६१ | १६१ |
| ३ | आ.वि.(६-८) शिक्षक | ४० | ४० | ४५ | ५० | ५५ | ६४ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | ५७ | ४९ | ५४ | ५६ | ५८ | ६१ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | २० | ३० | ३० | ४० | ५० | ६० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ४८ | ४८ | ४८ | ४८ | ४८ |

## ४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | **Existing unit cost** | **Proposed unit cost** | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| दरबन्दी मिलान | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नयाँ नियुक्ति भएका शिक्षकहरूलाई सेवा प्रवेश तालिम | | | | | | | २ | १० | १० | १० | १० | १० |
| ICT तालिम | ६० | ६० | ६० | ६० | ६० | | ३ | २० | २० | २० | २० | २० |
| शैक्षिक सामग्री निर्माण तथा प्रयोग तालिम | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |
| ECED तालिम | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |
| Teacher÷s Time-on-task प्रणाली | ५० | ५० | ५० | ५० | ५० | | ५० | १ | १ | १ | १ | १ |
| सुपरीवेक्षण तथा अनुगमन | १५० | १५० | १५० | १५० | १५० | | १.५ | १०० | १०० | १०० | १०० | १०० |
| विद्यालय सूपरीवेक्षण सम्बन्धि विज्ञ शिक्षकहरूलाई तालिम | ० | १०० | १०० | १०० | १०० | | १०० | ० | १ | १ | १ | १ |
| टिपिडी तालिम | ० | ० | ० | ० | ० | | ० | १० | १० | १० | १० | १० |
| सबै शिक्षकलाई गाउँपालिकामा सेवा प्रवेश तालिम | २० | २० | २० | २० | २० | | २ | १० | १० | १० | १० | १० |
| प्र.अ. क्षमता विकास तालिम | ० | ० | ० | ० | ० | | १.५ | ० | ५ | १० | १० | १० |
| फोकल शिक्षकलाई ब्रेल तथा सांकेतिक भाषा टट तालिम | ० | १०० | ० | ० | १०० | | ५० | ० | २ | ० | ० | २ |
| शिक्षकहरूलाई सिर्जनात्मक, प्रयोगात्मक तथा परियोजनात्मक कार्य सम्पादन तालिम | ० | १०० | १०० | १०० | १०० | | १०० | ० | २० | २० | २० | २० |
| मा.वि.को शिक्षक दरबन्दी थप | ० | ३००९.७ | ४२०७ | ५४१७.७ | ७२२३.५ | | ६०१.९ | | ५ | ७ | ९ | १२ |
| नि.मा.वि.को दरबन्दी थप | ० | २४२७.४ | ४८५४.९ | ७२८१ | ११६४९ | | ४८५.४ | | ५ | १० | १५ | २४ |
| बा.वि. | ० | ३४.६ | ५१.९ | ६९.२ | ८६.८ | जना | १७.३ | | २ | ३ | ४ | ५ |
| प्रा.वि. शिक्षक अपुग अनुदान | ० | ३२४ | ५०४ | ५९४ | ५९४ | जना | १८ | | १८ | २८ | ३३ | ० |

## ४.३ शैक्षिक समता र क्षमता विकास

### ४.३.१ वर्तमान अवस्था

दश मुख्य जातिका मानिसहरू बसोबास गर्ने मालिका गाउँपालिका सांस्कृतिक विभिधतायुक्त गाउँपालिका हो। त्यतिमात्र नभएर लैङ्गिक, धार्मिक तथा सांस्कृतिक आधारमा विभिधताको कारण मानिसहरूको जीवनशैलीमा देखिन्छ। सबै मानिसहरूको आवश्यकता, चाहना तथा क्षमता फरकफरक हुन्छ। यही फरकपनालाई सम्बोधन गरी समस्त मालिका गाउँपालिकाभित्र बसोबास गर्ने भावी कर्णधारहरूलाई उनीहरूको धार्मिक, जातीय, सांस्कृतिक तथा शारीरिक भिन्नतालाई सम्मान गरी दिइने समतामूलक र समावेशी शिक्षा निर्माण गर्नु मालिका गाउँपालिकाको लक्ष्य हो। तथ्याङ्कीय हिसाबले गाउँपालिकामा १० थरीका जातजाती र ३ थरीका धर्मावलम्बी बसोबास गर्छन्। यस गाउँपालिकामा करिब २% मानिसहरूमा अपाङ्गता देखिएको छ।

गाउँपालिकाभर ११७ जना सामान्य देखि गम्भिर प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूले अध्ययन गर्छन्। ति मध्ये ३८ जना बालबालिकाहरूले अपाङ्गता छात्रवृत्ति प्राप्त गर्ने गर्छन्। कक्षागत रूपम प्रारम्भिक बाल विकास कक्षामा १७, कक्षा १ मा २४ त्यसैगरी कक्षा २ मा २३ कक्षा ३ मा १८ ४ मा १, कक्षा ५ मा २ जना सामान्यदेखि गम्भिर अपाङ्गता भएका बालबालिकाहरू छन्। त्यसैगरी कक्षा ६, ७, ८, ९, १०, ११ र १२ मा क्रमशः २, ५, ३, ३, ४, १ र २ जना बालबालिकामा अपाङ्गता देखिएको छ। यस्ता बालबालिकाहरूलाई अपाङ्गताको प्रकृति हेरेर मासिक १००० देखि ५००० सम्मको मासिक छात्रवृत्ति उपलब्ध छ। विशेष प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष विद्यालयमा अध्यापन गराउने व्यवस्था समेत रहेको छ।

### ४.३.२ विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका बालबालिकाहरूको विवरण

| विवरण | ई.सि.डि. | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | १७ | २४ | २३ | १८ | १ | ३ | २ | ५ | ३ | ३ | ४ | १ | २ |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | १२ | २४ | २३ | १६ | २ | ३ | २ | ५ | ३ | ३ | ४ | १ | २ |

### ४.३.३ चुनौती

१. सबै तहका बालबालिकाहरूमा सामान्य देखि गम्भिर प्रकृतिको अपाङ्गता हुन सक्ने तर कक्षा ३ सम्ममात्र अपाङ्गता पहिचान कार्यक्रम हुँदा अन्य तहका बालबालिकाहरू सो अवसरबाट बञ्चित भएका छन्।
२. अपाङ्गता पहिचान भएका कक्षाहरूमा उल्लेख्य मात्राका बालबालिकाहरूमा कुनै न कुनै अशक्तता देखिएको,
३. अशक्तता पहिचान भइसकेपछि तत्काल रिस्पोन्स गर्न नसक्दा बालबालिका तथा अविभावकहरूमा नैरश्यता आउन सक्ने,
४. सिमित सङ्ख्याका बालबालिकाहरूमा विशेष प्रकृतिका अशक्तता देखिएको हुँदा विशेष विद्यालय खोल्नु भन्दा समावेशी शिक्षाको सम्भाव्यता देखिएको तर शिक्षकहरूको क्षमता विकास गर्ने कार्य निकै चुनौतीपूर्ण देखिएको,

### ४.३.४ अवसरहरू

१. अपाङ्गता पहिचान कार्यक्रमको थालनी भएको,

२. समावेशी शिक्षा, स्रोत कक्षा तथा विशेष विद्यालयहरूको विकास तथा विस्तार भएको,

३. सबै बालबालिकाहरूलाई समतामुलक शैक्षिक पहुँच सिर्जना हुनुपर्छ भन्ने धारणा पालिकास्तरमा बन्दै गएको,

### ४.३.५ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

४. नयाँ भौतिक पूर्वाधार निर्माणमा अपाङ्गता मैत्री पूर्वाधार निर्माण गर्नु,

५. विद्यमान पूर्वाधारको स्तरोन्नती गरी अपाङ्गता वा अशक्तता मैत्री पूर्वाधार निर्माण गर्ने।

### ४.३.६ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने। यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने।

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने।

५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने।

७. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने।

८. आधारभूत तहमा मातृभाषा ,स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने।

### ४.३.७ लक्ष्यहरू

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या (१-५) | १२० | १२० | १०० | ८० | ६० | २० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९७ | ०.९७ | ०.९९ | ०.९९ | १ | १ |
| | माध्यमिक तह (कक्षा१-१२) मा विद्यालय बाहिर रहेको दर | ३५० | ३०० | २५० | २०० | १५० | १३० |

## ४.३.८ लक्ष्य हासिल गर्न तर्जुमा गरिएका प्रस्तावित कार्यक्रमहरू

**समाहित शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Inclusive Education at all Levels)**

| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | **Existing unit cost** | **Proposed unit cost** | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| शैक्षिक सत्रको शुरूमा स्वास्थ्य जाँच | | | | | | | ५ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| बौद्धिक अपाङ्गताको लागि शिक्षा अनुदान | ३० | ३० | ३० | ३० | ३० | | १० | ३ | ३ | ३ | ३ | ३ |
| बहिरा, शुष्तश्रवण तथा दृष्टिबिहिनहरूलाई शिक्षा प्रोत्साहन अनुदान | ० | ८० | ८० | ८० | ८० | | ४० | ० | २ | २ | २ | २ |
| स्रोत कक्षा सञ्चालन | ० | ५०० | ५०० | ५०० | ५०० | | ५०० | ० | १ | १ | १ | १ |
| खुला विद्यालय | ० | ० | ५०० | ५०० | ५०० | | ५०० | ० | ० | १ | १ | १ |
| **जम्मा** | | | | | | | | | | | | |

# ४.४ दिवा खाजा तथा पोषण

## ४.४.१ वर्तमान अवस्था

दिवा खाजा विद्यार्थीहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासको लागि अपरिहार्य संघीय सशर्तको कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत हरेक वर्ष स्थानीय तहको लागि नेपाल सरकारबाट रकम हस्तान्तरण हुन्छ। प्रति विद्यार्थी रू१५ को दरले विद्यालयलाई रकम भुक्तानी गरिन्छ। दिवा खाजा सहजीकरण पुस्तिका, २०७६ अनुसार विद्यालयले विद्यालय स्तरमा दिवा खाजा सहजीकरण समिति निर्माण गरी खाजा व्यवस्थापन गर्छन्। हाल विद्यालयमा कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि खाजा वितरण हुन्छ। यद्धपि यो व्यवस्था आ.व. २०८०/०८१ मा कक्षा ६ सम्मका विद्यार्थीहरूको लागि वितरित थियो। वि.सं.२०७६ बाट दिवा खाजा यस गाउँपालिकामा वितरण शुरू गरिएको थियो।

## ४.४.२ चुनौतीः

१. महङ्गीअनुसार दिवा खाजाको अनुदान रकम समायोजन नहुनु,

२. दिवा खाजाको लागि व्यवस्थापकीय क्षेत्रमा कुनै अनुदान नदिई खाजाको मात्र रकम विनियोजित हुँदा खाजा व्यवस्थापनमा समस्या सिर्जना भएको,

३. विद्यालयमा खानेपानी, खाजा हल लगायतका पूर्वाधारहरू निर्माण गर्न नसक्दा खाजा व्यवस्थापनमा सरसफाइ कायम गर्न समस्या सिर्जना भएको,

४. खाजा १८० दिनको लागि मात्र उपलब्ध हुने तर विद्यालय परीक्षा छोडेर २०५ दिन सञ्चालन गर्नुपर्ने हुँदा केही समय खाजा समेत खुवाउन नसकिने अवस्था सिर्जना भएको,

## ४.४.३ अवसरहरूः

१. दिवा खाजाको कारण विद्यार्थीहरूको विद्यालय छोड्ने दर, विद्यालयमा टिकाउ हुने दर र भर्ना दर बढेको छ।

२. विद्यार्थीहरूले नियमित खाजाको सुविधा पाएको कारण उनीहरूको वृद्धि तथा विकास राम्रो भएको छ।

३. स्थानीय खाद्य सामग्रीहरू बेची किसानहरू लाभान्वित भएका छन्।

४. धेरै विद्यार्थी सङ्ख्या हुने विद्यालयमा प्रति विद्यालय एकजनाले रोजगारी प्राप्त गरेका छन्।

## ४.४.४ उद्देश्य

१. बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा टेवा पुर्याउनु,

२. विद्यार्थीहरूको भर्ना दर, टिकाउ दर, उत्तीर्ण दर र कक्षा छोड्ने दर घटाउनु,

३. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

४. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

## ४.४.५ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने।

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने।

४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरूलाई प्राथमिकता दिने।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

## ४.४.६ योजना अवधिमा हासिल गर्ने उपलब्धीहरूको लक्ष्य सूचकहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | कक्षा १-५ | कक्षा १-५ | कक्षा १-५ | कक्षा १-५ | कक्षा १-५ | कक्षा १-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ५ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | ११ | ११ | १६ | २२ | ३० | ४८ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | ० | १ | २ | ५ | ७ |

## ४.४.७ लक्ष्य हासिल गर्न प्रस्तावित कार्यक्रमहरू

समाहित शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (**Proposed Activities for Inclusive Education at all Levels**)

| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | **Existing unit cost** | **Proposed unit cost** | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| कक्षा ५ सम्मका बालबालिकाहरूलाई दिवा खाजा | ६४ | ६६ | ६७ | ६९ | ७२ | | ०.०१५ | १९९२ | २००० | २००० | २१०० | २१०० |
| प्राथमिक उपचार औषधि वाकस | ० | ११० | १६० | २२० | ४८० | | १० | ० | ११ | १६ | २२ | ४८ |
| प्राथमिक उपचार तालिम | ० | २४ | २४ | ५ | ० | | १ | ० | २४ | २४ | ५ | ० |
| शै सत्रको शुरूमा स्वास्थ्य जाँच | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |

## ४.५ आपतकालीन तथा सङ्कटकालीन समयमा शिक्षा

### ४.५.१ वर्तमान अवस्था

विपद् तथा जोखिम न्युनीकरण नियमावली, २०७६ अनुसार गठन हुनुपर्ने विपद् उत्थानशिलता संयन्त्रको विकास तथा विद्यालयहरूको भौतिक सर्वेक्षण गरी जोखिमयुक्त भवनहरूको पुनर्निमाण जस्ता कार्यहरू आजका आवश्यकताहरू हुन। जोखिम युक्त भौगोलिक अवस्थामा रहेका विद्यालयहरूको स्थानानतरण तथा जोखिम न्यूनीकरणको दिशामा गाउँपालिकाको अझै ध्यान पुग्न सकेको छैन। आगलागीबाट खतरामा पर्न सक्ने, बाढी तथा पहिरोबाट संवेदनशील विद्यालयहरूमा रोकथामका उपायहरू गरी संभावित विपद्लाई जोगाउनु पर्छ। चटयाङ्ग, विद्युतीय जोखिम कम गर्ने संयन्त्र तथा विद्यालयमा विद्यार्थीहरूको जोखिमका स्थलहरूको बार बन्देज पनि विद्यालयहरूमा त्यत्तीकै महत्त्वका विषयहरू हुन। मा.वि. विद्यालय तहसम्म प्राथमिक उपचारको फोकल शिक्षक व्यवस्था गरी सबै बालबालिकाहरूलाई उनीहरूकै पाठ्यक्रममा उल्लेखित प्राथमिक उपचारको व्यवहारिक ज्ञान तथा सिप प्रदान गर्ने र विद्यालयमा सदैव प्राथमिक उपचार बाकसको व्यवस्था हुनु पर्ने देखिन्छ। टिनका छाना भएका विद्यालयहरूको विस्थापन पनि उत्तीकै महत्त्वपूर्ण कार्यको रूपमा हेरिनुपर्छ।

सबै विद्यालयलाई बालमैत्री र विपद उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा निर्माण गर्ने सोच गाउँपालिकाको छ। हालसम्म लगभग सबै विद्यालयका पुराना भवनहरू विस्थापन गरी नयाँ पक्की भवन निर्माण गर्ने कार्य गरिएको छ। अझै पनि गाउँपालिकाभित्र देहायका विद्यालयका भवनहरू पुनर्निमाण गर्नुपर्ने देखिन्छ।

| विद्यालय | विस्थापन गर्नुपर्ने भवन | कैफियत |
|---|---|---|
| नेटा दर्लिङ्ग मा.वि. | पुरानो ८ कोठे टहरो | दारपात गलेका |

| | | |
|---|---|---|
| जनजागरण प्रा.वि. | पुरानो छानो भएको भवन | कच्ची भवन |
| सल्लाखर्क प्रा.वि. | टिनको छानो भएको भवन | |
| सिद्धमालिका आ.वि. | माथिल्लो भवन वरिपरि घेराबार गर्नुपर्ने | |
| देवीस्थान मा.वि. | पुरानो कच्ची भवन | |
| अर्खावाङ्ग मा.वि. | नयाँ भवन निर्माण गर्नुपर्ने | |
| मैदानचौर प्रा.वि. | पुराना भवन विस्थापन गर्नुपर्ने | |
| सिद्धेश्वरी प्रा.वि. | विद्यालय वरिपरी घेराबार गर्नुपर्ने/ विद्यालय जाने गोरेटो बाटो निर्माण गर्नुपर्ने | |
| खड्ग आ.वि. | पुराना भवनहरू विस्थापन गर्नुपर्ने | |

मालिका गाउँपालिकामा रहेका विद्यालयहरूमध्ये आगलागी, बाढी, पहिरो तथा चटयाङ्ग जस्ता विपद्को सम्भावना भएका विद्यालयहरू देहायबमोजिम छन्।

| सि.नं. | विद्यालय | जोखिमको कारक | कैफियत |
|---|---|---|---|
| १ | पाटाखर्क प्रा.वि. | दलदले जमिन | |
| २ | सिद्धमालिका | पहिरो | |
| ३ | गैरा प्रा.वि. | पहिरो | |
| ४ | टम्मुडाँडा | भिर | |
| ५ | देवीस्थान मा.वि. | खोला | |
| ६ | मालिका प्रा.वि., ओखरबोट | वर्षे भेल | |
| ७ | सिद्ध प्रा.वि. | पहिरो | |
| ८ | सिद्धेश्वरी | भिर | |

### ४.५.३ उद्देश्य

१. सम्भावित विपदको पुर्वतयारी गर्नु र विपद न्यूनीकरणको लागि पुर्वाधार निर्माण गर्ने

२. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु।

३. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु।

४. आपतकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।

### ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने

२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. महामारी तथा अन्य किटजन्य विपदबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने।

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने।\

६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने।

७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

८. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने।

९. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा गाउँपालिकामा विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरीक्षण गर्ने

१०. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने।

११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने

### ४.५.५ लक्ष्य सूचकहरू

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

३. आपतकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ।

नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् प्रतिकार्य योजना निर्माण गर्ने विद्यालय | ० | ११ | १६ | २२ | ४३ | ४८ |
| २ | प्राथमिक टुल बक्स राखे विद्यालयहरू | ० | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ३ | भौतिक सर्वेक्षण भएका विद्यालयहरू | ० | ० | ४८ | ० | ० | ० |
| ० | विपदमा जोगिने जीवनउपयोगि सिपको टट तालिम | ० | ० | १ | १ | | |

## ४.५.६ लक्ष्य हासिल गर्न प्रस्तावित कार्यक्रमहरू

**आपतकालीन र सङ्कटकालीन समयको शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Inclusive Education at all Levels)**

| लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| विपद तथा प्रतिकार्य योजना निर्माण | ० | ४८० | ० | ० | ० | | १० | ० | ४८ | ० | ० | ० |
| विद्यार्थीहरूलाई जीवन सिप तालिम | ० | २०० | २०० | २०० | २००० | पटक | २०० | ० | १ | १ | १ | १ |
| प्राथमिक उपचार वाकस | ० | २४० | २४० | २४० | २४० | | ५ | ० | ४८ | ४८ | ४८ | ४८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको भौतिक सर्वेक्षण | ० | १०० | ० | ० | ० | | १०० | ० | १ | ० | ० | ० |
| सिकाइ पुस्तान्तरण कार्यक्रम | ० | ११० | ११० | ११० | ११० | | ५ | ० | २२ | २२ | २२ | २२ |
| जम्मा | | | | | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार र विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन। एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यय योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.६.१ विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्था

गाउँपालिकाका ५३ ओटा सामुदायिक विद्यालयका २१६ भवनहरूमा ४५५ कोठाहरू छन्। प्राय सबै विद्यालयमा खेलमैदान रहेको छ। गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरूमा ८४ ओटा शौचालय, ७० ओटा खानेपानीको धारा रहेका छन्। त्यसैगरी ४५ ओटा विद्यालयहरूमा स्टाफ कक्ष उपलब्ध छ। ४२ ओटा विद्यालयमा दिवा खाजा व्यवस्थापनको लागि भान्साकोठा उपलब्ध छ। १४ ओटा विद्यालयमा आफ्नो फूलबारी उपलब्ध छ।

| सि.नं. | विद्यालय | भवन | कक्षा कोठा | खेल मैदान | शौचालय | धारा सङ्ख्या | स्टाफ कक्ष | भान्साकोठा | बगैंचा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Amar Secondary School | २ | १६ | १ | १ | १ | १ | १ | ० |
| २ | Arjai Secondary School | ५ | २९ | १ | ३ | ८ | २ | १ | १ |
| ३ | Arkhabang Secondary | ३ | १७ | १ | २ | १ | १ | ० | ० |
| ४ | Banskhola Balbikas Kendra | १ | १ | १ | १ | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | Bararukha Basic School | ४ | १४ | २ | १ | १ | २ | १ | ० |
| ६ | Bhagawati Pra V | १ | ३ | १ | १ | | | | |
| ७ | Bhumeychaur Pra V | २ | ४ | १ | १ | १ | ० | १ | ० |
| ८ | Bidya Devi Primary school | २ | ५ | १ | १ | १ | १ | १ | ० |
| ९ | Chhatra Basic School | २ | ८ | १ | २ | १ | १ | १ | ० |
| १० | Chhaphile Secondry School | ४ | २० | १ | ३ | ४ | १ | १ | ० |
| ११ | Chyandanda Secondary School | ३ | १६ | १ | २ | १ | ० | १ | ० |
| १२ | Deurali Pra V | ३ | ६ | १ | १ | १ | ० | १ | ० |
| १३ | Devisthan Secondary School Ghamir | ४ | २२ | २ | ३ | २ | १ | १ | १ |
| १४ | Devisthan Secondary School Hwangdi | ५ | २० | १ | २ | ० | १ | १ | ० |
| १५ | Fulbari Basic Primary School | २ | ५ | १ | १ | १ | १ | १ | ० |
| १६ | Gaenli Chaur Pra V | २ | ४ | १ | १ | ० | १ | १ | ० |
| १७ | Gaira Pra V | १ | २ | १ | १ | १ | १ | १ | ० |
| १८ | Hwangdi Mehale Secondary School | ३ | २० | १ | ५ | १ | २ | १ | १ |
| १९ | Hwangdi chiwara pv | २ | ५ | १ | २ | ० | १ | १ | १ |
| २० | Jamal Pokhara Secondary School | ५ | १६ | १ | ४ | ३ | १ | १ | ० |
| २१ | Janajagaran Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| २२ | Janajyoti Basic School | २ | ६ | १ | २ | १ | १ | ० | १ |
| २३ | Janakalayan Pra V | १ | ३ | १ | १ | १ | १ | १ | १ |
| २४ | Janasewa Pra V | १ | ४ | | | | | | |
| २५ | Kalika Basic school | ३ | ८ | १ | १ | १ | १ | १ | ० |
| २६ | Khadga Basic School | ४ | १४ | २ | २ | ३ | १ | १ | ० |
| २७ | Maidane Chaur Basic School | ३ | ७ | १ | ३ | ३ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | Malika Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| २९ | Malika Pra V Rang | १ | २ | | | | | | |
| ३० | Malika Pra V Okharbot | १ | ४ | १ | २ | ० | १ | १ | ० |
| ३१ | Malika Secondary School | ३ | २४ | २ | ८ | ६ | २ | १ | १ |
| ३२ | Manakamana Pra V | | | | | | | | |
| ३३ | Marandanda Basic School | २ | ७ | १ | १ | १ | १ | १ | १ |
| ३४ | Mirmire Pra V | १ | २ | १ | १ | १ | ० | १ | ० |
| ३५ | Neta Darling Secondary School | ४ | २२ | १ | १ | २ | १ | १ | १ |
| ३६ | Okharbot pra vi | १ | २ | १ | १ | १ | १ | १ | ० |
| ३७ | Paiyapata Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| ३८ | Pata Kharka Pra V | २ | ६ | १ | १ | १ | १ | १ | ० |
| ३९ | Raina Devi Pra V | २ | ४ | १ | १ | १ | १ | १ | ० |
| ४० | Sallakharka Pra V | २ | ४ | १ | १ | १ | १ | १ | ० |
| ४१ | Shantasamaj Balbikas Kendra | १ | १ | | | | | | |
| ४२ | Shiva Balbikas Kendra | १ | ४ | | | | | | |
| ४३ | Rani Pokhari Basic School | ३ | १५ | १ | १ | ६ | १ | १ | ० |
| ४४ | Siddha Baba Pra V | १ | ४ | १ | १ | १ | १ | १ | १ |
| ४५ | Siddha Basic School | २ | १० | १ | ४ | १ | १ | १ | १ |
| ४६ | Siddhamalika Basic School | ३ | ११ | १ | १ | १ | १ | १ | ० |
| ४७ | Siddheshwori Basic School | २ | ८ | १ | २ | १ | १ | १ | ० |
| ४८ | Suryodaya Pra V | २ | ६ | १ | १ | १ | १ | १ | १ |
| ४९ | Tammudanda Basic School | २ | ६ | १ | १ | १ | १ | ० | ० |
| ५० | Thadhunga Chisapani Balbikas Kendra | १ | २ | १ | १ | १ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | Thanapati Basic School | ४ | १३ | १ | १ | १ | १ | १ | ० |
| ५२ | Thulichaur Basic School | १ | ११ | १ | ३ | १ | १ | १ | १ |
| ५३ | Tikhechuli Pra V | २ | ५ | १ | १ | १ | १ | १ | ० |
| | | २१६ | ४५५ | ५२ | ८४ | ७० | ४५ | ४२ | १४ |

## ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२.सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास ,मर्मत संभार तथा सबलीकरण गर्नु।

३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु।

## ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

## ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।

२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने।

## ४.६.५ विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for School Infrastructure Development and Improvement)

| प्रस्तावित कार्यक्रमहरू | **लगानीको अनुमान** (Cost Estimates (in ‘000s) | | | | | Existing unit cost | Proposed unit cost | **बार्षिक भौतिक लक्ष्य** (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| वास सहितको शौचालय | ० | २००० | २००० | ४००० | ४००० | | १००० | | २ | २ | ४ | ४ |
| भुकम्प प्रतिरोधी बालमैत्री भवन | ० | ३५००० | ४२००० | ४२००० | ४२००० | | ७००० | ० | ५ | ६ | ६ | ६ |
| भलिबल ग्राउण्ड निर्माण | १००० | १००० | १००० | १००० | १००० | | १०० | १ | १ | १ | १ | १ |
| टेवल टेनिस | १००० | १५०० | १००० | १००० | ५०० | | १०० | ० | २ | २ | २ | २ |
| बास्केटबल कोर्ट | ० | २०० | ६०० | ४०० | १००० | | २०० | ० | १ | ३ | २ | ५ |
| व्याडमिन्टन कोर्ट | ० | ५० | २५० | २५० | २५० | | ५० | ० | १ | ५ | ५ | ५ |
| विद्यालय घेराबार | ० | १५०० | १५०० | १५०० | १५०० | | ३०० | ० | ५ | ५ | ५ | ५ |
| बालमैत्री, अपाङ्गमैत्री भवनको पुनर्निर्माण | ० | २००० | २००० | २००० | २००० | | २०० | ० | १० | १० | १० | १० |
| विद्यालय मर्मत | ० | ५०० | ५०० | ५०० | ५०० | | १०० | ० | ५ | ५ | ५ | ५ |
| वाइटबोर्ड | ० | १०० | १०० | १०० | १०० | ओटा | २ | ० | ५० | ५० | ५० | ५० |
| डेस्क बेन्च सेट | ० | ४०० | ४०० | ४०० | ४०० | ओटा | २ | ० | २०० | २०० | २०० | २०० |
| प्रत्येक कक्षामा टेबल र कुर्ची सेट | ० | २५० | २५० | २५० | २५० | | ५ | ० | ५० | ५० | ५० | ५० |
| विद्यालय रङरोगन | ० | २५० | २५० | २५० | ४५० | | २५ | ० | १० | १० | १० | १८ |

## ४.७ सूचना तथा प्रविधि

### ४.७.१ वर्तमान अवस्था

शै.व. २०८१ सम्म मालिका गाउँपालिकाका सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ। २९ विद्यालयहरूमा इन्टरनेट सुविधा पुर्याइएको छ। ३० भन्दा बढी विद्यालयमा एक विद्यालय एक कम्प्युटर हुने अवस्था सिर्जना भएको छ। एघार मा.वि. विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला नै खडा गरिएका छन्। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार पारिएका डिजिटल सामग्रीहरू प्रयोग गर्न सक्ने गरी ३० भन्दा बढी विद्यालयहरूको पहुँच तथा क्षमता अभिवृद्धि गरिएपनि विद्यार्थीहरूलाई नै डिजिटल शैक्षिक सामग्रीहरूमा पहुँच पुर्याउने गरी गाउँपालिकामा एघार मा.वि.हरूको स्तरोन्नति गरिएको छ।

### ४.७.२ चुनौतीहरू:

१. गाउँपालिकाका सबै विद्यालयहरूमा इन्टरनेट कनेक्टिभिटी गर्न सकिने भएको भए पनि केबल ३० विद्यालयमा मात्र कम्प्युटरको सुविधा पुर्याउन सकिएको,

२. सबै विद्यालयहरूमा एकै पटक कम्प्युटर तथा प्रिन्टर सुविधाहरू पुर्याउन चुनौती रहेको,

३. गाउँपालिकाका सबै साना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका सामग्रीहरू प्रयोगमा क्षमता विकास गर्नुपर्ने, मौजुदा अवस्थामा सहज सञ्चालनमा क्षमता विकास भईनसकेको,

४. संघीय शसर्तबाट यस प्रकारका कार्यक्रमहरू व्यापक रूपमा विनियोजन हुने नगरेको र स्थानीय सरकारको सेवा क्षेत्र व्यापक हुँदा प्रशस्त बजेट विनियोजन हुन नसकेको,

### ४.७.३ अवसरहरू:

१. एक विद्यालय एक कम्प्युटर कार्यक्रम प्रत्येक साल बिनियोजन भएको,

२. नेपाल टेलिकम जस्ता सेवा प्रदायकहरूबाट इन्टरनेट सुविधा गाउँपालिकाका सबै विद्यालयहरूमा जोड्न सकिने अवस्था सिर्जना भएको,

३. विद्यालयका हरेक गतिविधिहरू अनलाइन हुने परिस्थिति सिर्जना हुँदा सूचना तथा सञ्चार सुविधा प्रत्येक विद्यालयमा पुर्याउनै पर्ने स्थिति सिर्जना भएको,

४. कक्षा ४ देखि नै स्थानीय पाठ्यपुस्तक हाम्रो मालिका र विज्ञान तथा प्रविधि विषयमा कम्प्युटरका विषयवस्तुहरू समावेस हुँदा प्रयोगात्मक रूपमा विद्यार्थीहरूलाई सहजीकरण गर्न र विद्यालयका कामकाज गर्न कम्तिमा एक कम्प्युटर प्रत्येक विद्यालयमा पुर्याउनै पर्ने देखिएको,

### ४.७.४ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु।

२. कम्तिमा कक्षा १ चलेका विद्यालयहरूलाई आगामी ५ वर्ष भित्र कम्प्युटर प्रिन्टर सहितको इन्टरनेट सुविधा तथा बाल शिसु चलेका विद्यालयहरूमा आगामी दश वर्ष भित्र इन्टरनेट सुविधा सहितको एक कम्प्युटर र प्रिन्टर उपलब्ध गराउनु,

३. आगामी ५ वर्षभित्र कक्षा ५ चलेका विद्यालयहरूमा प्रोजेक्टर सहितको मेकानिज्म र मा.वि.हरूमा स्मार्ट बोर्ड सहितको अध्ययन अध्यापनको थालनी गर्नु,

### ४.७.५ रणनीति

१. सबै विद्यालयमा, कम्प्युटर, प्रिन्टर र डिस्प्ले डिभाइसहरू पुर्याउने,

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।

३. कक्षा ५ सम्मका विद्यालयहरूमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने,

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

६. डिजिटल लाइब्रेरीमा, ११ ओटा मा.वि. अडियो तथा भिडियो स्टुडियोको स्थापना गर्ने,

### ४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. आगामी ५ वर्षमा सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा विस्तार भएको हुनेछ।

२. सबै मा.वि.मा अडियो भिडियो स्टुडियो सहितको लाइब्रेरी स्थापना भएको हुनेछ।

३. सबै मा.वि.मा स्मार्ट बोर्डबाट केही कक्षाहरू सञ्चालन हुनेछन्।

४. सबै कक्षा ५ सम्म सञ्चालनमा रहेका विद्यालयमा प्रोजेक्टरको प्रवन्ध हुनेछ।

५. सबै कक्षा १ सम्म चलेका विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टर सहितको इन्टरनेट सुविधा प्रदान गरिनेछ।

६. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

लक्ष्यहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity सहितका विद्यालय सँख्या | ३० | ३० | ३७ | ४४ | ४८ | ४८ |
| २ | शिक्षणमा कम्प्युटर उपयोग भएका विद्यालय सँख्या | ११ | १६ | २२ | २९ | ३६ | ४८ |
| ३ | डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ११ | २२ | ३० | ४८ | ४८ |
| ४ | व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय | ३० | ३० | ३५ | ४० | ४८ | ४८ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |

### ४.७.७ लक्ष्य हासिल गर्न प्रस्तावित कार्यक्रमहरू

**सूचना तथा प्रविधि कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for School Infrastructure Development and Improvement)**

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| एक विद्यालय एक कम्प्युटर | ६०० | ५०० | ५०० | ५०० | ३०० | | १०० | ६ | ५ | ५ | ५ | ३ |
| इन्टरनेट कनेक्टिभिटी | ३६० | ४२० | ५७६ | ५१२ | ५१२ | | १२ | ३० | ३५ | ४८ | ४८ | ४८ |
| सूचना तथा सञ्चार प्रविधि तालिम | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |

## ४.८ सुशासन तथा व्यवस्थापन

### ४.८.१ वर्तमान अवस्था

शिक्षा क्षेत्र धेरै शिक्षक तथा कर्मचारीहरू कार्य गर्ने थलो हो। प्रत्येक वर्ष लाखौ विद्यार्थीहरूको शिक्षाको प्रवन्ध गर्ने क्षेत्र हो। मालिका गाउँपालिकामा ३९१ शिक्षक तथा कर्मचारीहरू कार्यरत छन्। इमिस रिपोर्ट २०८१ अनुसार सामुदायिक विद्यालयमा ५२०८ विद्यार्थीहरू अध्ययनरत छन्। यति ठुलो सङ्ख्यामा रहेका व्यक्तिहरूलाई व्यवस्थापन गर्ने कार्य आफैमा चुनौतिपुर्ण छ। सबै शिक्षक तथा कर्मचारीहरूलाई कानुनी व्यवस्था अनुसार परिचालन गरी विद्यालयमार्फत सबै विद्यार्थीहरूलाई कानुनमा व्यवस्था भएबमोजिमको सेवा प्रवाह गर्नु नै शैक्षिक सुशासन हो।

शैक्षिक सुशासन कायम गर्न मालिका गाउँपालिकाले निर्माण गरी लागु गरेका विभिन्न ऐन, नियम तथा कार्यविधीहरू देहायबमोजिमका छन्:

| सि.नं. | विवरण |
|---|---|
| १ | मालिका गाउपालिकाको शिक्षा ऐन (संशोधन सहित),२०७५ |
| २ | मालिका गाउँपालिकाको शिक्षा नियमावली( संशोधन सहित), २०७५ |
| ३ | सेमी होस्टेल कार्यविधि, २०८० |

| | |
|---|---|
| ४ | अस्थायी तथा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि, २०८० |
| ५ | शिक्षक बैंक कार्यविधि, २०८० |
| ६ | छात्रवृत्ति छनोट कार्यविधि, २०८० |

यस गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखामा २ जना कर्मचारीहरू रहने व्यवस्था छ। त्यसमध्ये एक जना शिक्षा अधिकृत र एकजना प्राविधिक सहायक हुन। गाउँपालिकामा रहेका ५३ ओटा विद्यालयका जनशक्ति देहायका तालिकामा देखाइएको छ।

| सि.नं. | विवरण | पुरूष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ९० | ५७ | १४७ | |
| २ | नि.मा.वि. | ३० | १० | ४० | |
| ३ | मा.वि. (९-१०) | २६ | ३ | २९ | |
| ४ | बालविकास शिक्षक | १ | ५६ | ५७ | |
| ५ | विद्यालय सहायक | ६ | ५ | ११ | |
| ६ | यु.डब्ल्यु फेलो | ४ | ३ | ७ | |
| ७ | कम्युनिटि | ० | ४ | ४ | |
| ८ | विद्यालय सहयोगी | | | ४९ | |

### ४.८.२ चुनौती

१. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक समितिले आवधिक रूपमा वैठक बस्ने र नियमित प्रकृतिका कानुनी कार्यभन्दा शैक्षिक सुधारका क्रियाकलापमा नेतृत्वदायी भूमिका निर्वाह गर्न नसक्नु,

२. नि.मा.वि. तथा मा.वि. तहमा विषयगत शिक्षकको अभाव देखिएको,

३. कर्मचारी तथा विद्यालय सहायक कर्मचारीहरूको सेवा सुविधा पर्याप्त नभएको,

४. बालविकास सहजकर्ताहरूको सेवा सुविधा पर्याप्त नभएको,

५. यु.डब्ल्यु.एस.सँगको साझेदारीमा विद्यालय सेवामा प्रवेश गरेका फेलो तथा कम्युनिटी शिक्षकहरू कार्यक्रमको समाप्तिपछि बाहिरिँदा विद्यालयमा अभाव देखिएको जनशक्ति परिपुर्ति गर्ने मेकानिज्म बन्न नसकेको,

६. गणित, विज्ञान जस्ता विषयहरूको पदपुर्ति गर्न कठिन भएको,

### ४.८.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु।

२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

४. आर्थिक, जनशक्ति व्यवस्थापन लगायतका क्षेत्रहरूमा पारदर्शिता कायम गर्नु,

५. शिक्षण सिकाइ, परीक्षा, परीक्षण तथा नतिजा प्रकाशनमा एकरूपता, पारदर्शिता कायम गर्नु,

६. जनशक्ति परिचालन, सेवा प्रवाहमा निष्पक्षता तथा पारदर्शिता कायम गर्नु

### ४.८.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने।

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने।

४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।

६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने।

### ४.८.५ लक्ष्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।

२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ।

४. शिक्षक, कर्मचारी तथा अन्य खालका जनशक्ति भर्ना तथा व्यवस्थापनमा निष्पक्षता, पारदर्शिता तथा नियमसंगतता कायम भएको हुनेछ।

५. शिक्षा शाखा, विद्यालय तथा शैक्षिक संस्थाहरूको पारदर्शिता जबाफदेहिता कायम भएको हुनेछ।

६. शिक्षासँग सम्बन्धित सेवा प्रवाहमा नियमितता, छरितोपना, निष्पक्षता कायम हुनेछ।

## ४.८.७ लक्ष्यसम्बन्धी सूचक

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ८ | ९ | १० | ११ | ११ | ११ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | २ | ३ | ४ | ५ | ५ | ५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | १ | ५ | १० | १६ | २२ | ३० |
| ६ | विद्युतीय हाजिरी | ० | ० | ११ | १६ | २२ | ४८ |
| ७ | कार्यसम्पादन करार गर्ने विद्यालय सङ्ख्या | ० | ४ | ६ | ११ | १६ | २२ |
| ८ | सार्वजनिक सुनुवाइ कार्यक्रम | ० | ११ | १६ | २२ | ३० | ४३ |

## ४.८.८ लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रमहरू

| शैक्षिक सुशासन तथा व्यवस्थापनसँग सम्बन्धित प्रस्तावित कार्यक्रमहरू | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | **Existing unit cost** | **Pro-posed unit cost** | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Tar-get)** | | | | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| विद्युतीय हाजिरी तथा सि.सि.टी भी. | ० | २७५ | ४०० | ५५० | ७५० | | २५ | ० | ११ | १६ | २२ | ३० |
| शैक्षिक सूचना व्यवस्थापन अनुदान | ० | २४० | २४० | २४० | २४० | | ५ | ० | ४८ | ४८ | ४८ | ४८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना पाटी, गुनासो पेटीका व्यवस्थापन | ० | २२ | ३२ | ४४ | ९६ | | २ | ० | ११ | १६ | २२ | ४८ |
| नागरिक बडापत्र निर्माण | ० | ३० | ४८ | ४८ | ४८ | | १ | ० | ३० | ४८ | ४८ | ४८ |
| अभिभावक भेला तथा सार्वजनिक सुनुवाई | ० | ४८० | ४८० | ४८० | ४८० | | १० | ० | ४८ | ४८ | ४८ | ४८ |

# परिच्छेद ५

# स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

## ५.१ वर्तमान अवस्था

गाउँपालिकाले हालसम्म आफ्नो वार्षिक नीति तथा कार्यक्रम तथा वार्षिक बजेट मार्फत शिक्षा क्षेत्रका आवश्यकताहरूलाई संबोधन गर्दै आइराखेको छ। हालसम्म कुनै पनि गाउँ शिक्षा योजना निर्माण नगरेतापनि शिक्षा क्षेत्रका आवश्यकताहरूलाई व्यवस्थित रूपमा समाधान गर्ने खोजी गरिराखेको सन्धर्वमा यस आवधिक गाउँ शिक्षा योजना निर्माणमा गाउँपालिका अग्रसर भएको छ। शिक्षा क्षेत्रमा गाउँपालिकाको ठुलो हिस्सा लगानी हुने भएता पनि गाउँपालिकाको शिक्षा क्षेत्रमा सेवा प्रदान गर्ने कर्मचारीहरूको अभाव देखिएको छ। हाल गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा जम्मा दुई दरबन्दी हुने व्यवस्था भएतापनि शिक्षा अधिकृतको पद रिक्त हुनुले थप समस्याको संकेत गरेको छ। तथापी गाउँपालिकाले स्थानीय आवधिक गाउँ शिक्षा योजना मार्फत प्रस्तावित कार्यक्रमहरूलाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्नेछ। योजनामा उल्लेखित कार्यक्रमहरूको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गरिनेछ। यस आवधिक योजनाको आधारमा गाउँपालिकाले अन्य शिक्षा विकासका साझेदारहरूसँग समन्वय र सहकार्य गर्नेछ। गाउँपालिकाले हालसम्म सयौं शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन गरिसकेको छ। आ.व. २०८०/८१ देखि आ.व.२०८१/०८२ सम्म देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयन भएको अवस्था छ।

| सि.नं. | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|
| १ | अध्यक्षसँग विद्यार्थी कार्यक्रम | |
| २ | अभिभावकसँग उपाध्यक्ष कार्यक्रम | |
| ३ | सेमी होस्टेल कार्यक्रम | |
| ४ | शैक्षिक पर्दर्शनी कार्यक्रम | |
| ५ | एक विद्यालय एक कम्प्युटर कार्यक्रम | |
| ६ | कस्टमाइज्ड तालिम | |
| ७ | शैक्षिक सामग्री निर्माण कार्यशाला | |
| ८ | संस्थागत क्षमता सुधार कार्यक्रम | |

| | | |
|---|---|---|
| ९ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यक्रम | |
| १० | रियल कार्यक्र | |
| ११ | युवा संसद कार्यक्रम | |
| १२ | यवा स्वयमसेवक निर्माण तथा परिचालन कार्यक्रम | |
| १३ | युवाका मुद्दामा बहस तथा पैरवी कार्यक्रम | |
| १४ | दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यक्रम | |
| १५ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | |
| १६ | दिवा खाजा कार्यक्रम | |
| १७ | स्यानिटरी प्याड वितरण कार्यक्रम | |
| १८ | ऐन नियमावली संशोधन तथा छपाई कार्यक्रम | |
| १९ | छात्रवृत्ति वितरण | |
| २० | पाठ्यपुस्तक वितरण | |
| २१ | डिजिटल सामग्रीको लागि अनुदान वितरण | |
| २२ | कार्यसम्पादनमा आधारित अनुदान | |
| २३ | शिक्षक बैंक निर्माण तथा कार्यान्वयन | |
| २४ | अस्थायी तथा करार शिक्षक तथा कर्मचारी छनोट तथा पदस्थापन | |
| २५ | स्थायी शिक्षक पदस्थापन | |
| २५ | अतिरिक्त क्रियाकलाप सञ्चालन | |
| २६ | एकिकृत विद्यार्थी मूल्याङ्कन पुस्तिका निर्माण, छपाइ र वितरण | |
| २७ | हाम्रो मालिका पाठ्यपुस्तक छपाइ तथा वितरण | |
| २८ | गाउँपालिकाको क्यालेण्डर छपाई तथा वितरण | |
| २९ | शिक्षक तथा कर्मचारीको तलब भत्ता | |
| ३० | आइ सि टी स्रोत शिक्षक तालिम | |
| ३१ | तहगत इन्चार्जहरू नियुक्ति | |
| ३२ | प्र.अ.सँगको कार्यसम्पादन सम्झौता | |

| | | |
|---|---|---|
| ३३ | सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमको अनुगमन तथा सहजीकरण | |
| ३४ | कक्षा ८ र ५ को परीक्षा सञ्चालन, नतिजा प्रकाशन र पुरक परीक्षाको व्यवस्थापन | |
| ३५ | ऐन नियम संशोधन तथा छपाई | |
| ३६ | पाठ्यपुस्तक तथा पाठ्यक्रममा संलग्न शिक्षक तथा कर्मचारीहरूको लागत साझेदारीमा शैक्षिक अवलोकन भ्रमण | |
| ३७ | इमिस तालिम सम्पन्न तथा इमिस सत्यापन | |
| ३८ | हरित विद्यालय कार्यक्रम | |
| ३९ | देवीस्थान मा.वि., घमिरको विद्यालय मर्मत (प्रदेश योजना) को अनुगमन तथा भुक्तानी | |
| ४० | शिक्षक मेन्टरिङ | |

आ.व. २०८१/०८२ मा गाउँपालिकाका कार्यक्रमहरूको लागि रू५९ लाख विनियोजन भएको तथा वडाको बजेट सिलिङबाट पनि शिक्षा क्षेत्रमा बजेट तर्जुमा गरिएको अवस्था छ।

## ५.२ चुनौती

१. गाउँ शिक्षा योजना निर्माण गरी व्यवस्थित शैक्षिक विकास गर्न जनशक्तिको अभाव रहेको,

२. आवश्यकता र स्रोत साधनबिच ठुलो खाडल रहेको,

३. बाल मैत्री भौतिक पुर्वाधार, विपद तयारी लगायतका विषयमा निरन्तर एकै रफ्तारले काम गर्नुपर्ने तर स्थानीय आवश्यकताअनुसार संघ तथा प्रदेशबाट बजेट प्राप्त नहुने,

४. शिक्षा क्षेत्रमा चरम राजनितीकरण भएको हुँदा एक कार्यकालमा सञ्चालनमा रहेका दीर्घकालीन योजना समेत जनप्रतिनिधी परिवर्तन हुँदा निरन्तरतामा क्रमभङ्गता हुने खतरा

## ५.३ अवसरहरू

१. गाउँ शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता महसुस प्रत्येक जनप्रतिनिधि तथा सरोकारवालाहरूमा हुनु,

२. विद्यालय शिक्षाको राष्ट्रिय स्तरको योजना विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेकोले संघीय तथा प्रदेशस्तरका योजनाहरूसँग स्थानीय शिक्षा कार्यक्रमहरूलाई मिलान गर्नुपर्ने देखिएकोले स्थानीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता देखिएको,

## ५.४ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

२. शिक्षा योजनामा समावेस भएका कार्यक्रमहरूलाई गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रमहरूमा संलग्न गरी विस्तारै कार्यान्वयन गर्नु,

३. गाउँ शिक्षा योजनालाई शिक्षा विकासको मेरूदण्डको रूपमा विकास गर्नु,

## ५.५ रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।

